सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ कात्तिक २०८०, बुधबार (18 Oct 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

गैरआवासीय नेपालीले पाउन थाले नागरिकता



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुल आचार्य र कार्यकारी अध्यक्ष बद्री केसीलाई गैरआवासीय नागरिकता प्रदान गरेका छन् ।

अनलाइनमार्फत मतदाता नामावली दर्ता गर्न सक्ने

मुना कुँवर/नयाँ पत्रिका

संविधान जारी भएको आठ वर्षपछि संवैधानिक व्यवस्थाअनुसार गैरआवासीय नेपाली (एनआरएन)लाई नागरिकता वितरण थालिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार बालुवाटारमा आयोजित कार्यक्रममा दुई एनआरएनलाई नागरिकताको प्रमाणपत्र प्रदान गरेका हुन् ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुल आचार्यले आइतबार जिल्ला प्रशासन कार्यालय पर्वतबाट नागरिकता लिएका थिए । एनआरएनको हैसियतमा पहिलो नागरिकता लिएपछि अध्यक्ष आचार्यले सम्पूर्ण गैरआवसीय नेपाली समुदायका लागि गौरव, हर्ष र सफलताको क्षण भएको भन्दै सरकार र राजनीतिक दलहरूलाई धन्यवाद दिए । नागरिकता प्राप्त गर्ने अर्का व्यक्ति एनआरएनएका कार्यकारी अध्यक्ष डा. बद्री केसी हुन् । उनले सोमबार नागरिकता लिएका थिए । केसीले सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गरे । अब गैरआवासीय नागरिकता लिन चाहने गैरआवासीय नेपालीलाई प्रक्रिया पुऱ्याएर नागरिकता प्रमाणपत्र दिने बाटो खुलेको छ । यसअघि गैरआवासीय नेपालीले परराष्ट्र मन्त्रालयबाट जारी हुने परिचयपत्र मात्रै पाउँथे ।



■ नेपालको समृद्धिमा योगदान गर्न एनआरएनलाई राष्ट्रपतिको आह्वान

(विस्तृत पृष्ठ ९)

विश्वका विभिन्न मुलुकमा करिब १५ लाखभन्दा बढी एनआरएन रहेको गृह मन्त्रालयको अनुमान छ । गैरआवासीय नेपाली नागरिकतावाहकले कुनै पनि चुनावमा लड्न तथा सरकारी पदमा बस्न पाउँदैन । मतदानका लागि नेपाली नागरिकतासमेत नत्यागेको प्रमाण पेस गर्नुपर्ने हुन्छ । उनीहरूले सम्पत्ति भने दुवै देशमा राख्न पाउँछन् ।

» पृष्ठ ११ मा क्रमशः

■ १५ लाखभन्दा बढी एनआरएन रहेको गृहको अनुमान

विश्वका विभिन्न मुलुकमा १५ लाखभन्दा बढी एनआरएन रहेको गृह मन्त्रालयको अनुमान छ । गैरआवासीय नेपाली नागरिकतावाहकले कुनै पनि चुनावमा लड्न तथा सरकारी पदमा बस्न पाउँदैन । मतदानका लागि नेपाली नागरिकतासमेत नत्यागेको प्रमाण पेस गर्नुपर्ने हुन्छ । उनीहरूले सम्पत्ति भने दुवै देशमा राख्न पाउँछन् ।

■ मतदानमा सहभागी हुन नेपाली नागरिकता नत्यागेको स्वघोषणा गर्नुपर्ने

विदेशमा रहेका नेपाली नागरिकले नेपालमा हुने निर्वाचनमा सहभागी हुनका लागि नेपाली नागरिकता नत्यागेको स्वघोषणा गर्नुपर्नेछ । विदेशमा रहेका नेपाली नागरिकको मस्यौदा दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को मस्यौदाअनुसार विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको हो । इच्छुक व्यक्तिले आफू नेपाली नागरिक भएको स्वघोषणा गर्नुपर्नेछ । साथै, नेपालको नागरिकता त्याग गरेको तथा रद्द भएको छैन भनी घोषणा गर्नुपर्नेछ । त्यस्तै, नेपालबाहेक कुनै देशको स्थायी बसोवास अनुमतिपत्र वा नागरिकता लिएको छैन भनेर पनि घोषणा गर्नुपर्नेछ । गाउँपालिका वा नगरपालिकाको कुनै पनि वडाको मतदाता नामावलीमा नाम दर्ता नभएको, नेपाली मूलको विदेशी नागरिक नभएको, राहदानी र श्रम स्वीकृति भएको स्वघोषणा गर्नुपर्नेछ ।

मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न र त्यस्तो विषयमा आवश्यक निर्देशन दिन, समन्वय तथा अनुगमन गर्न एक समिति गठन गरिने पनि मस्यौदामा उल्लेख छ । जसमा आयोगको सचिव संयोजक रहनेछन् । आयोगको निर्वाचन व्यवस्थापन महाशाखा प्रमुख, आयोगकै सूचना प्रविधि शाखा प्रमुख, गृह मन्त्रालयका सहसचिव, परराष्ट्र मन्त्रालयका सहसचिव सदस्य रहनेछन् । त्यस्तै, मतदाता नामावली तथा निर्वाचन सञ्चालन आयोगका शाखा प्रमुख सदस्यसचिव रहने व्यवस्था छ ।

समितिले मतदाता नामावली दर्ता सम्बन्धमा आवश्यक सहजीकरण गर्ने, नीतिगत निर्णय गर्नुपरेमा आयोगसमक्ष सिफारिस गर्ने, समन्वय तथा अनुगमन गर्ने, छलफल र अन्तर्क्रिया गर्ने, मतदाता नामावलीलाई अन्तिम रूपमा दिने सम्बन्धमा तथ्यांक प्राप्ति, एकीकरणलगायत विषयमा आउन सक्ने समस्या सम्बोधन गर्नेछ ।

NIMB
नेपाल उनमेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संघ, प्रदेश र स्थानीय तहका २४ ठाउँमा जनप्रतिनिधि रिक्त

आयोगले थाल्यो उपनिर्वाचनको तयारी, आयोगको सिफारिसमा सरकारले गर्नेछ निर्वाचनको मिति घोषणा



● दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त

माघमा राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ । त्यसपछि उपनिर्वाचनको तयारीमा लाग्छौं । मैले बुझेअनुसार वैशाखसम्ममा गर्नुपर्छ कि भन्ने छ । मिति घोषणा भएपछि आयोग तयारै छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

स्थानीय तह, प्रदेश सभा र संघीय संसद्का २४ स्थानमा जनप्रतिनिधिको पद रिक्त भएको छ । निर्वाचन आयोगको सिफारिसमा सरकारले मिति घोषणा गरेपछि रिक्त स्थानमा उपनिर्वाचन हुनेछ । आयोग त्यसको तयारीमा छ । ०७९ वैशाखमा स्थानीय तह र मंसिरमा प्रदेश सभा र संघीय संसद्को निर्वाचन भएको थियो ।

दल त्याग प्रयोजनमा रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साह सोमबार पदमुक्त भएसँगै देशभर २४ स्थानमा जनप्रतिनिधिको पद रिक्त भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार प्रतिनिधिसभा सदस्य एक, प्रदेश सभा सदस्य एक, जिसस प्रमुख दुई, नगरपालिका प्रमुख एक, गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, वडाध्यक्षको १७ पद रिक्त भएको छ ।

आयोगको तथ्यांकअनुसार संघीय संसद्तर्फ प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको हृदयाघातबाट निधन भएपछि उनी निर्वाचित इलाम क्षेत्र नम्बर २ रिक्त भएको छ । यसैगरी सवारी दुर्घटनामा परी प्रदेश सभा सदस्य एवं सुदूरपश्चिम प्रदेशका कानुनमन्त्री पृथ्वीबहादुर सिंहको निधन भएसँगै उनी निर्वाचित बभाङ १ (१) रिक्त भएको आयोगले जनाएको छ ।

जिल्ला समन्वय समिति कैलालीका प्रमुख पदमबहादुर कलेल अधिल्लो पुसमा

» पृष्ठ ११ मा क्रमशः

कहाँ-कहाँ छन् पद रिक्त ?

संघ
इलाम २



संविधानसभा अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य सुवास नेम्वाङको हृदयाघातबाट निधन भएपछि उनी निर्वाचित इलाम क्षेत्र नम्बर २ रिक्त भएको छ

कैलाली र ओखलढुंगा
जिसस प्रमुख


कलेल


खनाल

कैलाली प्रमुख पदमबहादुर कलेल र ओखलढुंगा प्रमुख डिल्लीराम खनालको निधन भएकाले दुवै पद रिक्त

अध्यक्ष
महाबु गाउँपालिका



दैलेखको महाबु गाउँपालिका अध्यक्ष लछुमन गुरुङको उच्च रक्तचापका कारण गत माघमा निधन भएपछि पद रिक्त

अध्यक्ष
मौलापुर नगरपालिका



एमालेबाट निर्वाचित रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साह दल त्याग गरेपछि २९ असोजमा पदमुक्त

सुदूरपश्चिम
बभाङ १ (१)



सवारी दुर्घटनामा परी प्रदेश सभा सदस्य एवं सुदूरपश्चिम प्रदेशका तत्कालीन कानुनमन्त्री पृथ्वीबहादुर सिंहको निधनपछि बभाङ १ (१) रिक्त छ

उपाध्यक्ष
गौरीशंकर गाउँपालिका



दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष श्यामसुन्दर तामाङको हृदयाघातबाट निधन भएपछि पद रिक्त छ

■ १७ वडाध्यक्ष

- गढी गाउँपालिका- ६ (सुनसरी)
- त्रियुगा नगरपालिका- १२ (उदयपुर)
- इशनाथ नगरपालिका- ७ (रौतहट)
- राजपुर नगरपालिका- ६ (रौतहट)
- कीर्तिपुर नगरपालिका- ४ (काठमाडौं)
- काठमाडौं महानगर- १६ (काठमाडौं)
- ककनी गाउँपालिका- २ (नुवाकोट)
- हेटौंडा उपमहानगर- १२ (मकवानपुर)
- गोरखा नगरपालिका- ५ (गोरखा)
- मुसीकोट गाउँपालिका- १ (गुल्मी)
- रुन्टीगढी गाउँपालिका- ४ (रोल्पा)
- ठाकुरबाबा नगरपालिका- ४ (बर्दिया)
- तिलागुफा नगरपालिका- ४ (कालिकोट)
- कुशे गाउँपालिका- ७ (जाजरकोट)
- दुहुँ गाउँपालिका- ५ (दार्चुला)
- सुर्मा गाउँपालिका- ४ (बभाङ)
- पूर्वीचौकी गाउँपालिका- ६ (डोटी)

राष्ट्रिय सभा निर्वाचनको तयारीमा आयोग

अध्यक्ष गणेश तिमिल्सिनासहित २० जनाको पद रिक्त हुँदै

०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेका २० जना राष्ट्रिय सभा सदस्यको कार्यकाल २० फागुनमा सकिँदै छ । पदावधि सकिनुभन्दा ३५ दिनअगावै निर्वाचन सम्पन्न गर्नुपर्ने राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनमा व्यवस्था छ । माघभित्रै निर्वाचन गर्ने गरी तिहारपछि मिति घोषणा हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।



● आगामी २० फागुनमा पदावधि सकिने सांसद

अध्यक्ष- गणेश तिमिल्सिना

कांग्रेस- मुख्य सचेतक अनिता देवकोटा, संसदीय दलका नेता रमेशजंग रायमाझी, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देव

एमाले- प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, इन्दु कडरिया, खिमलाल भट्टराई, दीपा गुरुङ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा (पार्वती), नरपति लुवार, रामचन्द्र राई र राष्ट्रपतिबाट मनोनीत विमला राई पौड्याल

माओवादी- विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी

एकीकृत समाजवादी- नन्दा चपाईं र सिंगबहादुर विश्वकर्मा

जसपा- शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादव

स्वतन्त्र- खिमलाल देवकोटा

विशेष अदालतले २१ वर्षपछि पायो नियमावली

गोलाबाटै पेसी तोकिने



शिल्पा कर्ण/नयाँ पत्रिका

ऐन आएको २१ वर्षपछि विशेष अदालत नियमावली जारी भएको छ । २५ असोजमा नेपाल राजपत्रमा प्रकाशित भएसँगै विशेष अदालत नियमावली, २०८० लागू भएको हो ।

नयाँ नियमावलीमा गोलाप्रथाबाटै पेसी तोकिने व्यवस्था गरिएको छ । हालसम्म विशेष अदालतमा प्रशासनबाट आएका मुद्दाहरूको सूचीअनुसार इजलास तोक्ने गरिएकोमा गोलाबाट तोक्ने गरी नियमावली बनाइएको हो । नियम ४ मा इजलास तोक्ने व्यवस्था छ । जसमा अध्यक्षले गोला प्रक्रियाबाट इजलास तोक्ने प्रबन्ध मिलाउने जनाइएको छ । अदालतले गोलाको कार्यविधि निर्धारण गर्नेछ ।

यसअघि फैसला भए पनि अभियुक्तहरू खुलेआम हिँड्ने गरेकोमा नियमावलीले त्यसलाई व्यवस्थित गरेको छ । नियम ५७ मा फैसला भएपछि गर्नुपर्ने कारबाहीबारे उल्लेख छ । नियम ५७ (१) मा भनिएको छ, 'फैसलाले कैद वा जरिवाना लागेको व्यक्ति उपस्थित भएमा तत्कालै पक्राउ गरी लगत

» पृष्ठ ११ मा क्रमशः

इजरायलबाट थप १८ नेपालीको उद्धार

नयाँ पत्रिका

अशान्त अवस्थाको इजरायलबाट मंगलबार १८ जना नेपालीलाई उद्धार गरिएको छ । इजरायलस्थित नेपाली राजदूतावासले प्रेस विज्ञप्तिमार्फत तेलअभिभस्थित बेन गुरिन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत सरकारको सहयोगमा नेपालीको उद्धार भएको जनाएको छ ।

भारतीय विदेशमन्त्री डा. एस जयशंकरले २६८ जना भारतीय नागरिकसँगै १८ जना नेपालीको उद्धार भएको ट्विटरमा उल्लेख गरेका छन् । परराष्ट्रमन्त्री एनपी साउदले पनि उनीहरूको उद्धार भएको पुष्टि गरेका छन् ।

स्पाइस जेट एयरलाइन्सको उडान नम्बर एसजी ९९९६ बाट १८ जना नेपाली दिल्ली हुँदै बुधबार बिहान नेपाल आइपुग्नेछन् । उद्धारमा पर्नेमा नेपालीमध्ये चार विद्यार्थी, १३ कामदार र एक पर्यटक छन् । शुक्रबार नेपाल सरकारले २५३ जनाको उद्धार गरी काठमाडौं ल्याएको थियो ।

» पृष्ठ ११ मा क्रमशः

पोखरामा च्याङ्ग्राको भाउ ६० हजारसम्म

मासु पसलमा प्रतिकिलो तीन हजार रुपैयाँसम्ममा बिक्री, उपभोक्ता भन्छन्- कसरी खानु ?



पोखरामा रोहितराज पराजुली

दसैँ भित्रिएसँगै हिमाली क्षेत्रबाट बिक्रीका लागि पोखरामा भेडा-च्याङ्ग्रा ल्याउन थालिएको छ । तर, भाउ भने एक वर्षमै १५ हजारसम्मले वृद्धि भएको छ । एउटा च्याङ्ग्रा ६० हजारसम्म र भेडा ४० हजारसम्ममा बिक्री भइरहेका छन् ।

मूल्य बढेसँगै प्रत्यक्ष मारमा उपभोक्ता परेका छन् । हाल पोखराका फ्रेस हाउसहरूले च्याङ्ग्राको मासु प्रतिकिलो तीन हजार रुपैयाँसम्ममा बिक्री गरिरहेका छन् । खसी-बोकाको मासुको मूल्य भने प्रतिकिलो १३ सय रुपैयाँ छ । 'भाउ सुनेर नै तर्सिनुपर्ने अवस्था रै'छ । साथीभाइ मिलेर किन्न आएका थियौं, भाउ छुनै नसकिने रहेछ,' च्याङ्ग्रा खरिद गर्न आएका पोखरा- ३० का लेखनाथ लामिछानेले भने, 'केही दिन हेर्रौं, भाउ कस्तो हुन्छ ? सोचेभन्दा मूल्यमा धेरै फरक रहेकाले हेरेर मात्र फर्किर्यौं । दुई-तीन दिनपछि फेरि आउँदा मूल्य घटे च्याङ्ग्रा नै लैजान्छौं, नत्र यस वर्ष खसीको मासु खानुपर्ला ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले भने काठमाडौंमा च्याङ्ग्राको मूल्य प्रतिकिलो (जिउँदो) एक हजार दुई सय ५० रुपैयाँ तोकेको छ । तर, उसले बिक्री गर्न रसुवाबाट तीन सय ५८ च्याङ्ग्रा मात्र ल्याएको छ । बजारमा भने निकै महँगो हुने गरेको छ ।

कोभिड महामारीअघिसम्म दसैँताका पोखरामा ४० हजारको हाराहारीमा भेडा-च्याङ्ग्रा आउने गरेकोमा अहिले मुस्किलले १७ हजारजति आउने गरेको व्यापारी रमेश श्रेष्ठले बताए । कोभिडयता तिब्बती च्याङ्ग्रा आउन छाडेपछि भाउ बढेको हो । 'मुस्ताङमै भाउ छोइनसक्नु छ, अघिल्लो वर्षको तुलनामा एउटैको १५ हजारसम्म बढी मूल्य परिरहेको छ,' उनले भने । नाका बन्द हुँदा

» पृष्ठ ११ मा क्रमशः



आफूखुसी फुली लगाउने ४२ नगर प्रहरीको पक्षमा जनप्रतिनिधि, विपक्षमा कर्मचारी

सुशासन समितिका संयोजकले भने- नगर प्रहरीको निलम्बन फुकुवा छिटो गर्नू

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाका जनप्रतिनिधिले आफूखुसी फुली लगाउने नगर प्रहरीको निलम्बन फुकुवा छिटो गर्नुपर्ने बताएका छन् । मंगलबार भएको कार्यपालिका बैठकमा वडा २६ का वडाअध्यक्ष तथा सुशासन समितिका संयोजक ख्यामराज तिवारीले चाडबाड नजिकिएकाले एकपटकलाई सचेत गराएर उनीहरूको निलम्बन फुकुवा गरिदिनुपर्ने बताएका हुन । 'दसैंको मुखमा निलम्बनमा बसेका नगर प्रहरी हवल्दारहरूले कसरी दसैं मनाउने ? आगामी दिनमा यस्ता क्रियाकलाप रोक्न सचेत गराउँदै निलम्बन फुकुवा गर्नुपर्छ,' तिवारीले भने ।

महानगरले आफूखुसी असइको फुली लगाउने ४२ नगर प्रहरीलाई ३० दिनका लागि गत २७ भदौमा निलम्बन गरेको थियो । उनीहरू २५ असारमा बढुवा भएका थिए । बढुवा गरे पनि दर्ज्यानी चिह्न प्रदान नगरेकाले उनीहरू आफैंले फुली किनेर लगाएका थिए ।

● छुट दिए चेन अफ कमान्डले कसरी काम गर्छ ?

जनप्रतिनिधि नगर प्रहरीको पक्षमा देखिए पनि कर्मचारी भने उनीहरूको विपक्षमा छन् । बैठकमा प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले अनुशासनहीन काम गर्दै गरेकालाई छुट दिँदै जाने हो भने चेन अफ कमान्डले काम गर्न नसक्ने बताए । 'नगर प्रहरी हवल्दारलाई तेस्रो तहबाट चौथो तहमा पदोन्नति गर्ने कानुनअनुसार र सम्मानित अदालतको आदेशअनुसार बढुवा गर्नैं । तर, पद नाम दिने कुरा छैन । पद नाम र तह वृद्धि फरक विषय हो । फुली लगाउने फरक विषय हो । फुली कसैले लगाइदिएन भनेर बाटोमा, पार्टी प्यालेसमा, चौरमा आफूखुसी फुली किनेर लगाउनु दण्डनीय हो । त्योअनुसार महानगरले कानुनअनुसार कारबाही गरेको हो,' अधिकारीले भने, 'अनुशासनमा बस्नुपर्ने नगर प्रहरीलाई हिजोका दिन तास खेल्दै गरेकालाई पनि छुट दियौं । अनुशासनहीन काम गर्दै गरेकालाई पनि छुट दिँदै जाने हो भने महानगरको नेतृत्व गरेको मान्छेले चेन अफ कमान्डमा कसरी काम गर्न सक्छ ?'



मंगलबार सुरु भएको काठमाडौं महानगरपालिकाको २३औं कार्यपालिका बैठक

उनले ४२ नगर प्रहरीमध्ये सातजनाको भने भोलि निलम्बन फुकुवा हुने बताए । 'मैले ४० जनालाई नै बारम्बार अनुरोध गर्नैं, बाटोमा, पार्टी प्यालेसमा, चौरमा आफूखुसी फुली लाएर गल्ती गर्‍यौं भनेर लिखित रूपमा माफी माग्न । लिखित रूपमा माफी मागेमा सबैको निलम्बन फुकुवा गर्छौं भन्दा पनि सातजनाले मात्र लिखित पत्र दिनुभयो । अरूले संगठित भएर गैरकानुनी ढंगले प्रेसर सिर्जना गरिरहनुभएको छ । सातजनालाई आज वा भोलि निलम्बन फुकुवा गर्छु । बाँकीलाई प्रक्रियाअनुसार गर्न सहयोगको अपेक्षा गर्छु,' उनले भने ।



● **वसन्त अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका

नगर प्रहरी हवल्दारहरूलाई तेस्रो तहबाट चौथो तहमा पदोन्नति गर्ने कानुन र सम्मानित अदालतको आदेशअनुसार बढुवा गर्नैं । तर, पद, नाम दिने कुरा छैन । पद, नाम र तह वृद्धि फरक विषय हो । फुली लगाउने फरक विषय हो । फुली कसैले लगाइदिएन भनेर बाटोमा, पार्टी प्यालेसमा, चौरमा आफूखुसी फुली किनेर लगाउनु दण्डनीय हो । त्योअनुसार महानगरले कानुनअनुसार कारबाही गरेको हो ।

■ नगर प्रहरी प्रमुख पाण्डेको बढुवा

कार्यपालिका बैठकले राजुनाथ पाण्डेलाई नगर प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) मा बढुवा गरेको छ । सुशासन समितिको ३१ साउनको निर्णयअनुसार महानगर प्रहरी ऐनअनुसार अंकतालिकाका आधारमा महानगर प्रहरी बलमा कार्यरत प्रहरी उपरीक्षकको योग्यताक्रमका आधारमा तीन जनाको नाम सिफारिस भएको थियो । योग्यताक्रमअनुसार पाण्डे, विष्णुप्रसाद जोशी र दिनेशकुमार अर्याल थिए । जसमध्येबाट योग्यताक्रममा एक नम्बरमा रहेका पाण्डेलाई नगर प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा गरिएको हो ।

पाण्डेविरुद्ध एक महिला नगर प्रहरी हवल्दारले दुर्व्यवहार भएको भन्दै ९ मंसिरमा प्रमुख प्रशासकीय अधिकृत अधिकारी र उपमेयर सुनीता डंगोललाई निवेदन दिएकी थिइन् । उक्त उजुरीका आधारमा पुसमा छानबिन समिति गठनसमेत गठन भएको थियो । तर, उनलाई उल्टै ९ मंसिरमा मेयर बालेन्द्र साहले उत्कृष्ट काम गरेको भन्दै 'महानगर गौरव' पदकबाट पुरस्कृत गरे ।

पाटनका केही सम्पदा अझै त्रिपालमुनि



ललितपुर/ विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार क्षेत्रमा ऐतिहासिक सम्पदा धेरै छन् । ०७२ सालको भूकम्पले क्षति पुऱ्याएका अधिकांश सम्पदा पुनर्निर्माण भए पनि केही भने अझै पुनर्निर्माणको पर्खाइमा छन् ।

पुनर्निर्माणका लागि अन्योलमा रहेका जीर्ण सम्पदाहरू अझै पनि त्रिपालमुनि रहेका छन् । जीर्ण रहेका कतिपय सम्पदा कहिले र कसले पुनर्निर्माणको जिम्मा लिने भन्ने विषयमा अन्योल छ । पाटन दरबार क्षेत्रका कतिपय सम्पदाहरूलाई गुठी संस्थानले व्यक्तिगत व्यापारिक प्रयोजनका लागि भाडामा दिएको छ । स्थानीयहरूले भाडा तिरेर वर्षौंदेखि सम्पदालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गरेका छन् । ऐतिहासिक रूपमा रहेका सम्पदाहरू बर्सातको समयमा पानी चुहिने भएकाले छानामा त्रिपाल राखेको देखिन्छ ।

पाटन दरबार क्षेत्रको ऐतिहासिक तलेजु मन्दिरलाई पनि भूकम्पले क्षति पुऱ्याएको थियो । अन्य सम्पदा भूकम्पपछि पुनर्निर्माण भए पनि तलेजु मन्दिरको पुनर्निर्माण अझै सकिएको छैन । निर्माण थालनी भएको तलेजु मन्दिर पनि कामको ढिलासुस्तीका कारण त्रिपालमुनि रहेको छ । स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयका सूचना अधिकारी शारदा सिवाकोटीले अब काम चाँडै सकिने बताए ।

पाटन दरबार क्षेत्रमा रहेको ऐतिहासिक लामपाटी पनि जीर्ण अवस्थामा छ । लामपाटीको एकातिरको छाना पूरै त्रिपालले छोपिएको छ । ऐतिहासिक महत्त्वको लामपाटीलाई स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयले व्यापारिक प्रयोजनका लागि व्यक्तिलाई भाडामा दिएको छ । त्यहाँ एउटा होटेल र अन्य व्यवसाय सञ्चालन भइरहेको छ ।

लामपाटीको पनि पुनर्निर्माण प्रक्रियामा रहेको स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयका सूचना अधिकारी सिवाकोटीले बताए । उनका अनुसार ललितपुर महानगरपालिकाको आर्थिक सहयोगमा पुनर्निर्माण हुनेछ । पाटन दरबार संग्रहालय छेउमा रहेको ऐतिहासिक अदालत भवनमा पनि घाँस उम्रेको छ । घाँसले पुरिन आँटेको जीर्ण भवनको पुनर्निर्माण भारतीय राजदूतावासले जिम्मा लिएको छ । रासस

नयाँ बसपार्कमा 'हेल्थ डेस्क'

काठमाडौं/ दसैंमा घर जाने यात्रुलाई लक्षित गरी काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा 'हेल्थ डेस्क' स्थापना गरिएको छ । महानगर प्रहरी टोलीले यात्रुको स्वास्थ्य परीक्षणका लागि डेस्क स्थापना गरेको हो । महानगर प्रहरीका प्रहरी नायब उपरीक्षक पूर्णचन्द्र भट्टले हेल्थ डेस्कमार्फत उच्च रक्तचाप जाँच, प्राथमिक स्वास्थ्योपचार र आवश्यक औषधि वितरण गरिएको बताए ।

हेल्थ डेस्कमा काठमाडौं महानगरपालिका वडा नं २६ को टोली खटाइएको छ । उहाँले दुई दिनमा पाँच सयभन्दा बढी यात्रुले स्वास्थ्य सेवा लिएको बताए । यस्तै महानगरपालिकाको टोलीले नयाँ बसपार्कमा यात्रुका लागि पिउने पानीको समेत व्यवस्था मिलाएको छ ।

नयाँ बसपार्क सञ्चालनको जिम्मा लिएको लोत्से बहुउद्देश्यीय प्रालिका प्रवक्ता पंकज मल्लले अहिले दैनिक नयाँ बसपार्कबाट ३० हजार यात्रु काठमाडौंबाट बाहिर गएको बताए । उनले आगामी एक-दुई दिनमा उक्त संख्या बढ्नेसमेत उल्लेख गरे । अहिले दैनिक काठमाडौंको नयाँ बसपार्क भएर हजारौं सार्वजनिक बस देशका विभिन्न क्षेत्रमा ओहोरदोहोर गर्दै आएका छन् ।

सुरक्षित उपत्यका बनाउने अभियानमा प्रहरी



काठमाडौं/ काठमाडौं उपत्यका प्रहरी कार्यालयले सर्वसाधारणमा १० बुँदे अपिल जारी गर्दै सचेत हुन अनुरोध गरेको छ । चाडबाडका वेलामा सुरक्षा सतर्कता अपनाई आफू, आफ्नो परिवार, छिमेक, समाज र समग्र काठमाडौं उपत्यकालाई सुरक्षित उपत्यका बनाउने अभियानमा हातेमालो गर्न पनि प्रहरीले सबैमा आग्रह गरेको छ ।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले सर्वसाधारणमा सचेतना र चनाखो हुनका लागि अपिल जारी गरिएको जानकारी दिए । उनका अनुसार प्रहरीले बाटोमा हिँड्दा वा अन्य ठाउँमा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान अनुरोध गरेको छ । जारी अपिलमा नगद, बहुमूल्य सामान, गरगहना र महँगा मोबाइल फोनसहित भिडभाडमा सकेसम्म नजान, घर तथा पसलबाहिर जानुपरेमा घरको झ्यालढोका राम्रोसँग बन्द गरेको छ-छैन यकिन गर्न र सकेसम्म साइरनजडित ताल्चा जडान गर्न, लामो समय घर, पसल छोडी बाहिर जानुपरेमा छिमेकी तथा स्थानीय प्रहरीलाई खबर गर्न भनिएको छ ।

यस्तै सकेसम्म डिजिटल प्रविधिमार्फत रकमको कारोबार गर्न, आफ्नो मोबाइल बैंकिङको पासवर्डलगायत हरदम गोप्य राख्न, चेकबाट कारोबार गर्नुपर्ने अवस्थामा आफ्नो रकमले भ्याउने अंकको मात्र चेक जारी गर्न तथा सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत तथा यात्राको विवरण अद्यावधिक नगर्न अनुरोध गरिएको छ ।लंगुरबुर्जा, तास, जुवालगायतका हारजित हुने खेल खेल्दा उठीबास हुन सक्नेतर्फ सचेत बनौं, मादक पदार्थ सेवन (मापसे), लागुपदार्थ सेवन (लापसे) गरी सवारी नचलाउन, ट्राफिक नियमको पालना गर्न पनि प्रहरीले अनुरोध गरेको छ । उपत्यका प्रहरीले तालिमप्राप्त कुकुर र ड्रोनको समेत प्रयोग गरेर उपत्यकामा सुरक्षा निगरानी बढाएकाले ढुक्कसँग चाडपर्व मनाउन पनि अनुरोध गरेको छ ।

गोंगबु बसपार्कस्थित सडकका जेब्राक्रसिङ मर्मत

काठमाडौं/ सुदूरपश्चिम-काठमाडौं एकता समाजले चाडपर्वमा हुन सक्ने दुर्घटना न्यूनीकरणका लागि गोंगबु बसपार्क क्षेत्रको रिङरोड सडकमा विभिन्न जेब्राक्रसिङ मर्मत गरेको छ । दसैं-तिहार चाडपर्वको अवसरमा यात्रुहरू आवतजावत गर्दा काठमाडौंको नयाँ बसपार्कस्थित मुख्य सडकको जेब्राक्रस मेटिँदा दुर्घटनाको जोखिम बढेको भन्दै समाजले स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरी समाजले मर्मत गरेको हो ।

मेटिएका जेब्राक्रसिङमा रङरोगन गरी मर्मत गरिएको समाजका सदस्य मोहनसिंह ठकुरीले बताए । 'यसले यात्रुहरूलाई आवतजावत गर्न सजिलो हुने र दुर्घटनाबाट समेत बचाउन मद्दत पुग्नेछ,' उनले भने ।

जेब्राक्रसिङ मर्मतमा समाजका सदस्यहरू केशर बोगटी, चक्रबहादुर कार्की, टेकेन्द्र कुँवर, भरत साउद, राजेन्द्र जोशी, जय कुँवर, देव भट्ट, रिकेश कुँवर, जानु विष्ट, सीता गजुरेल, विकास श्रेष्ठ, मदन ठगुन्ना, पूर्ण रावललगायतले योगदान गरेका थिए ।

डि.स.का. द.नं. २१५८/०६५/६६

हसना भास्तिपुर
बचत तथा ऋण सहकारी संस्था लि.
NEFSCUN
च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८०/०७/०१ गते

यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरुको ऋण लिँदा गरिदिएको लिखित तथा शर्तनामामा तोकिएको अनुसार बुझाउनु पर्ने सावाँ, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा ऋणीले तिर्न बुझाउन पर्ने साँवा, ब्याज, हर्जना रकम समेत खुलाई पटकपटक तरकाकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्ता फर्छ्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एंव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासंगोलको परिवारको नाँउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/ जमानीकर्तालाई कालो सुचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिलः

ऋण सकार्नेको तीन पुस्ते विवरण र फोटो	धितो बन्धकिको तीन पुस्ते विवरण र फोटो
नाम : उत्तम प्रसाद सेढाइ सं.नं. : २७३६ सा. ठेगाना : काभ्रे खरेलथोक -२ हाल ठेगाना : चन्द्रागिरि-५ मच्छेगाँउ ना.प्र.नं. : १६२३, ५१ वर्ष बुबाको नाम : विष्णु प्रसाद सेढाई बाजेको नाम : जागेश्वर सेढाई	नाम : पुतली सेढाई सा. ठेगाना : काभ्रे खरेलथोक -२ हाल ठेगाना : चन्द्रागिरि-५ मच्छेगाँउ ना.प्र.नं. : ३/७२२ बुबाको नाम : हरि प्रसाद सिल्वाल बाजेको नाम : निल कण्ठ सिल्वाल
ऋणीको तीन पुस्ते विवरण र फोटो	**धितोवाला/जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**
नाम : राम चन्द्र कुँवर स.नं ०२१२६ सा. ठेगाना : ललितपुर चापागाउँ ५ हाल ठेगाना : थानकोट-५, काठमाडौं ना.प्र.नं. : १८०५ बुबाको नाम : पूर्ण बहादुर कुँवर बाजेको नाम : काले कुँवर	नाम : सगिता कुँवर सा. ठेगाना : ललितपुर चापागाउँ ५ हाल ठेगाना : थानकोट-५, काठमाडौं ना.प्र.नं. : २८०४८ बुबाको नाम : नारायण के.सी पतिको नाम : राम चन्द्र कुँवर
नाम : सुरेश कुमार गोपाली स.नं.: ०२१५२ सा. ठेगाना : थानकोट-५ काठमाडौं हाल ठेगाना : थानकोट-५ काठमाडौं ना.प्र.नं. : १४३४ बुबाको नाम : तेज मान गोपाली बाजेको नाम : सूर्य मान गोपाली	
नाम : टिकानाथ गजुरेल सं.नं. ०२-००१-००५१० सा. ठेगाना : गणेशस्थान १, नुवाकोट हाल ठेगाना : कलंकी, काठमाडौं ना.प्र.नं. : ६५६४४, ३५ वर्ष बुबाको नाम : हरि प्रसाद गजुरेल बाजेको नाम : सुर्यकान्त गजुरेल	
नाम : अवतार सिंह तामाङ सं.नं. ०२-००१-००००३ सा. ठेगाना : कलंकी, काठमाडौं हाल ठेगाना : कलंकी, काठमाडौं ना.प्र.नं. : १८५८-०४७-४८, ५१ वर्ष बुबाको नाम : होम बहादुर तामाङ बाजेको नाम : दिल बहादुर तामाङ	
नाम : ध्रुव रत्न मानन्धर सं.नं. ०२-००१-००८११ सा. ठेगाना : किर्तिपुर ४, काठमाडौं हाल ठेगाना : किर्तिपुर ४, काठमाडौं ना.प्र.नं. : ६१२/१२०५/६२१३, ६६ वर्ष बुबाको नाम : रत्न बहादुर मानन्धर बाजेको नाम : त्यू सिं मानन्धर	नाम : अष्ट कुमारी मानन्धर सा. ठेगाना : किर्तिपुर ४, काठमाडौं हाल ठेगाना : किर्तिपुर ४, काठमाडौं ना.प्र.नं. : ४३३८/६५१, ६६ वर्ष बुबाको नाम : रत्न दास मानन्धर पतिको नाम : ध्रुव रत्न मानन्धर

काठमाडौंका तीन स्थानका सडक आजबाट एकतर्फी हुँदै

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाका तीन सडक बुधबारदेखि एकतर्फी (वान वे) हुने भएको छ । महानगरका ट्राफिकविज्ञ जगतमान श्रेष्ठका अनुसार सडक एकतर्फी बनाउन सबै तयारी पूरा भइसकेको छ । 'एकतर्फी बनाउन आवश्यक ट्राफिक चिह्नहरू राखिसकेका छौं,' श्रेष्ठले भने, 'सडक एकतर्फी हुने ठाउँमा ट्राफिक चिह्नहरू त राखिएका छन् नै । केही दिन वान वे व्यवस्थापनका लागि ट्राफिक प्रहरी र नगर प्रहरीको टोलीसमेत खटिनेछन् ।'

काठमाडौं र ललितपुर जोड्ने सेतोपुल, गुसिंगाल, मिलनमार्ग हुँदै त्रिपुरेश्वर पुग्ने सडकमा त्रिपुरेश्वरबाट त्यो खण्डमा प्रवेश गर्न पाइँदैन । यस्तै, जमल र दरबारमार्गबाट रत्नपार्क आउँदा त्रिचन्द्र क्याम्पसअगाडिबाट बायाँ मोडेर गणेशस्थान, प्रज्ञाभवन हुँदै कमलादी मोडतर्फ आउन नपाइने बनाइएको छ । पुतलीसडकबाट काठमाडौं प्लाजा हुँदै हात्तीसारतर्फको सडकखण्डमा अब प्लाजाबाट बायाँ मोडिन पाइनेछैन । यहाँदेखि महेन्द्र सालिकसम्मको सडक एकतर्फी भएको छ ।



काठमाडौं प्लाजाबाट दरबारमार्गस्थित महेन्द्रको सालिकसम्म जाने सडक एकतर्फी भएको छ

वडाका जनप्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय र महानगरपालिकाको संयुक्त प्रयासमा अहिले दोहोरो सवारी सञ्चालन भइरहेका ती सडकलाई एकतर्फी बनाउन लागिएको हो । ती सडकमा एकतर्फी व्यवस्थित रूपमा बनाउन सडक दसैंपछि मार्किङसमेत गरिने भएको छ । 'हाललाई नियमानुसार सञ्चालन गर्नका लागि ट्राफिक प्रहरी र नगर प्रहरीको टोलीलाई राख्छौं । केही समयपछि ती ठाउँमा ट्राफिक साइन, मार्किङ गर्छौं,' श्रेष्ठले भने । महानगरले यी सडकलाई एकतर्फी बनाउन तीन महिनाअघिदेखि गृहकार्य थालेको थियो ।

गण्डकी प्रदेश सरकार
यातायात व्यवस्था कार्यालय, सवारी
कास्की, पोखरा

सूचिकृत हुने आउने सम्बन्धी जरूरी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८०/०७/०१

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ (गण्डकी प्रदेश) को दफा १९१ तथा यातायात व्यवस्था कार्यविधि निर्देशिका, २०६०(संशोधित) मा कुनै सवारीको किसिम, इन्जिन, च्यासिस, रङ्ग, सिट, बडी निर्माण, सफटफ जडान वा अन्य विवरण हेरफेर गर्न मन्त्रालय/ यातायात व्यवस्था विभागबाट स्वीकृति प्रदान भएको वर्कसपबाट मात्र गर्नेगरी स्वीकृति दिनुपर्ने र यसरी स्वीकृति दिएको वर्कसपको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र आदि अध्यावधिक र नविकरण भएको हुनुपर्ने भन्ने व्यवस्था भएबमोजिम सो काम गर्ने उद्देश्य राखी स्थापना भइ सञ्चालनमा रहेका इच्छुक फर्म, कम्पनी, वर्कसप तथा कारखानाहरुले तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी रीतपूर्वक निवेदन सहित आ.व २०८०/८१ को लागि सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस कार्यालयमा सूचिकृत हुन यो सूचना जारी गरिएको छ । साथै यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयमा पूर्व सूचिकृत भएका कम्पनीहरुले समेत नविकरण गर्नुहुन अनुरोध छ । यसरी सूचिकृत वा नविकरण भएका कम्पनीहरु मार्फत मात्र सवारी हेरफेर, मर्मत, किनबेच तथा अन्य आवश्यक कारबाही हुने व्यहोरा समेत अनुरोध छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु (छाँयाप्रति)

१. वर्कसप दर्ता प्रमाणपत्र (नविकरण समेत)
२. स्थायी लेखा नम्बर प्रमाणपत्र
३. आ.व २०७९/८० को करचुक्ता प्रमाणपत्र
४. उल्लेखित कार्य गर्ने उद्देश्य खुलेको आधिकारिक कागजात ।

संक्षेपमा उपत्यका

पेप्सीकोला : काठमाडौं मनपा-३२, पेप्सीकोला बस्ने लक्ष्मण श्रेष्ठको घरबाट कोठा फुटाई प्रवेश गरेर मोबाइल, सुनका विभिन्न गहना र नगद गरी करिब पाँच लाख ५० हजार रुपैयाँबराबरको धनमाल सोमबार बिहान चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न फरार व्यक्तिको खोजी कार्यमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

प्रदर्शनीमार्ग : राष्ट्रिय सभागृहमा 'काठमाडौं मेट्रो आइडिया एन्ड इनोभेसन'को सोच प्रदर्शनी सुरु भएको छ । आइडिया बैंक नवीनतम सोचलाई लगानीसँग जोड्ने ठाउँ हो । यसले नवप्रवर्तक, उद्यमी-व्यवसायीको सीप तथा ज्ञान अभिवृद्धि गर्दै लगानीकर्तासँग जोड्ने विश्वास लिइएको छ । नवीनतम सोचलाई उद्यमशील क्षेत्रका रूपमा विकास गर्न विकास कार्यमा सहयोग गर्ने, विकसित सोचलाई लगानीकर्तासँग जोडेर बेरोजगारीसँग सम्बन्धित समस्या कम गराउने यसको लक्ष्य हो । आवेदक सात सय ८६ जनाबाट एक सय एक आइडिया पहिलो चरणमा छनोट भएका थिए । दोस्रो चरणमा ती आइडियामध्ये ५० वटा छनोट भएका छन् । यसरी छानिएका आइडियाहरू आज प्रदर्शन भइरहेका छन् ।

भक्तपुर : प्रहरीले अवैध लागुऔषधसहित भक्तपुर नपा-२, सानोव्यासी औद्योगिक क्षेत्र अगाडिबाट सूर्यविनायक नपा-६, सूर्यविनायकका २८ वर्षीय सुशान्त अवाल, सप्तरी बोदेबसैन नपा-६ का २६ वर्षीय कृष्णकुमार दास र सप्तरी बलानब्युल गापा-२ का २७ वर्षीय दीपेन्द्रकुमार यादवलाई पक्राउ गरेको छ । उनीहरूबाट प्रहरीले नोर्फिन, डाइजोपाम, फेनेरागन, ब्रुप्रेफिन, प्रोमेटोजिन बरामद गरेको छ । जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

बर्खाका चार महिनामा बाढीपहिरो र चट्याङबाट ९२ को मृत्यु, ११ अर्बको भौतिक क्षति

कहाँ कति क्षति ?

- **बाढीपहिरोबाट निजी आवासतर्फ मात्र ३३ करोडको क्षति** : दुई सय ४३ निजी घर पूर्ण रूपमा क्षतिग्रस्त, ७२० घरमा आंशिक क्षति
- **बाढीले १६ को ज्यान गयो, २१ बेपत्ता, सातजना घाइते**
- **पहिरो, भारी वर्षाले ५७ को मृत्यु** : पहिरोका चार सय ५९ घटना हुँदा नौजना बेपत्ता, ५० घाइते त्यस्तै, भारी वर्षा (वर्षाका कारण घरलगायत संरचना भत्किँदा)मा १२ जना घाइते भए छन् ।
- **१२३ ठाउँमा चट्याङ खस्यो, २९ को ज्यान गयो, ९९ घाइते**

यम बम/नयाँ पत्रिका

यो बर्खाका चार महिनामा बाढीपहिरो र चट्याङबाट ९२ जनाको ज्यान गएको छ भने ३० जना बेपत्ता भएका छन् । वर्षा भने यसपटक औसतभन्दा कम भएको छ ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार पहिरोबाट ४५, चट्याङबाट २९, बाढीमा परी १६ र वर्षाका कारण भौतिक संरचना भत्किएर दुईजनाको ज्यान गएको छ । यस अवधिमा पहिरोका चार सय ५९, बाढीका एक सय ४२ र चट्याङका एक सय २३ गरी विपत्का आठ सय ९२ घटना रेकर्ड भएका छन् । गत वर्ष बाढीबाट १९, पहिरोबाट ९१, चट्याङबाट ६० र भारी वर्षा (वर्षासँगै भौतिक संरचना भत्किएर)बाट आठ गरी एक सय ७८ जनाको ज्यान गएको थियो । त्यसभन्दा अघिल्लो बर्खामा भने बाढीमा ४३, पहिरोमा ७९, चट्याङमा २७ र भारी वर्षामा परी १६ जनाले ज्यान गुमाएका थिए ।

प्राधिकरणका प्रवक्ता खड्काले यस वर्ष बर्खामा बाढीका घटना घटे पनि पहिरो र चट्याङमा भने तुलनात्मक रूपमा कमी आउन नसकेको बताए । 'कम वर्षा हुन्छ भन्ने अनुमान थियो, वर्षा पनि कम भयो,' उनले भने, 'तर, कहीं धेरै र कहीं कम वर्षा हुने प्रवृत्तिले पनि पहिरोबाट ज्यान गुमाउनेको संख्या घट्न सकेको छैन ।'

यसपटक बाढीपहिरोबाट सबैभन्दा बढी प्रभावित जिल्ला ताप्लेजुङ, तेह्रथुम, पाँचथर र मुस्ताङ हुन् । मुस्ताङबाहेकका तीन जिल्लामा मात्र १४ जनाको मृत्यु भएको छ भने २८ बेपत्ता छन् । यी जिल्लामा ७० घर, ४३ पुल, २९ जलविद्युत् आयोजना र दुईवटा सरकारी भवन ध्वस्त भएका छन् । त्यस्तै, कागखोलाको बाढीले मुस्ताङको कागबेनी बजार बगर बन्दा ३१ घर पूर्ण र १६ घरमा आंशिक क्षति भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यसपटक मनसुनमा एक हजार तीन सय तीन मिलिमिटर अर्थात् औसत वर्षाको ८८.५ प्रतिशत मात्र पानी परेको छ ।



मुस्ताङको कागबेनीमा गएको पहिरो । फाइल तस्बिर



● **ध्रुवबहादुर खड्का**, प्रवक्ता
राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

कम वर्षा हुन्छ भन्ने अनुमान थियो, वर्षा पनि कम भयो । तर, कहीं धेरै र कहीं कम वर्षा हुने प्रवृत्तिले पनि पहिरोबाट ज्यान गुमाउनेको संख्या घट्न सकेको छैन ।

■ ११ अर्बको भौतिक क्षति, सबैभन्दा बढी जलविद्युत्मा नौ अर्ब

यो बर्खामा भौतिक पूर्वाधार र निजी आवासतर्फ ११ अर्ब चार करोड ५० लाखको क्षति भएको छ । प्राधिकरणका अनुसार सबैभन्दा बढी जलविद्युत् क्षेत्रमा नौ अर्बको क्षति भएको छ । सञ्चालनमा आइसकेका १३ जलविद्युत् आयोजना, निर्माणाधीन १७ जलविद्युत् र २७ वटा लघु जलविद्युत् गरी ५७ जलविद्युत्मा क्षति भएको हो । असार पहिलो साता पूर्वी नेपालमा आएको बाढीपहिरोले जलविद्युत्सहित भौतिक पूर्वाधारमा बढी क्षति गरेको छ । प्राधिकरणले भौतिक क्षतिको विवरण विषयगत मन्त्रालय र सम्बन्धित निजी संस्थाबाट लिएको हो ।

त्यस्तै, बर्खामा १५ वटा पक्की पुल क्षतिग्रस्त हुँदा एक अर्ब २० करोड र २७ झोलुङे पुलमा १२ करोडको क्षति भएको छ । सडक, करिडोर र राजमार्गमा मात्र २ ९ करोडको क्षति भएको छ । खानेपानी संरचनामा आठ करोडको क्षति अनुमान गरिएको छ भने सिँचाइ आयोजनालगायत क्षेत्रमा तीन करोड ५० लाखको हानि भएको छ । बाढीपहिरो, चट्याङमा परी तीन सय २१ पशुचौपाया मरेका छन् भने एक हजार दुई सय ३९ रोपनी खेतीयोग्य जमिन नष्ट भएको छ । तर, यो हानिलाई रुपैयाँमा केलाइएको छैन ।

त्यस्तै, बाढीपहिरोबाट निजी आवासतर्फ मात्र ३३ करोडको क्षति भएको छ । दुई सय ४३ निजी घर पूर्ण रूपमा क्षतिग्रस्त हुँदा सात सय २० घरमा आंशिक क्षति भएको तथ्यांक छ । यसपटक औसत मितिभन्दा एक दिन ढिलो ३१ जेठमा मनसुन भित्रिएको थियो । मनसुन देशभर फैलिएर सक्रिय हुन नौ दिन लागेको थियो । मध्य र पश्चिम तराई खडेरीमा रहँदा ताप्लेजुङ, पाँचथर र तेह्रथुममा बाढीपहिरोले वितण्डा मच्चाइसकेको थियो । तीन वर्षयताकै कम वर्षा (एक हजार तीन सय तीन मिलिमिटर) भएकामा मनसुन १३ दिन ढिलोगरी बाहिरिएको थियो ।

सबैभन्दा बढी मानवीय क्षति लुम्बिनी प्रदेशमा

यस वर्षको बर्खामा बाढीपहिरो र चट्याङबाट लुम्बिनी प्रदेशमा मात्र २० जनाले ज्यान गुमाएका छन् । प्राधिकरणका अनुसार कोशी प्रदेशमा १९, बागमतीमा १८, गण्डकीमा १४, कर्णालीमा ११, सुदूरपश्चिममा ६ र मधेसमा चारजनाले ज्यान गुमाएका छन् । मानवीय क्षतिका हिसाबले लुम्बिनी बढी प्रभावित रहे पनि समग्रमा कोशी प्रदेश विपत्बाट प्रभावित भएको छ । कोशीमा बाढीपहिरो र चट्याङका दुई सय ४० घटना भएकामा २५ जना बेपत्ता छन् । त्यस्तै, बागमतीमा तीन र कर्णालीमा एकजना बाढीपहिरोमा परी बेपत्ता भएका छन् ।

प्रधानमन्त्री प्रचण्डको 'कोरोनरी एन्जिओग्राम' टेस्ट नर्मल



काठमाडौं/ स्वास्थ्यमा समस्या देखिएपछि मंगलबार दिउँसो थापाथलीस्थित नर्भिक अस्पताल भर्ना भएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड स्वास्थ्य परीक्षणपछि राति नै निवास फर्केका छन् । दिउँसो करिब ३ बजेतिर छातीमा समस्या देखिएपछि अस्पताल पुऱ्याइएका प्रधानमन्त्री प्रचण्डको स्वास्थ्यमा ठूलो समस्या नदेखिएपछि राति निवास लगिएको हो ।

'कोरोनरी एन्जिओग्राम' सामान्य देखिएपछि छातीमा अन्य कुनै समस्या नभएको स्पष्ट भएको चिकित्सकहरूले बताएका छन् । प्रधानमन्त्री प्रचण्डको उपचारमा मुटुरोग विशेषज्ञ डा. यादवदेव भट्टसहितको टोली खटिएको थियो ।

छाती तथा मुटुसम्बन्धी कुनै पनि समस्या नदेखिएको र मंगलबार राति ९ बजे अस्पतालबाट बालुवाटार लगिएको प्रधानमन्त्रीका निजी चिकित्सक प्राडा युवराज शर्माले बताए । 'उहाँलाई स्वास्थ्यमा डिसकम्फर्ट भएपछि अस्पताल लगेका थियौं, सबैजसो चेकचाँज भयो, 'कोरोनरी एन्जिओग्राम' टेस्ट नर्मल आएको छ, यो छातीसम्बन्धी टेस्ट हो, यसमा कुनै समस्या देखिएन,' उनले भने, 'योसँगै अस्पतालबाट फर्किएका छौं ।'

'कोरोनरी एन्जिओग्राम' परीक्षण गर्दा मुटुमा रहेका नसाहरूबाट रक्तसञ्चार कार्य भए-नभएको जानकारी हुन्छ । दिउँसो एक्कासि छातीमा समस्या भएको महसुसपछि प्रधानमन्त्री प्रचण्ड आफैंले अस्पताल लैजान सचिवलाई भनेका थिए ।

दसैंमा सैनिक तथा परिवारलाई यातायात सुविधा

काठमाडौं/ नेपाली सेनाले बडादसैंमा घर जाने बहालवाला सकलदर्जा तथा तिनका आश्रित परिवारहरूलाई सहुलियतस्वरूप यातायात सुविधा उपलब्ध गराउन थालेको छ । १० दिनदेखि सेनाले मुलुकका विभिन्न स्थानहरूमा स्थल तथा हवाई यातायात सञ्चालन गरेको छ ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सडक सञ्जालको पहुँच पुगेका स्थानमा सवारीसाधन (बस) मार्फत चार सय २१ जनालाई सेनाले यातायात सुविधा दिएको छ । सडक सञ्जालको सहज पहुँच नपुगेका तथा दुर्गम पहाडी-हिमाली क्षेत्रलगायत लामो दूरीका गन्तव्यमा हवाई उडानमार्फत ६ सय पाँचजनाले यात्रा गरिसकेका छन् । सेनाका अनुसार हालसम्म १०२६ जना सकलदर्जा एवं आश्रित परिवारहरूले यात्रा गरेका छन् । बिहीबारसम्म सेनाले यसपटकको यातायात सुविधा उपलब्ध गराउने जनाएको छ ।

लागुऔषध एमफेटामाइनसहित चार पक्राउ

कास्की/ लागुऔषध एमफेटामाइन (आइसजस्तो देखिने) सहित प्रहरीले पोखराबाट चारजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्की र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले पोखरा महानगरपालिका- ९ पृथ्वीचोकस्थित सवारीसाधन चेकजाँचको क्रममा उनीहरूलाई पक्राउ गरेको हो । पोखराबाट भैरहवाका लागि छुट्न लागेको प्रदेश १-०१००१ ख ३४३९ नम्बरको बसमा ड्राइभर बस्ने सिटअगाडि झोलामा लुकाइछिपाइ राखेको एमफेटामाइन ३७.५० ग्रामसहित प्रहरीले चारजनालाई पक्राउ गरेको कास्कीका प्रहरी प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए ।

पक्राउ पर्नेहरूमा बसचालक हीराबहादुर नेपाली, सहचालकत्रय विशाल कार्की, टीकाराम पौडेल र दीपक परियार छन् । प्रहरीले चालक र सहचालकसहित बस नियन्त्रणमा लिई कास्की जिल्ला अदालतबाट अनुमति लिई लागुऔषधसम्बन्धी मुद्दामा चारैजनालाई थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

दसैंको मुखमा विनाजानकारी प्रमुख प्रशासकीय अधिकृत रेग्मी घर हिँडे

२४ घन्टाभित्र कार्यालय उपस्थित नभए कारबाही गर्ने गाउँपालिका अध्यक्षको चेतावनी

खोटाङ/ दिप्रुङ चुइचुम्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज रेग्मी विनाजानकारी घर हिँडेपछि दसैंअगाडि भुक्तानी गर्नुपर्ने कर्मचारीको तलब तथा निर्माण व्यवसायीको बिल रोकिएको छ । भर्खरै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत रेग्मी निमित्त नछोडी तथा विनाजानकारी सोमबार बिहानै घर हिँडेपछि गाउँपालिकाको सबै काम रोकिएको हो ।

दसैंअगाडि भुक्तानी पाउनुपर्ने तलब भुक्तानी नै नगरी प्रमुख प्रशासकीय अधिकृत घर हिँडेपछि अन्य कर्मचारी आक्रोशित बनेका छन् । उनी घर हिँडेपछि दसैंअगाडि गर्नुपर्ने तलब तथा बिल भुक्तानीलगायतका सबै काम रोकिएको गाउँपालिकाका सूचना अधिकारी पिएसपी चाम्चिङले जानकारी दिए ।

विनाजानकारी कार्यालय छोडेर हिँडेका रेग्मीलाई २४ घन्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए । 'कर्मचारीहरूले दसैंअगाडि पाउनुपर्ने तलब पाएका छैनन् । काम सम्पन्न गरेका निर्माण व्यवसायीको बिल दसैंअगाडि नै भुक्तानी गर्नुपर्नेछ । यति धेरै काम अलपत्र छाडेर विनाजानकारी प्रमुख प्रशासकीय अधिकृत हिँडेको जानकारी पाएँ,' उनले भने, 'फोन गरेर २४ घन्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको छु । यो कुरा मन्त्रालयमा समेत जानकारी गराएको छु । हाजिर नभएमा कानुनबमोजिम कारबाही हुन्छ ।'

प्रमुख प्रशासकीय अधिकृत रेग्मीले भने घरमा जरुरी काम परेकाले अचानक सोमबार बिहानै विराटनगरस्थित घर गएको बताएका छन् । 'आइतबार राति अबेरसम्म कार्यालयमा बसेर अधिकांश काम सम्पन्न गरेको छु । बाँकी रहेको केही काम यहींबाट गर्ने योजना बनाएको छु', उनले भने, 'दशैं अगाडि फर्किने सम्भावना छैन । यहाँबाट सम्भव नहुने काम दशैंपछि कार्यालय गएर गर्छु ।'

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा अहिलेसम्म भुक्तानीसम्बन्धी सम्पूर्ण काम चेकमार्फत गरिने भएकाले सबै कागजात प्रमुख प्रशासकीय अधिकृतको घर पुऱ्याउन नसकिने गाउँपालिकाले जनाएको छ । भुक्तानी तथा कुनै पनि कामजात बोकेर प्रमुख प्रशासकीय अधिकृत खोज्दै गाउँपालिकाको कार्यालयबाहिर नजान लेखापाल तथा अन्य कर्मचारीलाई भनिएको गाउँपालिका प्रमुख राईले जानकारी दिए । सामाजिक सञ्जालमा गाउँपालिकाको बारेमा टीकाटिप्पणी हुन थालेपछि गाउँपालिका प्रमुख राईले सोमबार राति नै विज्ञप्ति जारी गर्दै बिना प्रमाण भ्रमको खेती नगर्न/नगराउन अनुरोध गरेका छन् ।

गेटा अस्पताल आजबाट सञ्चालनमा

चैतभित्र शल्यक्रिया सेवा विस्तार, वैशाखसम्म आइसियू र एनआइसियू सेवा सुरु गरिने



धनगढीमा **तेजराज भट्ट**

सरकारले स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाको घोषणा गरेको कैलालीको गेटामा बुधबारबाट अस्पताल सञ्चालन गरिँदै छ । न्यूनतम उपचार सेवासहित सय शय्याको अस्पताल सञ्चालनको सुरुवात गर्न लागिएको गेटा अस्पतालका निर्देशक वरिष्ठ कन्सलटेन्ट अर्थोपेडिक सर्जन डा. प्रमोद जोशीले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिए ।

'केन्द्रबाट न्यूनतम सेवासहितको अस्पताल सञ्चालनको निर्देशन आएकाले बुधबारबाट ओपिडी सेवा सुरु गर्दै छौं,' उनले भने, 'अहिले केही सेवा सुरु गर्छौं, थप सेवा विस्तार गर्दै लैजाने लक्ष्य छ ।' ओपिडीबाट अहिले जनरल मेडिसिन, जनरल सर्जरी, हाडजोर्नी, नसा रोग, स्त्रीरोग, रेडियोलोजिस्ट तथा हप्तामा एक दिन विशेषज्ञ कार्डियोलोजी सेवा दिइने उनले जानकारी दिए । एक्सरे, प्रयोगशाला, फार्मेसी सुविधा पनि उपलब्ध हुने जोशीले बताए ।

ओपिडी सेवा सञ्चालन गर्न अहिले गेटा अस्पतालमा ११ जना विशेषज्ञ चिकित्सकसहित २६ जना कर्मचारी आइपुगेका छन् । गेटामा एक सय शय्याको अस्पताल सञ्चालन गर्न सरकारले एक सय ४१ जनाको दरबन्दी स्वीकृत गरिसकेको छ । 'अहिले 'ब्रेक थ्रु' गर्न ओपिडी सेवा सुरु गर्न लागेका हौं । यसै आर्थिक वर्षभित्र सय शय्याको पूर्ण क्षमताको अस्पताल सञ्चालन गर्ने लक्ष्य छ,' अस्पतालका निर्देशक जोशीले भने, 'विश्वविद्यालयको जग बनाउन पनि अस्पताल सञ्चालन गर्न आवश्यक छ ।'

कात्तिकभित्रै स्वास्थ्य बिमाबाट प्राप्त हुने सुविधा र एमसिएच क्लिनिकको सुविधा दिइने अस्पताललले जनाएको छ । त्यस्तै, मंसिरभित्र खोप सेवा र अन्तरंग सेवा तथा पुसभित्र आकस्मिक सेवा र प्रसूति सेवा विस्तार गर्ने लक्ष्य रहेको डा. जोशीले जानकारी दिए । चैतभित्र शल्यक्रिया सेवा विस्तार गर्ने लक्ष्य छ । त्यसका लागि मोडुलरबाट सुसज्जित शल्यक्रिया कक्ष स्थापनाको तयारी रहेको जोशीले बताए । उनका अनुसार सुदूरपश्चिममा अहिलेसम्म कुनै पनि अस्पतालमा मोडुलर शल्यक्रिया कक्ष छैन । वैशाखसम्म आइसियू र एनआइसियू सेवा सुरु गर्ने लक्ष्य रहेको अस्पताल प्रशासनले जनाएको छ ।

डा. जोशीले तत्काल ओपिडी सेवाका लागि केही उपकरण आइसकेका र सेवा विस्तारका लागि थप उपकरण खरिदको प्रक्रिया अगाडि बढाउन लागिएको जानकारी दिए । 'स्वास्थ्य उपकरणहरू खरिद गरिएपछि उच्च तहको आकस्मिक सेवा र विशिष्टिकृत विशेषज्ञ सेवा दिन्छौं,' उनले भने । आवश्यक बजेट आइसकेको र उपकरण खरिद गर्न चार महिना लाग्ने निर्देशक जोशीले बताए ।

■ मेडिकल कलेज सञ्चालन गर्न झन्डै पाँच अर्बका संरचना तयार

गेटामा अस्पताल सञ्चालनका लागि सरकारले यस वर्ष साढे तीन करोड र पुँजीगततर्फ ८० करोड बजेट दिएको छ । पुँजीगततर्फ पर्याप्त बजेट भए पनि एक सय ४१ कर्मचारीका लागि चालू बजेट कम रहेको जानकारी केन्द्रमा गराइसकिएको निर्देशक जोशीले बताए । गेटामा मेडिकल कलेजका नाममा झन्डै पाँच अर्बका संरचनाहरू बनेका छन् । केही संरचना निर्माणका क्रममा छन् । राज्यको ठूलो लगानीमा संरचना बने पनि मेडिकल कलेज, स्वास्थ्य विज्ञान प्रतिष्ठान वा विश्वविद्यालय कुन मोडालिटीमा सञ्चालन गर्ने भन्ने अन्योल लामो समयसम्म थियो ।



■ **डा. प्रमोद जोशी**
निर्देशक, गेटा अस्पताल

अहिले 'ब्रेक थ्रु' गर्न ओपिडी सेवा सुरु गर्न लागेका हौं । अहिले केही सेवा सुरु गर्छौं, थप सेवा विस्तार गर्दै लैजाने लक्ष्य छ । यसै आर्थिक वर्षभित्र सय शय्याको पूर्ण क्षमताको अस्पताल सञ्चालन गर्ने लक्ष्य छ । विश्वविद्यालयको जग बनाउन पनि अस्पताल सञ्चालन गर्न आवश्यक छ ।

सरकारले गेटामा मेडिकल विश्वविद्यालय स्थापना गर्ने घोषणा गरेको थियो । मन्त्रिपरिषद्बाट मेडिकल विश्वविद्यालयको निर्णय गरेलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड गेटामा पूर्वाधारको निरीक्षणका लागि आएका थिए । सोमबार धनगढीमा भएको समाजवादी मोर्चाको कार्यक्रममा पनि उनले विश्वविद्यालयसम्बन्धी विधेयक सदनमा छिटो अगाडि बढाइने बताएका थिए ।

सुदूरपश्चिममा मेडिकल कलेज स्थापनाको विषय वर्षौंदेखि उठे पनि सरकारले ०६६ मा गेटामा मेडिकल कलेज स्थापनाको निर्णय गरेको थियो, तर रुख कटान आदेश नपाउँदा संरचना निर्माणको काम अगाडि बढ्न सकेको थिएन । ०७२ पछि मात्र पूर्वाधार निर्माणले गति लिएको हो । फोहोरमैला व्यवस्थापन केन्द्र, शाखा सडक निर्माणलगायतका कामहरू अहिले पनि भइरहेका छन् ।

अस्पताल सञ्चालनको निर्णयसँगै यस क्षेत्रका बासिन्दाले स्तरीय उपचार पाउने र मेडिकल विश्वविद्याय सञ्चालनको प्रक्रिया अगाडि बढ्ने आशा स्थानीयले गरेका छन् । 'विश्वविद्यालयसम्बन्धी विधेयक अगाडि बढेको छ, विशेषज्ञ चिकित्सकसहित अस्पताल सञ्चालन हुँदै छ, यो हामी सुदूरपश्चिमवासीका लागि खुशीको कुरा हो', बरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. गणेशबहादुर सिंहले भने, 'यसले गेटामा उपचार सेवासँगै स्वास्थ्य शिक्षाको काम अगाडि बढ्छ भन्ने आशा देखिएको छ ।' यी कामले सुदूरपश्चिमको स्वास्थ्य क्षेत्रको अवस्थामा अब आमुल परिवर्तन हुने आशा देखिएको उनको भनाइ छ ।

१० दलित परिवारलाई पक्की घर हस्तान्तरण

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको कर्जन्हा नगरपालिका- ४ भुल्के गाउँका दस घरधुरी मुसहर दलित परिवारलाई नवनिर्मित पक्की घर हस्तान्तरण गरिएको छ । हरेक वर्षा र हिउँद कष्टकर रूपले बिताउँदै आएका मुसहर समुदायका दलितहरूप दसैंको संघारमा पक्की घर पाएपछि दंग भएका छन् ।

स्थानीय भुल्के गाउँमा सोमबार आयोजित समारोहबीच कर्जन्हा नगरपालिकाका प्रमुख भोलाप्रसाद पोखरेल, उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठले पक्की घरको साँचो स्थानीय दलित परिवारलाई हस्तान्तरण गरेका थिए । नगरप्रमुख पोखरेलले निर्वाचनमा आफूले गरेको प्रतिबद्धताबमोजिम घर हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताए ।

सिराहाको धनगढीमाई नगरपालिका- २ भवानीपुरस्थित भवानी एकीकृत विकास केन्द्रको सहजीकरणमा कर्जन्हा नगरपालिका क्षेत्रमा निर्माण गरिएको ५५ घरमध्ये पहिलो चरणमा कर्जन्हा ४ का १० दलित परिवारलाई पक्की घर हस्तान्तरण गरिएको वडाध्यक्ष प्रताप विश्वकर्माले जानकारी दिए । 'हरेक वर्षा र हिउँदमा आफूहरूपसहित बालबच्चा कसरी राख्ने भन्ने चिन्ताले सताउँथ्यो,' स्थानीय गीता सदायले भनिन् 'पक्की घर पाएपछि त्यो चिन्ताबाट मुक्त भएका छौं ।'

कर्जन्हा-४ भुल्के गाउँका दिवंगत रामप्रित नायक र कारिचरन नायकको परिवारले भूमिहीन सुकुम्बासीको रूपमा रहेका १० परिवार मुसहरहरूप



हरेकलाई ६ धुरको दरले निःशुल्क जग्गा उपलब्ध गराएपछि घर निर्माण गरिएको उपप्रमुख श्रेष्ठले बताइन् । उनका अनुसार केन्द्रको सहजीकरणमा कर्जन्हा-३ मा पाँचवटा र ५, ८, ९ र १० नं. वडामा १०-१० वटाको दरले घर निर्माण भइरहेको र आगामी १५ पुससम्म निर्माण सम्पन्न गरी सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरिने भएको छ ।

कर्जन्हा नगरपालिकाको आ.व. ०७९/८० मा फुसको छाना विस्थापित कार्यक्रमअन्तर्गत नगरपालिकाको एक करोड ७२ लाख ७३ हजार नौ सय २५, हिल्टी फाउन्डेसनको सहयोगमा ह्याबिट्याट फर ह्युमानिटी नेपालको सुरक्षित आवास कार्यक्रमअन्तर्गत ५० लाख र लाभग्राही घरधनीहरूपको श्रमदान मूल्यांकन ३९ लाख ३० हजार छ सय ९३ रुपैयाँ गरी दुई करोड ६२ लाख चार हजार ६ सय १८ रूपैयाँका लागतमा केन्द्र सहजीकरणमा निर्माण भइरहेकोमध्येका १० वटा घर हस्तान्तरण गरिएको हो ।

रोशीमा घरपालुवा जनावरलाई रेबिजविरुद्धको भ्याक्सिन

काभ्रे/ काभ्रेको रोशी गाउँपालिकाले चार सय ८२ वटा घरपालुवा जनावर कुकुर तथा बिरालोलाई रेबिजविरुद्धको भ्याक्सिन लगाएको छ। १७औँ विश्व रेबिज दिवसको अवसरमा गाउँपालिकाले सप्ताहव्यापी रेबिजविरुद्धको खोप अभियान सञ्चालन गरेको थियो। अभियानमा चार सय ५६ वटा कुकुर र २६ वटा बिरालोलाई रेबिजविरुद्धको खोप लगाएको हो।

रोशी गाउँपालिका पशु सेवा शाखाका प्रमुख रघुनी साहका अनुसार १२ वडामा ४ सय ८२ कुकुर तथा बिरालोलाई रेबिजविरुद्धको भ्याक्सिन लगाइएको हो। रोशीभित्रको दुई सय ५८ घरधुरीमा घरपालुवा दुई सय ९६ र सामाजिक एक सय ७७ गरी चार सय ८२ घरपालुवा जनावरलाई रेबिजविरुद्धको भ्याक्सिन लगाएका साहले जानकारी दिए। पशु सेवा शाखाका अनुसार तीन सय २८ भाले कुकुर र १ सय २८ पोथी कुकुरलाई भ्याक्सिन लगाइएको छ। नौवटा भाले बिरालो र १७ वटा पोथी बिरालोलाई भ्याक्सिन लगाएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. १२९८७३/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/०६ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८, स्थित **रुद्र नारायण कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.**

अध्यक्ष तथा जमानीकर्ता: पिंकी कुमारी यादव

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. १२९८७३/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/०६ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८, स्थित रुद्रनारायण कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महादेवा पोर्ताहा गा.वि.स. वडा नं. ४ (हाल सखुवानन्कारकट्टी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६, ८५६, ३८, ३९, ४४ र ८५७ को क्षेत्रफल क्रमश : ०-१-१०-०, ०-८-६-०, ०-२-१९-०, ०-०-१०-०, ०-१-७-० र ०-३-० (बिगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. १२९८७३/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/०६ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८, स्थित रुद्रनारायण कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महादेवा पोर्ताहा गा.वि.स. वडा नं. ३ क (हाल सखुवानन्कारकट्टी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ११३३ को क्षेत्रफल ०-३-४-० (बिगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. १२९८७३/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/०६ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८, स्थित रुद्रनारायण कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ५ ख (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ७९९, १५९१ र १३८४ को क्षेत्रफल क्रमश: ०-०-६$^{1/2}$, ०-४-१३-० र ०-१-७-० (बिगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) अनुप लाल यादवको नाती, रुद्र नारायण यादवको छोरा, सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बस्ने पवन कुमार यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महादेवा पोर्ताहा गा.वि.स. वडा नं. ४ (हाल सखुवानन्कारकट्टी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ४२, ८५५, ४१, ४३ र ४८ को क्षेत्रफल क्रमश : ०-२-९-०, ०-१-१५-०, ०-५-७ , ०-१-११ र ०-३-० (बिगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
५) रुद्रनारायण कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) पिंकी कुमारी यादव स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रन विर यादव ससुरा : रुद्र नारायण यादव पति : पवन कुमार यादव	**२) राम दुलारी देवी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : शिवलाल यादव ससुरा : रुद्र नारायण यादव पति : चन्द्र शेखर यादव	**३) पवन कुमार यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव	**४) चन्द्र शेखर यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव

ऋणीको विवरण

२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. : ४१६८/०६५/०६६ अन्तर्गत मिति २०६५/१०/८ मा प्राईभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ बमोजिम, दर्ता भएको सिरहा जिल्ला, सिइराही मटियर्वा गा.वि.स. वडा नं. ३ (हाल लहान न.पा. वडा नं. ८), स्थित **संतोषी डेरी उद्योग**

प्रोप्राईटर तथा जमानीकर्ता: पवन कुमार यादव

जमानीकर्ताहरुको विवरण

१) पिंकी कुमारी यादव स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रन विर यादव ससुरा : रुद्र नारायण यादव पति : पवन कुमार यादव	**२) राम दुलारी देवी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : शिवलाल यादव ससुरा : रुद्र नारायण यादव पति : चन्द्र शेखर यादव	**३) पवन कुमार यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव	**४) चन्द्र शेखर यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव

ऋणीको विवरण

३) पवन कुमार यादव
स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८
हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८
बाबु : रुद्र नारायण यादव
बाजे : अनुप लाल यादव

जमानीकर्ताहरुको विवरण

१) पिंकी कुमारी यादव स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रन विर यादव ससुरा : रुद्र नारायण यादव पति : पवन कुमार यादव	**२) राम दुलारी देवी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : शिवलाल यादव ससुरा : रुद्र नारायण यादव पति : चन्द्र शेखर यादव	**३) चन्द्र शेखर यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव

ऋणीको विवरण

४) पिंकी कुमारी यादव
स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८
हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८
बाबु : रन विर यादव
ससुरा : रुद्र नारायण यादव
पति : पवन कुमार यादव

जमानीकर्ताहरुको विवरण

१) पवन कुमार यादव स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव	**२) राम दुलारी देवी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : शिवलाल यादव ससुरा : रुद्र नारायण यादव पति : चन्द्र शेखर यादव	**३) चन्द्र शेखर यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बाबु : रुद्र नारायण यादव बाजे : अनुप लाल यादव

धितोको विवरण

१) रन विर यादवकी छोरी, रुद्र नारायण यादवकी बुहारी, पवन कुमार यादवकी पत्नी, सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बस्ने पिंकी कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटिअर्वा गा.वि.स. वडा नं. ३ (हाल लहान न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९९ र ४२२ को क्षेत्रफल क्रमश : ०-०-१६-० र ०-०-६ (बिगाहा) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) अनुप लाल यादवको नाती, रुद्र नारायण यादवको छोरा, सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बस्ने पवन कुमार यादव-१ र अनुप लाल यादवको नाती, रुद्र नारायण यादवको छोरा, सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बस्ने चन्द्र शेखर यादव-१ गरी जम्मा २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटियर्वा गा.वि.स. वडा नं. ३ (हाल लहान न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३३७ को क्षेत्रफल ०-०-६ (बिगाहा) को घरजग्गा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) अनुप लाल यादवको नाती, रुद्र नारायण यादवको छोरा, सिरहा जिल्ला, सोठी याइन गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ८ बस्ने पवन कुमार यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटिअर्वा गा.वि.स. वडा नं. ३ (हाल लहान न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६२१, ४६७, ६२० र ४६६ को क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-०-१-०, ०-०-४-० र ०-०-१४$^{1/2}$ (बिगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) संतोषी डेरी उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

पार्टीको दस्ताबेज बनाउन रास्वपाले लियो विज्ञहरूसँग सुझाव

मंसिरसम्म दस्ताबेज ल्याउने तयारी, विश्वविद्यालयका विद्यार्थीसँग पनि नीति मन्थन गर्ने

अनिल यादव/नयाँ पत्रिका



जनताको सुझाव लिन गाउँगाउँ पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिक दस्ताबेज निर्माणका लागि विभिन्न क्षेत्रका विषयविज्ञसँग छलफल गरेको छ। पार्टी महाधिवेशनअघि राजनीतिक दस्ताबेज ल्याउनुपर्ने दबाबमा रहेको रास्वपाले मंसिरसम्ममा दस्ताबेज ल्याउने गरी विज्ञसँग सुझाव लिएको हो।

सात विषयमा ३३ वक्ता राखेर रास्वपाले काठमाडौंमा सोमबार र मंगलबार दुईदिने नीति मन्थन गरेको छ। मन्थनमा आएका सुझावबाट उत्साहित रास्वपाले अब विश्वविद्यालयका विद्यार्थीहरूसँग पनि सुझाव लिने भएको छ। रास्वपा सभापति रवि लामिछानेले नीति मन्थनको समापन कार्यक्रममै अब विश्वविद्यालयका विद्यार्थीमाझ पुग्ने घोषणा गरेका छन्। थप दुई चरणको जनआवाज सुन्ने कार्यक्रम बाँकी रहेकाले मंसिरसम्म यी सबै कार्यक्रम सकिनेमा भने पार्टीभित्र संशय छ।

'थप दुई चरणका जनआवाज सुनेर र विद्यार्थीसँग नीति मन्थन गरेर मात्रै दस्ताबेज ल्याउने या दस्ताबेज मंसिरसम्म ल्याएर यी कार्यक्रमलाई भने पछि अन्य दस्ताबेजमा समेट्ने गरी निरन्तरता दिने भन्नेमा छलफल भइरहेको छ,' रास्वपाका महामन्त्री मुकुल ढकालले भने। मंसिरबाट वडा, पालिका, क्षेत्र, जिल्ला, प्रदेश हुँदै क्रमशः केन्द्रको महाधिवेशन गर्ने रास्वपाको तयारी छ।

रास्वपा सभापति लामिछानेले राजनीतिक दलका विचार, नीति र अभिव्यक्ति स्पष्ट ढंगमा नआउँदा अनेक अनुमान र टिप्पणी हुने भएकाले प्रस्ट र जनमुखी दस्ताबेज ल्याउन लामो तयारी गरेको बताएका छन्। दुईदिने नीति मन्थनमा विज्ञबाट आएका विचारलाई पार्टीको दस्ताबेजमा समेट्ने उनले बताए। 'दस्ताबेजका सबै कुरालाई लिपिबद्ध गरेका छौं,' उनले समापन कार्यक्रममा भने, 'त्यसैमा टेकेर कार्यान्वयनमा लैजान्छौँ। हामी पार्टीको नीति कस्तो हुने भन्नेमा अझै छलफलमा छौं। लेफ्टराइट कुन बाटो जाने भन्ने छ। समावेशी उदार लोकतान्त्रिक पार्टी बनाउने हो।' मुलुकलाई आवश्यक पर्ने नीति रास्वपाले बनाउने उनको दाबी थियो। 'गाउँसहरमा गयौं, अब युनिभर्सिटीमा जान्छौं,' लामिछानेले भने, 'दस्ताबेजलाई खँदिलो बनाउँछौं।'

रास्वपाले दुई दिनमा सात विषयमा विज्ञहरू छलफल गरेको थियो। शासकीय व्यवस्था र समाजको बदलिँदो चरित्र, शिक्षा नयाँ प्रविधि र युवा पूर्वाधार, भौतिक पूर्वाधार, वातावरण र जलवायु परिवर्तन, स्वास्थ्य र पोषण, कृषि पर्यटन र हरित औद्योगीकरण, आर्थिक शिथिलता र अबको बाटो र अन्तर्राष्ट्रिय मञ्चमा नेपाल विषयमा छलफल भएको थियो। पहिलो सत्र शासकीय व्यवस्था र समाजको बदलिँदो चरित्र शीर्षकमा राजनीतिक विश्लेषक सिके लाल, प्राध्यापक तथा नागरिक अगुवा सञ्जीव उप्रेती, शिक्षाविद् अमिना सिंह र अनुसन्धानदाता उत्तमबाबु श्रेष्ठ वक्ता थिए।

त्यस्तै शिक्षा, नयाँ प्रविधि र युवा विषयमा डा. नीति अर्याल, डा. सुरेश मानन्धर, बालकृष्ण जोशी, सन्तोष पाण्डे र प्रिया सिग्देलले विषयविज्ञका रूपमा बोलेका थिए। 'भौतिक पूर्वाधार, वातावरण र जलवायु परिवर्तन' विषयमा डा. संगीता सिंह, डा. अरविन्दकुमार मिश्र, डा. वसन्तराज अधिकारी, सिलसिला आचार्य र भूषण तुलाधरले सुझाव दिएका थिए। 'स्वास्थ्य र पोषण' विषयमा डा. सन्दुक रुइत, डा. शम्भु आचार्य, डा. किरण रेग्मी, डा. संघरत्न बज्राचार्य र डा. संगीता बस्नेतले विषयविज्ञका रूपमा बोलेका थिए भने बहसको सेसनमा 'कृषि, पर्यटन र हरित औद्योगीकरण'मा चन्द्र ढकाल, पवन गोल्यान, विदुषी राणा, चन्द्र घिमिरे र दिनेश सिलवाल विज्ञका रूपमा आएका थिए।

'आर्थिक शिथिलता र अबको बाटो' विषयमा डा. युवराज खतिवडा, डा. विश्वास गौचन, मौसमी श्रेष्ठ र रामेश्वर खनालले आफ्नो विचार राखेका थिए। रास्वपाको नीति मन्थन कार्यक्रमको संयोजन गरेका डा. स्वर्णिम वाग्लेले पनि यही सेसनमा बोलेका थिए। नीति मन्थनमाथिको अन्तिम सेसन 'अन्तर्राष्ट्रिय मञ्चमा नेपाल' का मधुरमण आचार्य, डा. पूर्ण सिलवाल, डा. अञ्जना शाक्य, डा. निश्चलनाथ पाण्डे र विजयलाल कर्णले आफ्नो धारणा राखेका थिए।



> थप दुई चरणका जनआवाज सुनेर र विद्यार्थीसँग नीति मन्थन गरेर मात्रै दस्ताबेज ल्याउने या दस्ताबेज मंसिरसम्म ल्याएर यी कार्यक्रमलाई भने पछि अन्य दस्ताबेजमा समेट्ने गरी निरन्तरता दिने भन्नेमा छलफल भइरहेको छ।
>
> ● **मुकुल ढकाल**, महामन्त्री, रास्वपा

रास्वपाका महामन्त्री ढकालले अब दसैंपछि विज्ञसँग भएको मन्थनमाथि समीक्षा गरेर दस्ताबेज लेखन कार्य सुरु हुने बताए। 'अब दसैंपछि नै समीक्षा हुन्छ होला,' उनले भने, 'मन्थनबाट आएका सुझावबाट हामी उत्साहित छौं। अब सम्बन्धित विषयमा खटिएका पार्टी नेताहरूले सुझावका आधारमा रिपोर्ट बनाउनुहुन्छ। त्यसपछि दसैंलगत्तै हामी समीक्षा गर्छौं। मंसिरमा महाधिवेशनको प्रक्रिया सुरु हुने भएकाले मंसिरसम्म दस्ताबेज ल्याउने गरी काम गर्ने हाम्रो तयारी छ।'

देशको माटो सुहाउँदो दस्ताबेज बनाउन जनतादेखि विज्ञसम्मलाई सुझाव लिने निचोडमा रास्वपा पुगेको उनले बताए। 'हामीलाई बारम्बार पार्टीको सिद्धान्त के हो भनेर प्रश्न तेर्साइन्छ,' उनले भने, 'पुरानै पार्टीजस्तो नभएर गतिशील विचारको जनमुखी दस्ताबेज बनाउन हामीले समय लगाएका हौं। हामीलाई हतार छैन। नेपाली माटो सुहाउँदो दस्ताबेज बनाउँछौं।'

रास्वपाले पार्टी स्थापनाको दिन गत ७ असारमै 'नयाँ युगको संकल्प' नाम दिएर पार्टीको सैद्धान्तिक दस्ताबेज सार्वजनिक गर्ने तयारी गरेको थियो। तर, महत्त्वपूर्ण मुद्दामा विवाद आएपछि रास्वपाले जनआवाज सुनेर र विज्ञसँग सुझाव लिएर मात्रै दस्ताबेज ल्याउने निर्णय गरेको हो। दस्ताबेज निर्माणकै क्रममा गत ३ देखि ७ असोजमा रास्वपाले १९ जिल्लामा आफ्ना केन्द्रीय तहका नेता र सांसदलाई जनताका कुरा सुन्न पठाएको थियो। रास्वपाका नेताहरूले गाउँ पुगेर शासन प्रणाली, संघीयता, समाजवादलगायतका मुद्दामा जनताको राय लिएका थिए। प्रथम चरणको कार्यक्रममा उपसभापति डोलप्रसाद अर्याल पर्सा, महामन्त्री मुकुल ढकाल कालिकोट, सहमहामन्त्री कवीन्द्र बुर्लाकोटी कञ्चनपुर जनआवाज सुन्न गएका थिए।

प्रदेश संरचना खारेजको मुद्दामा मत विभाजित

गत जेठमा प्रस्तावित रास्वपाको मस्यौदामा प्रदेश संरचना खारेजको मुद्दामा पनि मत विभाजित छ। प्रारम्भिक मस्यौदामा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेश गभर्नर रहने शासकीय स्वरूप रहनुपर्ने प्रस्ताव थियो। गत ४ मंसिरको निर्वाचनमा प्रदेश सभा निर्वाचनमा भाग नलिएको रास्वपाले राखेको प्रस्तावमा पार्टीभित्रै असन्तुष्टि भएपछि शासकीय व्यवस्थाबारे रास्वपाले जनतादेखि विज्ञसम्म सुझाव लिएको हो। प्रस्तावित दस्ताबेजमा रास्वपाले प्रदेश प्रमुख, प्रदेश सभा र प्रदेश मन्त्रालय खारेज गर्नुपर्ने उल्लेख गरेको थियो। सरकारको प्रमुखको रूपमा प्रदेश गभर्नरको व्यवस्था गर्नुपर्ने प्रस्तावलाई लिएर पार्टीभित्र प्रश्न उठेको थियो। उक्त दस्ताबेजमा देश तथा विदेशमा रहेको सम्बन्धित प्रदेशका मतदाताका आधारमा प्रत्यक्ष निर्वाचित प्रदेश गभर्नर हुनुपर्ने उल्लेख थियो।

संघीयताविरोधीको आरोप खेपिरहेको रास्वपाले शासकीय व्यवस्था र समाजको बदलिँदो चरित्रका विषयमा राखेको बहसमा विश्लेषक सिके लालले ठूला दलका व्यवहारका कारण संघीयताप्रति चिन्ता व्यक्त गरे। 'साम्यवादी व्यवस्थामा नहुने भएकाले माओवादीले संघीयताको अपनत्व लिने कुरै थिएन,' उनले भने, 'सुरुमा पक्षमा नभएका र पछि लतारिएका कांग्रेस र एमालेले झन् किन अपनत्व लिन्थे! मधेसी दलले संघीयता त भने तर, उनीहरूले भनेजस्तो आएन। संघीयताको अपनत्व ठूला भनिएका दलहरूले नलिएका कारण सिकार हुन्छ कि भन्ने डर बढेको छ।'

लेखक तथा नागरिक अभियन्ता डा. सञ्जीव उप्रेतीले भने भुइँमान्छेका लागि लोकतन्त्र र सामाजिक न्याय स्थापित हुन नसकेको बताए। 'लोकतन्त्र र सामाजिक न्याय सुन्दा र देख्दा छ,' उनले भने, 'तर, आमनागरिकले अनुभूत गर्न पाएका छैनन्। राज्यप्रणालीप्रतिको अविश्वासले नै मान्छेहरू न्याय खोज्दै माइतीघरमा जम्मा हुन्छन्। तर, राज्यले त्यहाँका आवाज सुन्दैन भने कहाँ छ भुइँमान्छेका लागि लोकतन्त्र र सामाजिक न्याय ?'

चाडपर्व नजिकिएसँगै सवारीसाधनको चेकजाँचमा कडाइ

बागलुङ/ चाडपर्व नजिकिएसँगै बागलुङ सदरमुकामदेखि देशका विभिन्न भेगमा चल्ने र ग्रामीण भेगमा सञ्चालन हुने सवारीसाधनको चेकजाँचमा कडाइ गरिएको छ। चाडपर्वको अवसरमा चर्को भाडा लिएर यात्रुलाई ठक्ने र क्षमताभन्दा बढी यात्रुहरू बोकेर दुर्घटनाका निम्ति सक्ने हुँदा यसको न्यूनीकरणका निम्ति सवारी चेकजाँचमा कडाई थालिएको प्रहरीले जनाएको छ।

बागलुङका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको नेतृत्वमा बागलुङ प्रवेशद्वारको रुपमा रहेको मालढुंगा नाकालगायतका अन्य स्थानमा सवारीसाधनको चेकजाँच गरिएको छ। 'चाडपर्व नजिकिएसँगै यातायातका साधनमा मनपरी चल्न सक्छ। त्यसको न्यूनीकरणका निम्ति चेकजाँचलाई कडाई गरिएको छ,' रिजालले भने, 'गाडीमा भीडभाड, बढी भाडा असुल्ने र मापसे गरेर सवारी चलाउनेलगायतको गतिविधिलाई रोक्न अनगुमनका कार्यक्रम अगाडि बढाएका हौं। नियमित हुनेभन्दा फरक शैलीमा अनुगमन हुनेछ। भाडालगायतका विषयमा यात्रुलाई नै सोध्नेछौं।'

यात्रुबाट बढी भाडा असुलेको, क्षमताभन्दा बढी यात्रु बोकेको, मापसे गरेर सवारीसाधन चलाएको जस्ता गुनासोलाई न्यूनीकरण गर्दै दुर्घटनारहित चाडवाड बनाउन सरप्राइज चेकिङ र छड्के चेकिङ गरिएको प्रजिअ रिजालले बताए।

चेकजाँच गर्ने क्रममा यात्रुलाई भाडाबारे सोधपुछ गरिने, क्षमताभन्दा बढी यात्रु बोके-नबोकेको हेरिने, गाडीका आवश्यक कागजात पनि जाँच गरिने ट्राफिक प्रहरी कार्यालय बागलुङका प्रमुख मीनबहादुर खड्काले जानकारी दिए। चेकजाँचका क्रममा रातो नम्बरप्लेट भएको सवारीसाधनले यात्रु बोकेको, सवारीचालक अनुमतिपत्र लाइसेन्स नभई सवारीसाधन चलाएको, सवारीसाधनको नवीकरण गुज्रेको फेला परेको उनले बताए।

कल्याणपुर नगरपालिकामा १६ दिनदेखि वडाध्यक्षहरू धर्नामा



सिरहामा **सुरेन्द्रकुमार कामती**

सिराहाको कल्याणपुर नगरपालिकामा वडाध्यक्षहरूको धर्ना जारी छ। आठौँ नगरसभामा आयव्यय सार्वजनिक गर्नुपर्ने र वडाहरूलाई समान रूपमा बजेट उपलब्ध गराउनुपर्ने माग राख्दै १५ असोजदेखि कल्याणपुर नगरपालिकाका विभिन्न पाँचवटा वडाका अध्यक्षहरूले धर्ना दिएका हुन्।

वडाध्यक्षहरूले कल्याणपुर नगरपालिका कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेपछि कार्यालयको कामकाज प्रभावित बनेको छ। गत आर्थिक वर्ष ०७९/८० को आयव्यय सार्वजनिक गर्नुपर्ने र वडालाई दिँदै आएको बजेट समान रूपमा उपलब्ध गराउनुपर्ने माग राख्दै धर्ना सुरु गरेको १५ दिन पुगेको छ।

तीन राजनीतिक दलका पाँचजना वडाध्यक्षहरू धर्नामा बसेका छन्। जनता समाजवादीबाट निर्वाचित वडाध्यक्षहरू जयराम कामती (वडा नम्बर १), मोहम्मद सकिर (वडा नम्बर २), नन्दकिशोर साह (वडा नम्बर १०), कांग्रेसबाट निर्वाचित किशोरी यादव (वडा नम्बर ८) र जनमत पार्टीबाट निर्वाचित विनोद यादव (वडा नम्बर ९) धर्नामा बसेका छन्। आफूहरूको माग पूरा नभएसम्म शान्तिपूर्ण धर्ना जारी राख्ने वडाध्यक्ष जयराम कामतीले बताए। धर्नामा जनता समाजवादी पार्टी, कांग्रेस, माओवादी, जनमत पार्टी, राप्रपालगायतको समर्थन छ।

शान्तिपूर्ण धर्ना जारी रहेकै वेला कल्याणपुर नगरपालिकामा मेयर रामपुकार साह पक्ष र आन्दोलनमा उत्रिएका वडाध्यक्षपक्षबीच १८ असोजमा दोहोरो झडप भएको थियो। झडपमा ढुंगामुढा भएपछि स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी र सशस्त्र प्रहरीले बल प्रयोग गरेको थियो। त्यसक्रममा प्रहरीले २७ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो। पाँच राउन्ड हवाइफायर पनि गरिएको थियो। झडपमा परी सुरक्षा निकायका ६ जना गरी १५ जनाभन्दा वढी समान्य घाइते भएका थिए।

कल्याणपुर नगरपालिकाका मेयर रामपुकार साहले २१ असोजमा पत्रकार सम्मेलन गर्दै आयव्यय सार्वजनिक गर्ने घोषणा गरेका थिए। विपक्षीहरूले आफूलाई असफल बनाउन आन्दोलन र अनेक षड्यन्त्र गरेको उनको दाबी थियो। 'लोकतन्त्रमा आन्दोलन गर्न पाइन्छ। आन्दोलन जायज हुनुपर्छ,' साहले भने,'आन्दोलनमा उठाइएका हरहिसाब सार्वजिक गर्नुपर्ने माग पूरा गर्न तयार छु। वार्ताका लागि आह्वान गरेको छु। निकास निकाल्न सुरक्षा निकाय पनि जुटेको छ।'

कल्याणपुर नगरपालिकामा जारी धर्ना रोक्न जिल्ला प्रशासन कार्यालय सिराहाले पहल गरे पनि निष्कर्षमा पुग्न सकेको छैन। जिल्ला प्रशासन कार्यालयमा १७ असोजमा दुवै पक्षबीच छलफल चलिरहँदा मेयर साहले आन्दोलनकारीलाई 'आतंककारी' भनेपछि सहमति बिथोलिएको थियो। त्यसपछि आन्दोलनरत वडाध्यक्षसहितको टोली नाराबाजी गर्दै कल्याणपुर फर्किएका थिए। यसबीचमा जिल्ला प्रशासनले समस्या आन्दोलनरत र मेयर पक्षलाई जिल्ला प्रशासन कार्यालयमा बोलाएर छलफल गरे पनि सहमति बन्न सकेको छैन।

'एनिमल'मा बबी



एक्सन थ्रिलर फिल्म एनिमलमा बबी देओल नेगेटिभ रोलमा देखिँदै छन् । यस फिल्मलाई सन्दीप रेड्डी भंगाले निर्देशन गरेका हुन् । फिल्ममा रणवीर कपुर मुख्य भूमिकामा छन् भने अनिल कपुर, रश्मिका मन्दाना, तृप्ति डिम्रीलगायतको पनि अभिनय छ ।

अल्लु अर्जुनलाई अवार्ड



दिल्लीमा आयोजित भारतको ६९औँ नेसनल फिल्म अवार्डमा 'पुष्पा'बाट अल्लु अर्जुन उत्कृष्ट अभिनेता घोषित भएका छन् । उत्कृष्ट अभिनेत्रीको अवार्ड आलिया भट्ट र कृति सेननलाई संयुक्त रूपमा दिइयो । रकेट्री : द नम्बी इफेक्टले उत्कृष्ट फिल्मको अवार्ड जित्यो । अभिनेत्री वहिदा रहमान दादा साहेब फाल्के पुरस्कारबाट सम्मानित भएकी छिन् ।

दसैँ बिदामा बालबालिकाको हेरचाह

● डा. अनिलराज ओझा
बालविकास विशेषज्ञ, पाटन अस्पताल



बिदामा बालबालिका स्क्रिनमा बढी समय बिताउन खोज्छन् । मोबाइल, ल्यापटप, टिभीमा गेम खेल्ने हुनाले समय धेरै बित्न सक्छ । यसले उनीहरूको विकासमा असर पुग्छ । यसलाई कम गर्न पनि उनीहरूलाई अन्य गतिविधिमा व्यस्त राख्नुपर्छ । शारीरिक रूपमा सक्रिय रहने फुटबल, क्रिकेट, ब्याडमिन्टनजस्ता खेल खेलाउन सकिन्छ ।

● डा. विजय ज्ञवाली
मनोविद्, अमोहा क्लिनिक



दसैँका वेलामा कतिपय अभिभावक खानपिन र रमाइलोमा व्यस्त हुँदा आफ्नो बच्चाको पर्याप्त हेरचाह गर्न पाउँदैनन् । बच्चाले डिस्टर्ब नगरून् भनेर मोबाइल दिने वा टिभी खोलिदिने अनि आफू अन्य काममा सक्रिय रहने गर्छन् । तर, बालबालिकालाई घरायसी गतिविधिमा पनि संलग्न गराउनुपर्छ । घर सफा गर्ने, पूजापाठ गर्ने, खानेकुरा पकाउनेलगायत काम गर्दा उनीहरूलाई पनि सँगसँगै राख्नुपर्छ ।

दसैँ आउँदा सबैभन्दा रमाइलो बालबालिकालाई लाग्छ । स्कुल बिदा हुने भएकाले दसैँ-तिहारको बिदाको महत्त्व बेग्लै हुन्छ । अधिकांश विद्यालयले दसैँ, तिहार र छठ पर्वको एकैसाथ एक महिने बिदा दिने गरेका हुन्छन् । कतिपयले दसैँलगत्तै विद्यालय सञ्चालनमा ल्याउँछन् ।

बिदाको समयमा अभिभावकले उनीहरूको पढाइमा असर पर्ला भनेर चिन्ता गरेको पाइन्छ । बालबालिकाले बिदामा के गर्ने ? कसरी सदुपयोग गर्ने ? यस विषयमा अभिभावकले विशेष ध्यान दिनुपर्ने हुन्छ । उनीहरूलाई बिदाको समय विभिन्न क्रियाकलापमा सक्रिय बनाउन सकिन्छ । बालबालिकाको शारीरिक तथा मानसिक विकास हुने खालका क्रियाकलापमा सक्रिय बनाउन सकिन्छ ।

पाटन अस्पतालका बालविकास विशेषज्ञ डा. अनिलराज ओझा बिदाको समयमा उमेरअनुसार बालबालिकालाई विभिन्न क्रियाकलापमा सक्रिय बनाउन सकिने बताउँछन् । उनी भन्छन्, 'साना बच्चालाई इन्डोर गेम पनि खेलाउन सकिन्छ । उमेरअनुसार बच्चालाई विभिन्न खेल खेलाउन सकिन्छ । पेन्टिङ गराउने, साना बच्चालाई खेल्ने सामग्रीहरू किनेर ल्याइदिने गर्नुपर्छ । यसो हुँदा उनीहरू खुसी पनि हुन्छन् र व्यस्त पनि ।'



'स्क्रिन' समय सीमित गर्नुस्

बिदाको समय बालबालिकामा 'स्क्रिन' समय बढी हुन सक्ने जोखिम रहने पाटन अस्पतलाका बालविकास विशेषज्ञ डा. अनिलराज ओझाले बताए । 'बिदाको समयमा बच्चाहरू स्क्रिनमा बढी समय बिताउन खोज्छन् । मोबाइल, ल्यापटप, टिभीमा गेम खेल्ने हुनाले समय धेरै बित्न सक्छ । यसले उनीहरूको विकासमा असर पुग्छ । यसलाई कम गर्न पनि उनीहरूलाई अन्य गतिविधिमा व्यस्त राख्नुपर्छ,' उनले भने, 'शारीरिक रूपमा सक्रिय रहने फुटबल, क्रिकेट, ब्याडमिन्टनजस्ता खेल खेलाउन सकिन्छ । यसले उनीहरूलाई सामाजिक पनि बनाउन सहयोग मिल्छ । जसले मानसिक र शारीरिक विकासमा मद्दत गर्छ,' उनले भने ।

बिदाको समयमा बच्चालाई सिर्जनात्मक काममा सक्रिय गराउन सकिने उनले बताए । 'उनीहरूको ज्ञान बढाउने खालका क्रियाकलाप गराउन सकिन्छ । बुबाआमासँगै बसेर कथा पढ्न सकिन्छ । नयाँ ठाउँमा घुमाउन लैजानुपर्छ । पार्कतिर घुमाउन लैजान सकिन्छ । प्रकृतिसँग नजिक हुन सिकाउनुपर्छ । विभिन्न सामाजिक भेटघाट तथा सांस्कृतिक कार्यक्रममा लैजान सकिन्छ ।'

बिदाको समयमा अभिभावकले उनीहरूको पढाइमा असर पर्ला भनेर चिन्ता गरेको पाइन्छ । बालबालिकाले बिदामा के गर्ने ? कसरी सदुपयोग गर्ने ? यस विषयमा अभिभावकले विशेष ध्यान दिनुपर्ने हुन्छ । उनीहरूलाई बिदाको समय विभिन्न क्रियाकलापमा सक्रिय बनाउन सकिन्छ ।


अमोहा क्लिनिकका मनोविद् डा. विजय ज्ञवाली बालबालिकालाई दसैँ-तिहारको सांस्कृतिक पक्ष बुझाउन अभिभावकको ठूलो भूमिका रहने बताउँछन् । धार्मिक, सांस्कृतिक र नैतिक ज्ञान आर्जन गर्ने अवसर चाडपर्वले प्रदान गर्ने भएकाले अभिभावकले आफूसँगै सामाजिक गतिविधिमा बच्चाहरूलाई संलग्न गराउनुपर्ने उनले बताए । 'नेपालीको एक मुख्य चाड भएको कारणले यसको विशेष महत्त्व छ । दसैँका वेलामा कतिपय अभिभावक खानपिन र रमाइलोमा व्यस्त हुँदा आफ्नो बच्चाको पर्याप्त हेरचाह गर्न पाउँदैनन् । बच्चाले डिस्टर्ब नगरून् भनेर मोबाइल दिने वा टिभी खोलिदिने अनि आफू अन्य काममा सक्रिय रहने गर्छन् । तर, हामीले बच्चालाई घरायसी गतिविधिमा पनि संलग्न गराउने गर्नुपर्छ,' ज्ञवालीले भने, 'घर सफा गर्ने, पूजापाठ गर्ने, खानेकुरा पकाउनेलगायत काम गर्दा उनीहरूलाई पनि सँगसँगै राख्नुपर्छ । ठूलाबडाबाट उनीहरूले संस्कार, संस्कृति र विभिन्न ज्ञान आर्जन गर्न सक्छन् ।'

बच्चालाई परिवार तथा समाजको महत्त्व बुझाउने अवसरका रूपमा दसैँलाई लिनुपर्ने उनले बताए । 'बच्चालाई परिवारको महत्त्व बुझाउने अवसर पनि हो । अभिभावकले बच्चासँग समय बिताउने अवसर पनि हो,' उनले भने । शिक्षकहरूले पनि बच्चालाई दसैँको बिदामा दसैँ तथा हाम्रा मौलिक पर्वसँग सम्बन्धित गृहकार्य दिनु राम्रो हुने ज्ञवालीको सुझाव छ । 'यस्ता गृहकार्यले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास हुन्छ । कला, गीत, नृत्य, संस्कृति र परम्पराबारे बुझ्न र बुझाउन सकिन्छ,' ज्ञवालीले भने, 'बिदालाई गलत तरिकाले प्रयोग नगरून् भनेर विद्यालयले यस्ता गृहकार्य दिन सक्छन् । तर, अत्यधिक गृहकार्य दिएर बच्चामाथि उल्टै दबाब सिर्जना गर्नुहुँदैन । चाडपर्वमा उनीहरूलाई पनि रमाउन दिनुपर्छ ।'


ब्युटी टिप्स

सुन्दर देखिन

पार्टी होस् वा चाडबाड, मेकअपविना खल्लो लाग्छ । मेकअपका लागि ब्युटिपार्लर नै जानुपर्छ भन्ने छैन । तर, केही सामान्य कुरा ख्याल राख्न जरुरी छ ।



● **हल्का मेकअप** : चाडबाडमा प्रायः धेरै महिलाले साडी, कुर्था, लेहेंगा लगाउन रुचाउनुहुन्छ । रातो वा उज्यालो रङका पहिरन यस अवसरमा धेरैको रोजाइमा पर्छ । रातो पहिरनसँग रातो लिपस्टिक म्याच गर्छ । तर, रातो वा गाढा रङको लिपस्टिक लगाउँदा तपाईंले धेरै हेभी मेकअप गर्नुहुँदैन । हल्का मेकअप गर्नु राम्रो हुन्छ ।



शर्मिला बज्राचार्य
ब्युटिसियन
निर्भाना मेकअप स्टुडियो

● **ब्युटी प्रडक्टको चयन** : बजारमा धेरैखाले ब्युटी प्रडक्ट पाइन्छन् । तर, तपाईंले गुणस्तरीय प्रडक्ट रोज्नुपर्छ । आफ्नो छालालाई सुहाउँदो र असर नगर्ने खालका प्रडक्ट प्रयोग गर्नुस् । यसका लागि ब्युटिसियनसँग परामर्श पनि लिन सकिन्छ ।

● **कपाल** : विभिन्न स्टाइलका जुरो बनाउन सकिन्छ । कपाल कर्ल गरेर खुला छाड्दा पनि परम्परागत पहिरनमा राम्रो देखिन्छ । कतिपयलाई स्ट्रेट कपाल सुहाउँछ । ढाकालगायतका परम्परागत कपडा लगाउँदा लाछाडोरीले कपाल बाट्न पनि सकिन्छ । यसले परम्परागत लुक्स दिन्छ । आफ्नो अनुहारको सेपअनुसार हेयर डिजाइन गर्नु राम्रो हुन्छ । धेरैजसोले चाडबाडकै समय हेयर स्ट्रेट गर्ने गर्नुहुन्छ । यसका लागि पनि गुणस्तरीय प्रडक्ट प्रयोग गर्नेतर्फ सतर्क रहनुपर्छ ।

समयमै उठ्न...



कतिपय मानिस बिहान चाँडो उठ्न चाहन्छन् । त्यसका लागि राति नै अलार्म राखेर सुत्छन् । तर, बिहान अलार्म बजेपछि त्यसलाई बन्द गरेर फेरि सुत्छन् र कोही उठाउन आयो भने पनि रिसाउँछन् । यस्तो अवस्थाबाट धेरै मानिस गुज्रिएका हुन्छन् । इच्छाशक्ति बलियो बनाउने र स्वस्थकर जीवनशैली जिउने हो भने यस्तो समस्याबाट टाढा रहन सकिन्छ ।

राति सातदेखि नौ घन्टाको पूरा निद्रा लिन जरुरी छ । रातको समय चाँडै सुत्नुभयो भने अझै राम्रो हुन्छ । यसले गर्दा तपाईं पर्याप्त निदाउन सक्नुहुन्छ र निद्रा पूरा भएपछि उठ्ने संकेत शरीर आफैँले दिन्छ ।

रातको समय भोजन कम लिनुपर्छ । अधिक खानाले पेट भारी हुन्छ र निद्रा राम्रोसँग लाग्दैन । र, ढिला निद्रा परेपछि बिहान पनि ढिलै उठिन्छ । रातमा सुत्नुभन्दा तीन घन्टा पहिले खाना खानु राम्रो हुन्छ । त्यस्तै, रातको समय चिया, कफी पिउने बानी पनि छोड्नुस् ।

कोही मानिस बिहान उठ्न धेरै मुस्किल छ भन्ने सोच्छन् । यस्तो डरले तपाईंको दैनिक रुटिन खराब भइरहेको हुन्छ । केही दिनसम्म मुस्किल भए पनि बिस्तारै सहज हुँदै जान्छ भन्ने याद गर्नुस् । दुई हप्तामा तपाईंको शरीर बिहान उठ्नका लागि मज्जाले तयार भइसकेको हुन्छ । त्यसैले धैर्य राख्नुस् ।

यदि आठ घन्टाभन्दा लामो समय सुतेर उठ्दा पनि तपाईंको शरीर थाकेको हुन्छ, वा तपाईंलाई भारी महसुस हुन्छ भने कुनै स्वास्थ्य समस्या देखिएको हुन सक्छ । यस्तो अवस्थामा तुरुन्त डाक्टरसँग सम्पर्क गर्नुस् ।

कसरी गर्ने मोबाइलको जतन ?



● मोबाइलको स्क्रिनमा टेम्पर्ड ग्लास राख्नाले मोबाइलको स्क्रिन स्क्र्याच हुनबाट जोगिन्छ । मोबाइल झुक्किएर खसिहाले पनि स्क्रिन फुट्नबाट जोगिन्छ । मोबाइल खस्नबाट जोगाउन हातमा सजिलै अड्कने खालको नचिप्लिने कभर किन्न पाइन्छ । कभरले मोबाइललाई सुरक्षित राख्छ ।

● पानी र चिसोका कारण मोबाइल बिग्रने गर्छ । त्यस्तै, अत्यधिक तातोले पनि समस्या निम्त्याउँछ । यसलाई स्टोभ, चिम्नी, चुलो तथा हिटरजस्ता उपकरणबाट टाढै राख्नुपर्छ । पसिना, पानी या अन्य तरल पदार्थले भिजेको हातले मोबाइल समाउने गर्नु पनि हुँदैन ।

दसैँमा फर्निचर खरिद गर्दा...

सहरी क्षेत्रमा आधुनिक शैलीका घरमा निर्माणसँगै आकर्षक र आरामदायी फर्निचरको प्रयोग बढेको छ । दसैँमा घरका कोठालाई सजाउन चाहनेहरूको संख्या अझै धेरै देखिन्छ । हामीले नयाँ फर्निचर किन्दा केही कुरामा भने ख्याल राख्न जरुरी छ ।



मुकेश महर्जन
इन्टेरियर डिजाइनर
गाब्को डिजाइन एन्ड बिल्ड प्रालि

कोठाको रङसँग म्याच हुने गरी फर्निचर खरिद गर्नुपर्छ । सोफा मिलाउँदा लाइट नमिल्ने, पर्दा मिलाउँदा भित्ताको रङ नमिल्ने भयो भने भद्दा देखिन्छ । त्यसले मोडर्न वा क्लासिक कुन थिममा डिजाइन गर्ने भन्ने पहिल्यै तय गर्नुपर्छ । यसका लागि इन्टेरियर डिजाइनरसँग सल्लाह लिन पनि सकिन्छ । कोठामा उपलब्ध क्षेत्रफलअनुसार फर्निचर किन्नुपर्छ । कतिपय अवस्थामा मानिसहरू हतारमा फर्निचर किनेर ल्याउँछन् । तर, कोठामा त्यो म्याच नहुन पनि सक्छ ।

आवश्यकताअनुरूप फर्निचरको सूची तयार गरी खरिदको योजना बनाउनु राम्रो हुन्छ । आफ्नो घरमा सुहाउँदो र खर्च कम लाग्ने फर्निचर छनोट गर्नु बुद्धिमानी हुन्छ ।

घरमा एकैखाले फर्निचर राख्नुभन्दा पनि कोठाअनुसार फरक-फरक बनाउँदा लुक्स आकर्षक देखिन्छ । रङ र डिजाइनसँगै कत्तिको टिकाउ छ भन्ने पनि ख्याल गर्नुपर्छ । हतारमा सामान किन्दा कमसल पनि पर्न सक्छ ।



नेपाली बजारमा स्वदेश र विदेशमा उत्पादित विभिन्न ब्रान्डका नयाँ डिजाइनका फर्निचर पाइन्छन् । सस्तो बजेटमा पनि फर्निचर राख्न सकिन्छ । वालपेपर, फ्लोरिङअनुसार कसरी कोठालाई चिटिक्क बनाउने, भान्सा, बेडरुम र बैठकमा कस्ता फर्निचर राख्ने भन्ने विषय ख्याल गर्नुपर्छ ।

फलदारी कोफ्ता करी बनाउने विधि



● **सामग्री** : उसिनेको आलु ५०० ग्राम, ग्रेट गरेको पनिर ३०० ग्राम, काँचो केरा उसिनेर मुछेको २०० ग्राम, बेसन एक कप, तेल ४० एमएल, होल गरम मसला ३ ग्राम, अदुवा-लसुनको पेस्ट १५ ग्राम, जिरा गेडा आधा चियाचम्चा, मसिनो गरी काटेको प्याज ६० ग्राम, गेलभेँडा ४० ग्राम, गरम मसलाको धुलो आधा चियाचम्चा, बेसार आधा चियाचम्चा, जिरा-धनियाँको धुलो एक-एक चियाचम्चा, खुर्सानीको धुलो एक चियाचम्चा, नुन-मरिच स्वादअनुसार, हिङ आधा चियाचम्चा, काजुको पेस्ट आधा कप, टोमाटो पिउरी आधा कप, धनियाँ एक मुठा, बटर दुई चियाचम्चा, क्रुकिङ क्रिम आधा कप, ड्राई नट २० ग्राम, रेड चेरी एक पिस ।

● **विधि** : आलु, पनिर, गाँजर, चप गरेको ड्राई नट, उसिनेको काँचो केरा, अदुवा-लसुनको पेस्ट एकचम्चा, सिजिनिङ बेसन हालेर गोलो-गोलो गुच्चाकार कोफ्ता बनाई तातेको तेलमा फ्राई गरी एक साइडमा राख्ने । अर्कोतर्फ कराईमा तेल तताएर गरम मसला र जिरा फुराउँदै ग्रेभी बनाउने र त्यसमा क्रिम, बटर, हिङ हाली चलाउने । फ्राई गरेको कोफ्ता ग्रेभीमा हाली दुई मिनेट पकाउने र अन्तमा धनियाँ हालेर रोटी या भुजासँग सर्भ गर्ने ।

हराउँदै पिङ र चंगा

परापूर्वकालदेखि पिङ खेल्ने चलन थियो, दसैँमा एक दिन भुइँ छोड्नुपर्छ भन्ने प्रचलन थियो



प्रा.डा. सोमप्रसाद खतिवडा
त्रिभुवन विश्वविद्यालय

दसैँ उमंगको पर्व हो । परदेशमा गएको मान्छे घरमा आएपछि गरिने उत्सव हो । दसैँजस्ता पर्वहरूका धेरै उद्देश्यमध्ये भेटघाट एक हो । आध्यात्मिक उन्नयन (देवीको पाठ गर्ने, स्तुति गर्ने, पितृलाई स्मरण गर्ने) लगायत कार्य यस चाडमा गरिन्छ । स्वास्थ्यसँग पनि दसैँको सम्बन्ध जोडिएको हुन्छ । यस समय मिठा-मिठा खानेकुरा खाने गरिन्छ । परिवारसँगै बसेर मनोरञ्जन गरिन्छ ।

दसैँ नेपालीहरूको ठूलो पर्व भएको हुनाले हर्षोल्लासका साथ मनाइन्छ । दसैँमा रोटे पिङ, लिंगे पिङलगायत अन्य विभिन्न किसिमका खेलकुद ठाउँअनुसार आयोजना हुन्छन् । ग्रामीण परिवेशमा परापूर्वकालदेखि दसैँमा पिङ खेल्ने चलन थियो । दसैँमा एक दिन भुइँ छोड्नुपर्छ भन्ने प्रचलन थियो । यसर्थ, दसैँ उमंगको पर्व हो । परिवार भेटघाट गर्ने अवसर हो । यस समय अन्नबाली फलेको हुन्छ । मानिसको काम गर्ने समय सकिएको हुन्छ । त्यही कारण फुर्सदमा बसेर मानिसहरू मनोरञ्जन गर्छन् ।



मनोरञ्जनको परम्परागत माध्यम पिङ

पिङ मनोरञ्जनको पराम्परागत माध्यम हो । स्थानीय सामग्री प्रयोग गरेर मानिसहरू मिलेर गाउँघरमा लिंगे पिङ, रोटे पिङ हाल्ने र खेल्ने गरिन्थ्यो । तर, अहिले सहरी क्षेत्रमा दसैँ मेलामा मानिसहरू जमघट हुने गर्छन् । आधुनिक किसिमका मेसिनबाट चल्ने पिङमा झुम्मिन्छन् । युट्युबमा भिडियो, टिकटक बनाउने, घुम्न जाने, सिनेमा हेर्न हलमा जानेजस्ता कार्य दसैँमा हुन थालेका छन् । परम्परागत पिङप्रति आकर्षण कम हुनुको कारण मानिसहरूको व्यस्तता पनि हो । सहरी तथा आधुनिकीकरणको विकासले गर्दा लामो समयसम्म मान्छेलाई फुर्सद हुँदैन । पहिले-पहिले गाउँमा पिङ हालेपछि मात्रै दसैँ लागेजस्तो हुन्थ्यो । दशैँमा एक दिन भुइँ छोड्नुपर्छ भन्ने मान्यता थियो । अहिले धेरै युवा बिदेसिएका छन् । त्यसैले परम्परागत साधनहरू बनाउन र प्रयोग गर्न पनि कठिन भइरहेको छ । यद्यपि, हामीले गाउँघरमा यस्ता सामग्री र सीप जोगाउन आवश्यक छ । यसले हाम्रो मौलिकताको झल्को दिन्छ ।

घट्दै चंगामोह



चंगाले दसैँ आएको संकेत गर्छ । बजारमा रंगीबिरंगी चंगा बिक्रीमा राखिएका हुन्छन् । केही वर्षअघिसम्म दसैँका वेला आकाशमा ठूलो संख्यामा चंगा देखिन्थ्यो । हिजोआज ठूला-ठूला सपिङ मल तथा व्यावसायिक भवन सिँगार्न चंगाको प्रयोग भइरहेजस्तो देखिन्छ । आकाशमा चंगा उडाएर रमाउनेको संख्या घट्दो छ ।

समय परिवर्तन भयो । बच्चाहरू मोबाइलमा खेल्न र रमाउन थाले । शरद ऋतुको मौसम, निलो आकाश उपयुक्त मानिन्छ । तर, चंगा चेट गर्नेहरू खासै देखिँदैनन् । खुला स्थानको अभाव, प्रविधिको विकाससँगै कोठामै मोबाइल ल्यापटपमा विभिन्न भिडियो गेम खेल्न सकिने सुविधा, सिनेमालगायत कारणले मानिसको रुचि चंगामा घटेको हुन सक्छ ।

आजको आवश्यकता : बृहत् राष्ट्रिय एकता

अहिलेको मुख्य समस्या राजनीतिक अस्थिरता नै हो भन्नेमा सबै सहमत भए पनि यसको विकल्पमा बहस गर्न कोही चाहँदैनन्



● विष्णुप्रसाद पन्थ

अग्रलेख

आज देशभक्तहरूको दिमागमा एउटै छट्पटी उत्पन्न भएको छ, त्यो हो : देशलाई कहिलेसम्म अन्धकारमा राख्ने ? आजको परिस्थितिलाई गम्भीरतापूर्वक नियाल्ने हो भने देश, झन् पछि झन् अन्धकार र पश्चगमनतिर फसिरहेको छ। हामी नारा अगाडि जाने लगाउँछौं, तर यात्रा पछाडि फर्काउँछौं। आजको विश्वमानचित्रमा हामी दिनदिनै ओरालो मात्र लागेका छौं। यस्तो लाग्छ, यही मनोविज्ञान हाबी भइरहेमा हामी उकालो चढ्ने हिम्मत पनि गर्न सक्दैनौं। देशभित्र बस्ने आमनागरिकको छटपटी र रोदन के हामीले सुन्न सकेका छौं त ? आजको युग पुँजीवादी युग हो र यस युगमा जन्मिन र बाँच्न पनि पैसा चाहिन्छ, एकजना विद्वान्ले भनेका छन्- पैसा भएन भने हाम्रा पाँचवटै ज्ञानेन्द्रिय काम नलाग्ने वा निष्क्रिय हुन्छन्। मान्छे आज पैसा कमाउने होडबाजीमा लागेको छ। आजको युग विश्वव्यापीकरणको युग भएको हुनाले अवसर र प्रतिस्पर्धाको खोजी विश्वव्यापी बनेको छ। आज मान्छेमा कतिवेला विदेश जाऊँ भन्ने हुटहुटी छ। नेपालमा बस्यो भने मान्छे कामै नपाएर डिप्रेसनको सिकार बनेर मर्ने सम्भावना बढी छ। यो भयावह र तरल अवस्थाबारे राजनीतिक दलहरू बेखबर र मौन छन्। देशको चिन्ता नै नगर्ने राजनीतिजस्तो दुर्भाग्य अरू केही नहुँदो रहेछ। हाम्रो राज्य प्रणालीमा कुनै गम्भीरता र जवाफदेहिता नै छैन। हामीले पञ्चायतलाई गाली गर्‍यौं र बहुदल ल्यायौं। राजतन्त्रलाई सत्तोसराप गर्‍यौं र गणतन्त्र ल्यायौं। फेरि आज के हुँदै छ ? आजसम्मको उतारचढावले भन्छ- कुनै पनि व्यवस्था खराब वा असल दुवै हुँदैन। हामीले गृहयुद्ध अनि विभाजनका नारा लगाएर देशको हित हुँदैन। वास्तवमा हामीले देशको भविष्यबारे चिन्ता गर्नैपर्छ। सबैभन्दा पहिले सबै मिलेर देशलाई जोगाउने साझा सूत्र पत्ता लगाऔं न। देशलाई अगाडि बढाउने तीनवटा न्यूनतम सूत्र वा कार्यक्रम छन्, ती हुन्- १. राजनीतिक स्थिरता, २. आत्मनिर्भर अर्थतन्त्र र ३. बृहत् राष्ट्रिय एकता।

१. **राजनीतिक स्थिरता** : वास्तवमा भन्ने हो भने बहुदल आएपछि सधैं हामीले संसदीय व्यवस्थालाई अँगिकार गर्‍यौं। संसदीय व्यवस्थाको कुरुपता भनेकै राजनीतिक अस्थिरता हो। कति सरकार, प्रधानमन्त्री र मन्त्री बदल्ने खेलमा हामी अल्झिरहने ? केही नयाँ काम गर्न लाग्यौं कि सरकार नै ढलिहाल्ने हाम्रो नियति बन्यो। वैदेशिक हस्तक्षेप पनि हाम्रो मुख्य समस्या हो। राजनीतिक अस्थिरताका कारण वैदेशिक हस्तक्षेप बढ्छ। कुनै पनि सरकारले लोकप्रिय काम गर्न लाग्यो कि ढल्यो। त्यसकारण हामीलाई राजनीतिक स्थिरता पहिलो नम्बरमा चाहिएको छ। नेपालमा केही गर्नका लागि हामीलाई चाहिन्छ : आवधिक शक्तिशाली सरकार।

एकपटक निर्वाचित भएपछि पाँच वर्षका लागि उसले विनादबाब काम गर्न सकोस्। नियन्त्रण र सन्तुलन वा चेक एन्ड ब्यालेन्सको सिद्धान्तअनुसार पनि संसदीय सर्वोच्चता गलत र हानिकारक हुन्छ। संसदीय व्यवस्थामा त कार्यपालिका र न्यायपालिकामा पूर्ण रूपले संसद्को नियन्त्रण हुन्छ। आजको मुख्य समस्या राजनीतिक अस्थिरता नै हो भन्ने तथ्यमा सबै सहमत छन्, तर विकल्पमा बहस गर्न कोही चाहँदैनन्।

२. **आत्मनिर्भर अर्थतन्त्र** : हाम्रो आजको अर्थप्रणाली भनेको परनिर्भर अर्थप्रणाली हो। आजको अर्थव्यवस्थालाई दलाल पुँजीवाद भन्ने भाष्य लोकप्रिय बनेको छ। त्यसकारण आजको परनिर्भर दलाल अर्थप्रणालीका ठाउँमा हामीलाई आत्मनिर्भर तथा समाजवादी अर्थप्रणाली चाहिएको छ। आयातलाई प्रतिस्थापन गर्ने तथा निर्यातलाई प्रवर्द्धन गर्ने अर्थतन्त्रको आवश्यकता छ। आत्मनिर्भर बन्ने बाटो हो- उत्पादन।

हाम्रो देश कृषिप्रधान देश भएको हुनाले कृषि उत्पादन नै हाम्रो मुख्य मेरुदण्ड हो। हामीले हाम्रो परम्परागत कृषि प्रणालीलाई बदल्नुपर्नेछ। निर्वाहमुखी कृषिलाई थाती राख्दै नाफामूलक कृषिको खोजी गर्नुपर्छ। आजको विश्वमा अर्ग्यानिक खेतीको माग बढ्दै छ र त्यसका लागि हाम्रो भूगोल



उत्कृष्ट छ। हामीले नेपाललाई अर्ग्यानिक खेती र जडीबुटीको हब बनाउन सक्छौं। कृषि पर्यटनको विशाल सम्भावना पनि हामीसँगै छ। उद्योगहरू पनि हामीले हाम्रा उत्पादनलाई प्रवर्द्धन गर्ने ढंगबाट खोल्नुपर्छ। पानी, बिजुली, कृषि, पर्यटन, जडीबुटीलाई सही ढंगले विकास गर्ने दीर्घकालीन योजना हामीलाई चाहिन्छ। हाम्रो बल भनेकै हामीसँग जमिन छ र विश्वका लगभग सबै हावापानी भएको दुर्लभ वातावरण हामीसँग छ। त्यसकारण हामीले व्यापारिक वा मुनाफामा आधारित कृषिलाई ध्यान दिन सक्नुपर्छ। उत्पादन र वितरणमा राज्यको भूमिका प्रभावकारी हुन आवश्यक छ। कृषिलाई विकास गर्ने गरी थुप्रै संघसंस्था र व्यक्तिले पहल गरेको पनि देखिन्छ। त्यसकारण हाम्रा युवालाई पहिले काम चाहिएको छ। दोस्रो, आम्दानी, मुनाफा वा कमाइ चाहिएको छ र तेस्रो, आत्मसम्मान चाहिएको छ। आजको दुरवस्था हो- राज्यले युवालाई काम दिन नसकेर विदेश पठाइरहेको छ। सरकार भने रेमिट्यान्सबाट चल्न पाएकामा मखलेल बनेको छ। हाम्रो देशका लागि आम्दानीको अर्को अवसर पर्यटन हो।

> आजसम्मको हाम्रो राजनीति एकले अर्कालाई सत्तोसराप गरेर बितेको छ। सत्तामा जाने र नजाने, चुनावमा भाग लिने र नलिने वा यो व्यवस्थालाई मान्ने र नमान्नेबीच अनौठो दरार उत्पन्न भएको छ। यस्तो विभाजनले सम्भव होला त समृद्धि ?

धार्मिक र प्राकृतिक पर्यटन हाम्रा लागि स्वर्णिम र दुर्लभ अवसर हो। प्राकृतिक सौन्दर्यका हिसाबले हाम्रो देश विश्वकै अद्वितीय छ। धार्मिक पर्यटनको सम्भावना पनि प्रचुर छ। हिन्दू र बौद्ध धर्मावलम्बीलाई आकर्षित गर्ने गरी धार्मिक पर्यटनको विकास गर्नु दीर्घकालीन आम्दानीको स्रोत बन्न सक्छ।

३. **बृहत् राष्ट्रिय एकता** : हाम्रो देशको आफ्नै विशिष्टता छ। भौगोलिक वा क्षेत्रफलका हिसाबले हाम्रो देश सानो छ। हाम्रो छिमेकी देश विशाल छन्। दुई ठूला देशका बीचमा हामीले आफ्नो प्रभावकारी र गौरवशाली अस्तित्व खोज्नुपर्छ।

कुनै पनि देश शक्तिशाली बन्न तीनवटा हतियार हुन्छन्- १. अर्थतन्त्र, २. सैन्य बल र ३. विज्ञान र प्रविधि। यी तीनवटै हतियारलाई राजनीतिले निर्देशित गरेको हुन्छ। जुन देशमा बृहत् एकता हुन्छ, त्यो देशले समृद्धिको दिशामा फड्को मार्छ। निषेध र प्रतिशोधबाट देश वा समाजको बर्बादी मात्र हुन्छ। हाम्रो इतिहास भनेको बाइसे-चौबीसे राज्यहरूको एकीकरणबाट बनेको हो। हामीलाई थाहा छ, देशमा ठुल्ठूला समस्या छन्- भ्रष्टाचार, राजनीतिक अस्थिरता, बेरोजगारी, युवाको विदेश पलायन, सुशासन अनि परनिर्भर तथा दलाल पुँजीवादी अर्थतन्त्र।

आजसम्मको हाम्रो राजनीति एकले अर्कालाई सत्तोसराप गरेर बितेको छ। सत्तामा जाने र नजाने, चुनावमा भाग लिने र नलिने वा यो व्यवस्थालाई मान्ने र नमान्नेबीचमा अनौठो दरार उत्पन्न भएको छ। आज देशमा अनौठो मनोविज्ञानको विकास हुँदै छ। पुराना दल र नेताहरूमा यथास्थितिमा बसिरहने चाहना छ भने नयाँ पुस्तामा व्यापक फेरबदल गर्ने चाहना छ। आज युवामा पुरानो पुस्ताप्रति निकै आक्रोश, घृणा र विद्रोह उत्पन्न हुँदै छ। नयाँ केही गर्न तयार नहुने पुरानो पुस्ता र ठुल्ठूला सुधार, परिवर्तन र पारदर्शिता चाहने नयाँ पुस्ताबीचको टकराव बढ्न सक्छ। गत चुनावमा स्वतन्त्रहरूको प्रभाव र आकर्षण पनि हामीले देख्यौं। वास्तवमा यी दुई प्रवृत्तिबीचको लडाइँ तीव्र र व्यापक बन्दै छ।

भ्रष्टाचारको विषय पनि त्यस्तै पेचिलो छ। देखाउनकै लागि भए पनि केही भ्रष्टाचारका फाइल खोल्नैपर्ने बाध्यता छ। नातावाद, कृपावाद वा फरियावादको विषयले पुराना नेता बदनाम र आलोचित छन्, तर सुधार वा रूपान्तरणको कुनै गुञ्जायस पनि देखिँदैन। यस्तो अविश्वसनीय वातावरणमा हामीले भन्नै पर्नेछ- बृहत् राष्ट्रिय एकता नै आजको आवश्यकता हो। देश बनाउन र बचाउनका लागि हामी सबै मिलेर जानुपर्नेमा शंका छैन। कुनै पनि व्यवस्थाको प्रत्येक १०-१० वर्षमा समीक्षा गर्नुपर्दो रहेछ। हामीले नेपालबाट एउटा नयाँ राजनीतिक सभ्यताको विकास गरौं न, ताकि प्रत्येक १० वर्षमा हामीले हाम्रो राज्य प्रणालीको समीक्षा र सुधार गर्ने पद्धतिको विकास गरौं। हाम्रो शासकीय स्वरूप, संसदीय प्रणाली, न्याय प्रणाली, संघीयता आदिबारे गुणस्तरीय छानबिन र समीक्षा गरौं। हाम्रो देश वा प्रणालीको विडम्बना के बन्यो भने हामीले देशलाई कंगाल बनायौं र आफू धनी बन्यौं। यो एउटा गलत दृष्टिकोणको जग बसाल्यौं। नेता, कर्मचारी र व्यापारीमा यही सिद्धान्तले घर गऱ्यो।

देश ऋणमा छ, जनता ऋणमा छन् तर हामी सीमित पहुँचवाला मान्छे धनी बन्यौं। हाम्रा धनाढ्यहरूले आफ्नो कमाइको निश्चित प्रतिशत सामाजिक कार्यमा लगाउनसम्म सकेनन्। आफूले सोचेभन्दा बढी आम्दानी गरेकाले राज्यलाई बढी नै कर तिर्छु भन्ने पनि निस्किएनन्। राज्य वा सरकारको भूमिका पनि त्यस्तै दयनीय बन्यो। आमनागरिकले सरकार छ भनेर कहिल्यै थाहा पाउँदैन। राज्यविहीनताको यस्तो अवस्थालाई हामीले बदल्नैपर्छ।

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



कोशी प्रकरणपछि कांग्रेसको राजनीतिकता गइरहेको देख्नुहुन्छ ?

कोशीमा कुनै समय गणेशमान सिंहले भन्ने गरेजस्तो टाउकाले पुच्छर हल्लाउने कि पुच्छरले टाउको ? भन्ने परिस्थिति देखिएको छ। संविधान पालना गर्ने नाममा दलीय घेरा पार गरेर कांग्रेसका केही सांसदले उपद्रो गरेका छन्। यसलाई वेलैमा सच्याउन या नियन्त्रण गर्न सकिएन भने त्यो डढेलो को शीपश्चिम पनि फैलिन सक्छ। पार्टीभित्रको बहुमतको अहंकारलाई रोक्ने नाममा अल्पमतको अरजकता क्षम्य हुँदैन। कांग्रेसको माओवादीकरणको विरोध गर्नेले कांग्रेसको एमालेकरण गरेका छन्। यसबारे पार्टीका महामन्त्रीद्वयले पार्टी नेतृत्वसामु आफ्नो प्रस्ट धारणा राखिसक्नुभएको छ।

कोशी प्रकरणले महामन्त्री गगन थापा र नेता शेखर कोइरालाबीच दूरी बढाएकै हो त ?

प्रस्टै त्यस्तो देखिन्छ। कोशीमा नेता कोइरालाको निर्णय कांग्रेसमा आन्तरिक छलफल गरेर लिइएको होइन, एमालेसित संवाद गरेर लिइएको हो। कांग्रेसको एमालेकरण सर्वथा गलत छ। दुई नेताबीच व्यक्तिगत कारणले भन्दा पनि पार्टीलाई सिद्धान्तगत रूपमा सञ्चालन गर्ने विषयमा दूरी बढेको देखिन्छ।

कांग्रेसले चाहेजस्तो कोशीमा एमालेलाई विश्वासको मत लिएपछि सत्ताबाहिर धकेल्न कति सहज देख्नुहुन्छ ?

उहाँहरूले भनेजस्तै भइदियो भने राम्रै हुन्छ। तर, यो त्यति सजिलो भने देखिन्न। अबका दिनमा मन्त्रिपरिषद् विस्तारमा कोशीका मुख्यमन्त्रीले माओवादीलाई हिस्सा दिनुहुन्छ कि हुन्न ? त्यसले गठबन्धन कता जान्छ भन्ने संकेत गर्नेछ। तीन नेता (प्रधानमन्त्री प्रचण्ड, शेरबहादुर देउवा र शेखर कोइराला) बीचको सहमति शपथग्रहणमै पालना भएन। त्यसैले, विश्वासको मतपछि के हुन्छ, अहिले नै भन्न कठिन छ।

प्रेरक प्रसंग

दुर्घटना र घाइतेको उपचार

एक चिकित्सक हतारहतार अस्पतालमा प्रवेश गरे। उनलाई कुनै दुर्घटनाका कारण आकस्मिक रूपमा बोलाइएको थियो। दुर्घटनाका घाइतेका आफन्तजन उनको प्रतीक्षामा थिए। चिकित्सकलाई देख्नासाथ घाइते युवकका पिताले भने- तपाईंहरू ड्युटी किन पूरा गर्नुहुन्न ? यहाँ आउन किन यति धेरै समय लगाउनुभयो ? मेरो छोरालाई केही भयो भने त्यसको जिम्मेवार तपाईं हुनुहुन्छ, बुझ्नुभयो ? चिकित्सकले विनम्रतापूर्वक भने- म माफी चाहन्छु। म अस्पतालमा थिइनँ। जब अस्पतालबाट कल आयो, तब सम्भव भएसम्म छिटो आइरहेको छु। कृपया ! तपाईंहरू शान्त रहनुहोस्। घाइते युवकका पिताले जर्गिँदै भने- शान्त रहनुस् रे ? के मेरो छोराको स्थानमा तपाईंको आफ्नो छोरो भएको भए तपाईं शान्त बस्न सक्नुहुन्थ्यो ? यदि कसैको लापरबाहीका कारण तपाईंको आफ्नो छोराको मृत्यु भएको भए तपाईं के गर्नुहुन्थ्यो ?

'भगवान्ले चाहनुभयो भने सबै ठिक हुन्छ। तपाईंहरू प्रार्थना गर्दै गर्नुहोस्।' यति भनेर चिकित्सक अप्रेसन कक्षभित्र प्रवेश गरे। युवकका पिता अझै भुतभुताउँदै थिए- सल्लाह दिन सजिलो छ। तर, जसले यस्तो घटना भेल्नुपर्छ, उसैलाई थाहा हुन्छ, यसको पीडा। करिब डेढ घन्टापछि चिकित्सक अप्रेसन कक्षबाट बाहिर निस्किए र हल्का मुस्कुराउँदै भने- भगवान्लाई धन्यवाद छ। तपाईंका छोरा अब खतरामुक्त हुनुहुन्छ। युवकका आफन्तजन खुसी भए। उनीहरू चिकित्सकलाई थप प्रश्न सोध्न थाले। ऊ कहिलेसम्म पूरै ठिक हुन्छ ? उसलाई डिस्चार्ज कहिले गर्नुहुन्छ ? तर, बाँकी प्रश्न नर्सलाई सोध्नू भन्दै चिकित्सक जसरी हतारहतार आएका थिए, त्यसैगरी हतारहतार बाहिरिए। 'यी चिकित्सक किन यति घमन्डी छन् ? यिनलाई यस्तो के चटारो परेको छ र हाम्रो प्रश्नको जवाफसम्म नदिई निस्किए ?' युवकका पिताले नर्सीसत सोधे। नर्सले आँखाभरि आँसु पारेर भनिन्- आज बिहान मात्र डाक्टरसाहेबका एक मात्र छोराको दुर्घटनामा परेर मृत्यु भयो। हामीले कल गर्दा उहाँ छोराको अन्तिम संस्कार गर्दै हुनुहुन्थ्यो। तर, कल पाउनासाथ उहाँ अन्तिम संस्कार रोकेर यहाँ आउनुभयो। त्यसैले, अहिले छोराको अन्तिम संस्कारका लागि जानुभएको हो। नर्सको जवाफ सुनेपछि घाइते युवकका पिता र आफन्तका आँखा आँसुले डम्म भरिए र उनीहरूलाई आफूले निकै ठूलो गल्ती गरेको महसुस भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मध्यपूर्वको तनाव कहिलेसम्म ?

गत शनिबार प्यालेस्टाइन विद्रोही समूह हमासद्वारा इजरायलमाथि जुन क्रूर आक्रमण भयो, त्यसको जति निन्दा गरे पनि कमै हुन्छ। तर, बदलास्वरूप इजरायली सेनाले गाजामा गरिरहेको आक्रमण पनि त्यति नै निन्दनीय छ। जसरी हमासले इजरायलमाथि अन्धाधुन्ध आक्रमण गरेर निहत्था सर्वसाधारणको ज्यान लियो, त्यसरी नै इजरायली सेनाले पनि गाजापट्टीमा अन्धाधुन्ध बम बर्साएर सर्वसाधारणकै ज्यान लिइरहेका छन्। गाजापट्टिमा सयौं मृतक र घाइते देखिन्छन्। तर, कम्ब्याक्ट ड्रेस लगाएका हमास विद्रोहीको न लास देखियो, न त घाइते नै देखिन्छन्। युद्धको दसौं दिनसम्म आइपुग्दा पनि इजरायली प्रधानमन्त्रीले हमासलाई सखाप पारेरै मात्र विश्राम लिने उद्घोष गरिरहेका छन्। के यस्तो उद्घोषले सो क्षेत्रमा शान्ति ल्याउला त ?

● **मानबहादुर तामाङ**, काठमाडौं
maanlama75@gmail.com

आयोगको सकारात्मक व्यवस्था

निर्वाचन आयोगले अब वडाबाटै मतदाता नामावली दर्ता गर्न मिल्ने गरी कार्यविधिको मस्यौदा तयार गरेको समाचार सकारात्मक छ। खासगरी वडाबाट मतदाता नामावली दर्ता गर्न निर्वाचन आयोगको जिल्लास्तरको कार्यालयसम्म जानुपर्ने यसअघिको व्यवस्थाले धेरैलाई सकस हुने गरेको थियो। तर, अब भने निर्वाचन आयोगले गर्न लागेको नयाँ व्यवस्थाअनुसार सबै स्थानीय तहका वडा कार्यालयबाटै मतदाता नामावली दर्ता गर्न सकियो भने यो व्यवस्था सबैका लागि उपयुक्त हुनेछ।

● **सन्तोषी पुर्कोटी**
सानोभञ्ज्याङ, काठमाडौं

भूकम्पपीडितलाई राहत देऊ

सरकारले बाजुराका भूकम्पपीडितलाई त्रिपाल मात्र दिएर राहतचाहिँ नदिएको समाचार पढ्दा दुःख लाग्यो। दसैंको मुखमा भूकम्पका कारण घरबारविहीन भएका बाजुरेली जनताले यसरी त्रिपालमुनि भोकभोकै रात बिताउनुपर्ने बाध्यता आउँदा पनि सरकारको आँखा तिनका पीडामा किन परेन ? उसै त मानव विकास सूचकांकमा धेरै पछाडि रहेको बाजुराका जनता भूकम्पको धक्कापछि गम्भीर सकसमा छन्। यस्तो अवस्थामा तिनलाई सरकारले पनि राहत नदिने हो भने तिनले राहत माग्न कहाँ जाने ?

● **सरोज सिग्देल**
नयाँबजार, काठमाडौं

गौतमको लेख र हमासको आतंक

२८ असोजको नयाँ पत्रिकामा पामिर गौतमको 'इजरायल-प्यालेस्टिन संघर्षको ऐतिहासिक कारण' शीर्षकको लेख पढें। यसपटक लेखकले प्रत्यक्षतः कसैको पक्ष लिएका छैनन्। ऐतिहासिक भने पनि उनले मिथकीय कारण पनि जोडेका छन्। संसार यदि मिथकले चल्ने भए टन्टै हुँदैनथ्यो। हामी मानव मनुका सन्तान र सप्तर्षिका गोत्र हौं। तर, यहाँ त सहोदर भाइले नै भाइको हत्या गरिरहेको देखिन्छ। मेरो अडिग धारणा छ, यहाँका मुसलमान हिन्दूका सन्तान हुन्। तर, भर्खर नेपालमा अथक प्रयास र कडाइले बल्ल साम्प्रदायिकता कम भयो।

यहुदी कुलमा इसा मसिह पैदा भए र यहुदीले नै उनलाई मारे। कालान्तरमा उनै इसाका इसाइले यहुदीको उठीवास लगाए। जहाँ गए पनि यहुदीले आइन्स्टाइन, डार्बिन आदि पैदा गरे। केवल व्यापारी मात्र होइनन्, यहुदी संसारको दिशानिर्देश गर्ने इसाका सन्तान पनि हुन्। हिटलरले यहुदीको संहार गरे। अब त्यही नरसंहार रोक्न यहुदी कटिबद्ध छन्। ब्रिटेनले पाकिस्तानलाई अलग्याएर जुन गल्ती गरेको थियो, त्यसलाई प्यालेस्टाइन अलग्याएर धोएको छ। यहुदीको इतिहास हजारौं हजार वर्षको छ, जब कि मुसलमानको इतिहास भर्खरको मात्र छ। यहुदी पलायनपछि त्यसलाई प्यालेस्टाइनले कब्जा गरेको हो, न कि यहुदीले। म कसैलाई पालिस लगाउन जान्दिनँ। यसमा प्यालेस्टाइनको हमास सरासर दोषी छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

आप्रवासनको कुहिरोबाट नियाल्दा

सुएला ब्रेभरम्यान एक राजनीतिक अवसरवादी मात्रै नभई समकालीन दक्षिणपन्थी लोकरिझ्याइँवादकी एक प्रतिनिधि पनि हुन्



देश / विदेश

● इयान बरुमा

पहिल्यैदेखि बेलायती उदारवादीमाझ अलोकप्रिय बेलायती गृहमन्त्री सुएला ब्रेभरम्यानको छवि आफ्ना अभिव्यक्तिका कारण थप बिग्रेको छ। उनको छवि राष्ट्रवादी 'पाखण्डी'का रूपमा उजागर भएको छ। आफ्नै पार्टीका सदस्यबाट आलोचित भएर पनि उनी आप्रवासी र शरणार्थीविरुद्धको आफ्नो अडानमा अडिग छिन्। वासिंटनमा हालैको एक भाषणमा ब्रेभरम्यानले विवादास्पद दाबी गरेकी छिन्। उनले युरोपमा बहुसंस्कृति असफल भइसकेको दाबी गर्दै अनियन्त्रित आप्रवासनले पश्चिमा सभ्यताका लागि खतरा निम्त्याएको बताएकी थिइन्। यसबाहेक विन्स्टन चर्चिलको नेतृत्वमा बेलायतले अनुमोदन गरेको राष्ट्रसंघको सन् १९५१ को शरणार्थी महासन्धि पनि असान्दर्भिक भइसकेको जनाएकी थिइन्। ब्रेभरम्यानले लैंगिक एवं यौनिक पहिचानका कारण आफ्नो देशमा उत्पीडन भयो भन्दै पलायन भएका व्यक्ति 'नक्कली शरणार्थी' हुन् र तिनलाई बेलायत प्रवेशमा रोक लगाउनुपर्छ भनेकी थिइन्। उनको असंवेदनशीलता, गलत अभिव्यक्ति र निराधार दाबीको मिश्रण हो। केही मुलुकमा कसैको लैंगिक एवं यौनिक अल्पसंख्यक पहिचान खुल्नु भनेको गम्भीर दण्ड पाउनु हो। त्यसैगरी, कतिपय ठाउँमा महिला शिक्षाको पहुँचबाट वञ्चित भएका छन्। केही मुलुकमा अनियमित अध्यागमनलाई प्रोत्साहित गरिन्छ। बेलायती शरणार्थी परिषद्को प्रतिवेदनअनुसार सन् २०२३ मा डुंगाबाट बेलायत आएका ७४ प्रतिशत मानिस शरणार्थी हुन योग्य हुनेछन्। स्मरण रहोस्, परिषद् ब्रेभरम्यानले सम्हालेको गृह मन्त्रालयअन्तर्गत पर्छ। ब्रेभरम्यान आफैं बेलायती आप्रवासी अभिभावककी सन्तान हुन्। उनका इसाई पिता केन्याबाट र हिन्दू तमिल आमा मोरिससबाट बेलायतमा बसाइँ सरेका थिए।

उनको पारिवारिक इतिहास हेर्दा ब्रेभरम्यानले आप्रवासीद्वेषी गतिविधि नगर्लिन् भन्ने लाग्न सक्छ। तैपनि, आप्रवासी परिवारको दोस्रो पुस्ताकी ब्रेभरम्यानले आफूलाई द्वेषी राष्ट्रवादी देखाउने पाखण्ड पटक-पटक प्रदर्शन गरेकी छिन्। ३ अक्टोबरमा कन्जरभेटिभ पार्टीको एक सम्मेलनमा ब्रेभरम्यानले आफ्नो परिवारको आप्रवासनको स्थितिलाई २०औं शताब्दी परिवर्तनको 'सामान्य लहर'को परिणाम बताउँदै अहिलेको आप्रवासनलाई 'तुफान' भन्दै चेतावनी दिएकी थिइन्।

ब्रेभरम्यानले आफ्नो पार्टीमा कट्टर-दक्षिणपन्थी धारलाई अघि सार्दै पार्टी नेता बन्ने महत्त्वाकांक्षा पालेको देखिन्छ। अमेरिकाको रिपब्लिकन पार्टीजस्तै बेलायतको कन्जरभेटिभ पार्टी मध्यम-वर्ग केन्द्रित मध्यपन्थी दल हो। अहिले कन्जरभेटिभ पार्टी लोकरिझ्याइँको दक्षिणपन्थी बाटोतर्फ गइरहेको छ।

ब्रेभरम्यान एक राजनीतिक अवसरवादी मात्रै नभई उनी समकालीन दक्षिणपन्थी लोकरिझ्याइँवादकी पनि प्रतिनिधि पनि हुन्। आप्रवासीलाई अपराधी एवं पश्चिमा जगत्का लागि खतरा देखाउने मामिलामा ब्रेभरम्यानमा जर्मनीको अल्टरनेटिभ फर डचल्यान्ड, फ्रान्सको मरिन ले पेनको नेसनल च्याली र डोनाल्ड ट्रम्पको रिपब्लिकनको जस्तो दक्षिणपन्थी लोकरिझ्याइँ झल्किन्छ।

आप्रवासीद्वेषी लोकरिझ्याइँ बढिरहँदा के पश्चिमा जगत्का मानिस दिनानुदिन नश्लभेदी भइरहेका हुन् ? तथ्यांकले अन्यथा देखाउँछ। ७० प्रतिशतभन्दा बढी बेलायतीले अहिले विभिन्न जातजाति र संस्कृतिलाई बेलायती पहिचानको अभिन्न अंगका रूपमा अँगालेका छन् र त्यसमा ७५ प्रतिशतले मिश्रित-जातिबीचको सम्बन्धलाई समर्थन गरेका छन्। वास्तवमा ५० वर्षपहिलेको बेलायतमा यस्तो अवस्था थिएन। यसबाहेक शरणार्थीको 'तुफान'सँग डराउने अधिकांश बेलायतीले सम्भवतः कहिल्यै शरणार्थी शिविर देखेका छैनन्। शरणार्थीलाई काम गर्न वा आमजनतासँग अन्तर्क्रिया गर्न अनुमति छैन।



तस्बिर : लियोन निल/गेटी इमेजेस

आजको लोकरिझ्याइँवादी उभार शरणार्थीमा केन्द्रित भने होइन। उग्र-दक्षिणपन्थी समर्थकमाझ सबैभन्दा बलियो दुस्मन तिनले भन्ने गरेका 'उदारवादी सम्भ्रान्त वर्ग' हो। यो वर्ग अर्थात् शिक्षित सहरी व्यक्ति, जसलाई ब्रेभरम्यानले आफ्नो सम्मेलनको भाषणका क्रममा 'विशेषाधिकार प्राप्त अल्पसंख्यक जसले विलासी विश्वास बोक्छन्' भनेर उल्लेख गरेकी छिन्। यी सम्भ्रान्त वर्गलाई सामान्यतया औद्योगिक बेरोजगारी, अनियन्त्रित आप्रवासनदेखि लिएर विश्व स्वास्थ्य संगठन र युरोपियन युनियनजस्ता अन्तर्राष्ट्रिय संस्थाको कथित 'अत्याचार'लगायत सबै विषयका लागि दोषी ठहऱ्याइन्छ। किंग्स काउन्सिल इयू छात्रवृत्तिको साथ क्याम्ब्रिज विश्वविद्यालय पढेकी ब्रेभरम्यानले आधारहीन गुनासो व्यक्त गरिरहेकी छिन्। ऐतिहासिक रूपमा वामपन्थी र दक्षिणपन्थी सम्भ्रान्त वर्गले आप्रवासनलाई समर्थन गरेका छन्। दक्षिणपन्थीले सस्तो श्रमका लागि आप्रवासनको समर्थन गर्छ भने बहुसांस्कृतिकताको आदर्शका कारण वामपन्थीले आप्रवासनको समर्थन गर्छन्।

तीव्र रूपमा बदलिँदो विश्वमा तथाकथित वा यथार्थपरक हैसियतको बदलीले पनि सम्भ्रान्तविरोधी धारणामा मलजल गरेको हो। औद्योगिक र खानी मजदुरले कठोर अवस्थाको सामना गरिरहेका हुन सक्छन् तर यस अवस्थामा मजदुरले आफ्नो संघ, सामाजिक समूह र सांस्कृतिक गतिविधिमा गर्व गर्न सक्थे, तर यो सब हराइसकेको छ।

जसरी धेरै अमेरिकीले अमेरिकालाई विश्वको शीर्ष राष्ट्रका रूपमा हेर्ने गर्छन्, त्यसरी नै बेलायतीले पनि एकपटक विशाल विश्वव्यापी साम्राज्यको हिस्सा भएकामा गर्व गर्थे। अमेरिकामा सार्वजनिक क्रोधका लागि नश्लीय आयाम देखिन सक्छ। विशेषतः दक्षिणी राज्यमा, जहाँ केही गोरा व्यक्तिले गैर-श्वेतमाथि आफ्नो प्रभाव घट्दै गएको महसुस गर्छन्। धेरैपटक आप्रवासीको सट्टा सुशिक्षित उदारवादी सम्भ्रान्त वर्गले 'हामी'लाई कम महत्त्वपूर्ण महसुस गराउन, हामीभन्दा राम्रो काम गर्नमा र हामीले मान्ने मूल्य र परम्परा परिवर्तन गरेकामा दोषी ठहरिन्छन्।

विद्यमान आक्रोशको राजनीतिलाई क्षतिको भावनाले चलाएको छ। यी भावनाको शोषण गर्नेहरू अफ्रिकाबाट आएका भारतीय मूलका हुन् वा बेइमान व्यापारी अथवा घोटाला गर्ने हुन्, त्यसले कुनै फरक पार्दैन। मानिसले यिनैलाई तबसम्म समर्थन गर्छन्, जबसम्म यिनीहरूले उल्लिखित साझा भावनामा खेल्नेछन्।

(बरुमा डच लेखक एवं सम्पादक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

प्यालेस्टिनी अधिकारको माग गर्दा यहुदीहरूलाई घृणा गर्नुपर्दैन



गाजामा इजरायली बमबारीले भत्काएको भग्नावशेष हेर्दै एक बालिका । तस्बिर : मोहमद जानुन/एएफपी

सबै इजरायली कट्टर राष्ट्रवादी छैनन् र सबै प्यालेस्टाइनी कट्टर यहुदीविरोधी छैनन् भन्ने कुरामा सहमति जनाउन सक्यौं भने हिंसा निम्त्याउने निराशा र भ्रमको स्थितिलाई स्विकार्न सक्छौं । त्यसपछि मात्र हामीले आफ्नै जन्मभूमि खोसिएका प्यालेस्टिनी र त्यस्तै इतिहास भोगेका यहुदीबीच अनौठो समानता देख्न सक्छौं ।



● स्लाभोज जिजेक

'युरोपियन ग्रेजुएट स्कुल'का दर्शनशास्त्रका प्रोफेसर स्लाभोज जिजेक 'लन्डन विश्वविद्यालय'अन्तर्गतको 'बर्कबेक इन्स्टिच्युट फर ह्युमानिटी'का अन्तर्राष्ट्रिय निर्देशक हुन् ।

हमासले इजरायलमा मच्चाएको बर्बरताको विना कुनै आनाकानी निःसर्त निन्दा गरिनुपर्छ । पछिल्लो आक्रमणका क्रममा हमासले गरेको नरसंहार, बलात्कार र आमनागरिकको अपहरण र एक संगीत उत्सवमा मच्चाएको नरसंहारले सो संगठनको वास्तविक लक्ष्यमा पुनः प्रकाश हालेको छ । जुन, इजरायली राज्य र त्यहाँ बसोवास गर्ने सबै इजरायलीको समूल नष्ट गर्नु देखिन्छ । यसका बाबजुद इजरायल-प्यालेस्टाइन द्वन्द्वको पछिल्लो घटनालाई ऐतिहासिक सन्दर्भमा हेरिनुपर्छ । यस्तो कार्य हिंसाको औचित्य पुष्टि गर्न नभई आगामी मार्गबारे स्पष्टताको खातिर पनि आवश्यक छ ।

विचारणीय पहिलो तथ्य अधिकांश प्यालेस्टाइनीले भोगिरहेको पूर्ण निराशा हो । एक दशकअघितिर जेरुसेलमका सडकमा एकल प्रयासमा हुने आत्मघाती हमलाका शृंखलालाई स्मरण गर्नुहोस् त । प्रायः कुनै एक आमप्यालेस्टाइनी कुनै यहुदीको नजिक जान्थे । आफूसँग लगेको चक्कु निकाल्थे र पीडितमाथि प्रहार गर्थ्यो । आक्रमणकारी तुरुन्तै मारिनेछु भनेर थाहा हुँदाहुँदै पनि ती हिंसा घटाउँथे । ती 'आतंकवादी' कदमका कुनै सन्देश थिएनन् । आक्रमणपछि 'फ्री प्यालेस्टाइन ! (प्यालेस्टाइनलाई मुक्त गर !)'को नारा लाग्दैनथ्यो । न नै तिनका पछाडि कुनै ठूलो संगठन हुन्थ्यो । ती आक्रमण हिंसात्मक निराशाको व्यक्तिगत अभिव्यक्ति थिए ।

बेन्जामिन नेतान्याहुले पश्चिम किनाराका प्यालेस्टिनी क्षेत्रहरूलाई इजरायलभित्र गाभ्ने खुला वकालत गर्ने उग्र-दक्षिणपन्थी पार्टीहरूसँग गठबन्धन गरेर नयाँ सरकार गठन गरेपछि परिस्थितिले थप खराब मोड लियो । राष्ट्रिय सुरक्षा हेर्ने नयाँ मन्त्री इटामार बेन-गभिरले एक टेलिजिभन अन्तर्वार्तामा 'पश्चिम किनारामा खुला विचरण गर्ने म र मेरो परिवारको अधिकार अरबहरूको त्यस्तो अधिकारभन्दा बढी महत्त्वपूर्ण भएको' बताए । गम्भीर कुनै समय राष्ट्रिय सेनामा सेवा गर्न प्रतिबन्ध लगाइएका व्यक्ति हुन् । अरब जातिप्रति उग्र उनको पार्टी सन् १९९४ मा हेब्रोन क्षेत्रका अरबीहरूको नरसंहारमा जोडिएपछि आतंकवादी संगठन घोषित गरिएको थियो ।

एक समय मध्यपूर्वको एक मात्र प्रजातान्त्रिक मुलुकको रूपमा गर्व गर्ने इजरायल नेतन्याहुको वर्तमान शासनकालमा धार्मिक राज्यतर्फ उन्मुख भइरहेको छ । वर्तमान सरकारको 'मुख्य नीति'को सूचीमै उल्लेख छ : 'इजरायली भूमिको सबै हिस्सामा यहुदी जनताको विशेष र अपरिहार्य अधिकार छ । यस सरकारले इजरायली भूमिका सबै भाग- ग्यालिल, नेगेभ, गोलान र जुडिया-सामरियामा बसोवासको प्रवर्द्धन र विकास गर्नेछ ।' यहाँ उल्लेख जुडिया-सामरियामा पश्चिम किनाराका सबै प्यालेस्टाइनी भूमि पर्छ । यस्तो प्रतिबद्धता गर्ने सरकारसँग प्यालेस्टाइनीहरूले वार्ता गर्न अस्वीकार गरे भनेर तिनैकै निन्दा गर्नु बेतुकको कुरा हो । वर्तमान सरकारको आधिकारिक कार्यक्रमले नै दुई युद्धरत पक्षलाई वार्ताका लागि टेबुलमा बस्न रोक्छ ।

भविष्यमा 'कन्स्पिरेसी थिओरिस्ट(षड्यन्त्र सिद्धान्तकार)'हरूले गाजामा इजरायलको निगरानी र खुफिया जम्मा गर्ने क्षमतालाई औंल्याउँदै नेतन्याहुको सरकारलाई आक्रमणबारे पहिले थाहा भएको दाबी गर्नेछन् । हमासको आक्रमणले हालका सत्तासीत इजरायली कट्टरपन्थीलाई सघाए पनि यसले नेतन्याहुको 'मिस्टर सेक्युरिटी'को पहिचानमा धब्बा लगाउनेछ ।

तथापि थोरै गहिरिएर हेरे हमास र इजरायलको उग्र राष्ट्रवादी सरकार दुवै शान्तिका कुनै पनि विकल्पविरुद्धमा छन् भनेर बुझ्न गाह्रो छैन । दुवै मृत्युपर्यन्त संघर्षका लागि प्रतिबद्ध जनाउँछन् ।

> हमास र इजरायली कट्टरपन्थीहरू एउटै सिक्काका दुई पाटा हुन् । हाम्रो छनोट यी दुईमध्ये एउटा कट्टरपन्थी गुटबीचमा हुनुहुँदैन । हामीले यी कट्टरपन्थीको साटो शान्तिपूर्ण सह-अस्तित्वको सम्भावनामा विश्वास गर्नेहरूलाई रोज्नुपर्छ ।

हमासले त्यो समयमा आक्रमण गरेको छ, जब इजरायल आफैं एक द्वन्द्वमा फसेको छ । न्यायपालिकालाई निस्तेज बनाउने नेतान्याहु सरकारको प्रयासपछि इजरायली समाज ध्रुवीकृत छ । देश प्रजातान्त्रिक संस्थालाई समाप्त गर्न चाहने राष्ट्रवादी-कट्टरपन्थी र यस खतराबारे सचेत तर उदार प्यालेस्टिनीहरूसँग गठबन्धन गर्न अनिच्छुक नागरिक-समाजबीच विभाजित भएको छ । आक्रमणपछि देशभर चर्किएको संवैधानिक संकटलाई स्थगन गरी राष्ट्रिय एकताको सरकारको घोषणा भएको छ । यो इतिहासमा दोहोरिँदै आएको दृश्य हो, साझा बाह्य शत्रुका कारण गहिरोभन्दा गहिरो आन्तरिक विभाजनसमेत अचानक निस्तेज हुने गर्छ । त्यसो भए के घरमा शान्ति र एकता प्राप्त गर्न बाहिरी शत्रु हुनुपर्छ ? यस दुश्चक्रलाई कसरी तोड्ने ?

पूर्वइजरायली प्रधानमन्त्री एहुद ओल्मर्टले आगाडिको बाटो हमाससँग लड्नु र सँगसँगै यहुदीविरोधी नभएका र वार्ताका लागि तयार प्यालेस्टाइनीसँग सम्पर्कमा रहनु भएको बताएका छन् । इजरायलका उग्र राष्ट्रवादीहरूको दाबीविपरीत यस्तो वर्ग अझै अस्तित्वमा छ । सेप्टेम्बर १० मा सयभन्दा बढी प्यालेस्टिनी शिक्षाविद् र बुद्धिजीवीहरूले एउटा खुलापत्रमा हस्ताक्षर गरेका थिए, जसमा 'यहुदी विरोध, मानवताविरुद्ध नाजीले गरेका जघन्य अपराध वा होलोकास्ट (नाजी शासनमा भएको यहुदी नरसंहार)लाई नकार्ने, गलत व्याख्या गर्ने वा सही ठहऱ्याउने कुनै पनि प्रयासलाई दृढतापूर्वक अस्वीकार गर्ने' प्रतिवद्धता छ । सबै इजरायलीहरू कट्टर राष्ट्रवादी छैनन् र सबै प्यालेस्टाइनीहरू कट्टर यहुदीविरोधी छैनन् भन्ने कुरामा सहमति जनाउन सक्यौं भने हिंसा निम्त्याउने निराशा र भ्रमको स्थितिलाई स्विकार्न सक्छौं । त्यसपछि मात्र हामीले आफ्नै जन्मभूमि खोसिएका प्यालेस्टिनी र त्यस्तै इतिहास भोगेका यहुदीबीच अनौठो समानता देख्न सक्छौं ।

यस्तै समानता 'आतंकवाद' शब्दमा पनि लागू हुन्छ । प्यालेस्टाइनमा ब्रिटिस शासन रहदाँको समयमा यहुदीहरूले औपनिवेशिक शक्तिविरुद्ध गरेको संघर्षको अवधिमा 'आतंकवादी'ले सकारात्मक अर्थ बोक्थ्यो । सन् १९४० को दशकको उत्तरार्धमा, अमेरिकी अखबारहरूले 'प्यालेस्टाइनका आतंकवादीहरूलाई पत्र' शीर्षकको साथ एउटा स्तम्भ नै चलाएको थियो । जसमा हलिउडका पटकथा लेखक बेन हेचले लेखेका थिए, 'मेरा बहादुर साथीहरू ! मैले लेखेको कुरा तपाईंलाई विश्वास नलाग्न सक्छ, आखिर परिस्थिति नै त्यस्तै छ । अमेरिकाका यहुदीहरू तपाईंको साथमा छन् ।'

कसलाई आतंकवादी भन्ने भनेर बहस चलिरहँदा प्यालेस्टिनी अरबहरूको ठूलो समूह दशकौंदेखि अनिश्चितामा बाँचिरहेका छन् । तिनीहरू को हुन् ? तिनको भूमि कुन हो ? तिनको वासस्थान कुन हो -'अतिक्रमित क्षेत्र' 'पश्चिम किनारा' 'जुडिया र सामरिया' वा ... प्यालेस्टाइन राज्य (जसलाई विश्वका १३९ देशले मान्यता दिएका छन् र जो सन् २०१२ देखि संयुक्त राष्ट्रसंघको गैरसदस्य पर्यवेक्षक मुलुक हो ।) ? बाहिर जे नाम भनिएपछि प्यालेस्टिनी बासोवास गर्ने भूमिमाथिको वास्तविक नियन्त्रण इजरायलको हातमा छ । र, इजरायलले प्यालेस्टिनीहरूलाई 'मूलवासी' यहुदीलाई राज्य बनाउन अवरोध पुऱ्याइरहेका अल्पकालीन बासिन्दाजस्तो व्यवहार गर्छ । उसको नजरमा प्यालेस्टिनीहरूलाई मूलतः समस्या हुन् । यो सोचका कारण इजरायली राज्यले उनीहरूलाई कहिल्यै पनि उनीहरूतर्फ मित्रताको हात बढाएन । हमास र इजरायली कट्टरपन्थीहरू एउटै सिक्काका दुई पाटा हुन् । हाम्रो छनोट यी दुईमध्ये एउटा कट्टरपन्थी गुटबीचमा हुनुहुँदैन । हामीले यी कट्टरपन्थीको साटो शान्तिपूर्ण सह-अस्तित्वको सम्भावनामा विश्वास गर्नेहरूलाई रोज्नुपर्छ ।

प्यालेस्टिनी र इजरायली चरमपन्थीबीच सम्झौताको कुनै सम्भावना छैन । त्यसैले तिनको विरोध गर्दै प्यालेस्टिनी अधिकारको पूर्ण रक्षा र यहुदीविरोधी भावनाविरुद्ध लड्ने प्रतिबद्धता जनाउनुपर्छ । काल्पनिकजस्तो लाग्न सक्छ, तर यो दोहोरो संघर्ष साथसाथै अघि बढ्न सक्छ । हामीले आतंकवादी हमलाविरुद्ध इजरायलको आत्मरक्षाको अधिकारलाई विनासर्त समर्थन गर्न सक्छौं र गर्नुपर्छ । तर, हामीले गाजा र इजरायलबाट नियन्त्रित भूमिका प्यालेस्टिनीहरूले सामना गर्नुपरेको साँच्चै निराश र निराशाजनक अवस्थाप्रति विनासर्त सहानुभूति देखाउनुपर्छ । यसमा 'विरोधाभास' देख्नेहरूले नै यो द्वन्द्वको प्रभावकारी समाधानलाई अवरुद्ध गरिरहेका छन् ।

- प्रोजेक्ट सिन्डिकेटबाट

देश समुद्रमा विलीन हुने खतरामाझ 'डिजिटल राष्ट्र' बन्ने तयारीमा टुभालु



समुद्रमा पत्रकार सम्मेलन गर्दै टुभालुका विदेशमन्त्री सिमोन कोफे ।

> टुभालुको वर्तमान सरकारले आफ्नो भूभाग नभए पनि देश अस्तित्वमा रहने गरी संविद्यान संशोधन गरेको छ । नयाँ प्रावधान १ अक्टोबरदेखि लागू भएको छ । तर, अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि देशको आफ्नै भौतिक क्षेत्र र स्थायी जनसंख्या हुनैपर्छ । टुभालुको प्रयासले एक गम्भिर प्रश्न उब्जाएको छ, के कुनै देश समुद्रमुनि डुबिसकेपछि पनि त्यो अझै 'देश' रहिरहन्छ ?

तीन दशकभन्दा बढी समयदेखि प्रशान्त महासागरीय टापु मुलुक टुभालुले औद्योगिक राष्ट्रहरूलाई तिनको हरितगृह ग्यास उत्सर्जनलाई घटाउन आग्रह गर्दै आएको छ । तर, यो तीन दशकमा ती राष्ट्रले टुभालुको आग्रह मानेर उत्सर्जन त घटाएनन् तर विश्वको तापक्रम भने बढ्दै गएको छ । टुभालुको सरकारले यस शताब्दीको अन्त्यसम्ममा आफ्नो टापू मुलुकको सबै भूभाग पानीमुनी डुबिसक्ने चेतावनी दिएको छ ।

'यो पृथ्वीको सतहबाट लोप हुने विषय हो,' टुभालुका प्रधानमन्त्री कउसी नतानोले सेप्टेम्बरमा भनेका थिए । त्यसैले टुभालु अहिले एउटा फरक प्रश्न सोधिरहेको छ - यदि यो मुलुकको भूभाग पानीमुनि विलुप्त भयो भने पनि यो मुलुक कसरी अस्तित्वमा रहिरहन सक्छ ?

नतानोको सरकारले आफ्नो भूभाग नभए पनि देश 'सदा सर्वथा' अस्तित्वमा रहने दाबी गर्दै संविद्यान संशोधन गरेको छ । १ अक्टोबरदेखि लागू भएको यो नयाँ प्रावधानले उसको अवस्थामा खासै परिवर्तन भने ल्याउनेछैन । किनकि अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि देशको आफ्नै भौतिक क्षेत्र र स्थायी जनसंख्या हुनैपर्छ ।

'तर, जलवायु परिवर्तनले ती गुणको अवस्थालाई तलमाथि पारेमा के हुन्छ भनेर कसैले पनि सोचेका छैनन्,' टुभालु सरकारलाई यस संवैधानिक परिवर्तनबारे सल्लाह दिएका अधिवक्ता बाल कामा भन्छन् । जोखिममा रहेका अन्य देशले उसको पदचाप पछ्याए भने यो अन्तर्राष्ट्रिय कानुन परिवर्तन हुन सक्ने टुभालुले अपेक्षा गरेको छ ।


प्रधानमन्त्री कउसी नतानोको सरकारले टुभालुलाई 'डिजिटल राष्ट्र'मा रूपान्तरण गर्ने कुरा गरेको छ, जसबाट उसले मुलुक डुबिसकेपछि अन्य मुलुकमा छरिएर बस्ने आफ्ना नागरिकलाई सेवा प्रदान गर्न र सांस्कृतिक परम्परा संरक्षण गर्न सक्छ । उसले आफ्ना टापुको थ्रिडी संस्करण सिर्जना गर्नेबारे पनि सोचिरहेको छ, जसमा वेब प्रयोगकर्ताले परिभ्रमण गर्न सक्नेछन् । तर, उसका यी सबै योजनाले उत्तरभन्दा बढी प्रश्न खडा गर्छन् ।

उनको सरकार विशेषगरी वर्तमान टुभालुमाथि र त्यसवरपरको पानीमा आफ्नो दाबी कायम राख्ने इच्छा उजागर गर्न चाहन्छ । 'विशेष आर्थिक क्षेत्र (इइजेट)हरू' समेत मिलाउँदा त्यो क्षेत्र उनीहरूको समुद्री तटबाट २०० नटिकल माइल (३७० किलोमिटर)परसम्म फैलिन्छ । प्रशान्तका टापु देशहरूलाई समुद्रको अफ्रिकाभन्दा ठूलो क्षेत्रफलमा माछा मार्ने र उत्खननको अधिकार रहेको छ । यसर्थ, यो मुलुकका नेतालाई यदि उनीहरूको केही वा सबै भूभाग डुब्यो भने उनीहरूको मुलुक विलुप्त भएर यी अधिकार र अर्बौं डलरको टुना उद्योग गुम्ने हो कि भन्ने डर छ ।

त्यसैले टुभालुको संवैधानिक परिवर्तनले आफ्नो समुद्री सीमा उसको राज्यको मान्यताका साथ कायमै रहनेछ भन्छ । टुभालु सरकार छिमेकीहरूले उसका विशेष आर्थिक क्षेत्र सदा रहने कुरा स्वीकार गरून् भन्ने चाहन्छ । प्रशान्त क्षेत्रका अन्य सरकारले पनि आ-आफ्नो सामुद्रिक क्षेत्रको नक्सांकन गरेका छन् र समुद्रको बढ्दो सतहले उनीहरूका विशेष आर्थिक क्षेत्र(इइजेटए)हरूलाई असर नगर्ने दाबी गर्दै कानुन पारित गरेका छन् । टुभालु डुबिहाल्ने निश्चित भइसकेको छैन । तर, उसको सरकारले खियाउने पतवार भने तयार गरिरहेको छ ।

-द इकोनोमिस्ट

इतिहासमा आज



● **सन् १८६७** : अलस्कामा औपचारिक रूपमा अमेरिकाको स्वामित्व कायम भयो । १५ लाख १८ हजार ८०० वर्ग किमिको यो क्षेत्र रुसले ७२ लाख डलरमा बेचेको थियो (जुन सन् २०२२ को मूल्यमा १५.१ करोड डलर हुन आउँछ ।) अलस्का रुसकै अग्रसरतामा बेचिएको थियो । रुस अलस्कासँग जोडिएको क्यानडामा शासन गरिरहेको ब्रिटिस साम्राज्यले सो भूमि कब्जा गर्ला भनेर त्रस्त थियो ।

● **सन् १८६०** : दोस्रो अफिम युद्ध 'कन्भेन्सन अफ पेकिङ'नामक सम्झौता भएर अन्त्य भयो । सम्झौता चीनप्रति निकै अपमानजनक थियो ।

सन् १९१२ : बाल्कन लिगका सदस्यहरू सर्बिया, बुल्गेरिया, ग्रिस र मोन्टेनेग्रोका विद्रोही फौजले आफ्नो औपनिवेशिक शक्ति अटोमन साम्राज्यविरुद्ध युद्धको घोषणा गरेसँगै पहिलो बाल्कन युद्ध सुरु भयो ।

सन् १९१८ : चेकोस्लाभाकियाले अस्ट्रो-हंगेरी साम्राज्यबाट स्वतन्त्रता घोषणा गऱ्यो ।

सन् १९१९ : स्पेनको राजधानी म्याड्रिडमा भूमिगत रेल सेवा सुरु भयो ।

सन् १९२२ : 'ब्रिटिस ब्रोडकास्टिङ कम्पनी(बिबिसी)'को आजकै दिन स्थापना भएको थियो । पछि यसको नाम बदलेर 'ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन(बिबिसी)' मा बदलियो ।

सन् १९६७ : सोभियत संघले शुक्र ग्रहको अध्ययनका लागि प्रक्षेपण गरेको अन्तरिक्षयान 'भेनेरा चतुर्थ'ले सो ग्रहको वायुमण्डल प्रवेश गरेपछि पृथ्वीमा संकेत पठाउन सफल भयो । सो अन्तरिक्षयान पृथ्वीपछि अर्को कुनै ग्रहको वायुमण्डल मापन गर्न सक्षम पहिलो अन्तरिक्षयान बन्यो ।

सन् १९६८ : अमेरिकी धावक टमी स्मिथ र जोन कार्लोसले सो वर्षको ओलम्पिकमा पदक जितेपछि पोडियममा उभिँदा अश्वेत आन्दोलनकारीहरूले प्रयोग गर्ने अभिवाद गरेपछि उनीहरू अमेरिकी ओलम्पिक कमिटीबाट निलम्बित भए । तिनले अफ्रिकी-अमेरिकीविरुद्धको अन्यायविरुद्ध सो विरोध जनाएका थिए ।

सन् २००७ : बेनजिर भुट्टो आठ वर्ष लामो निर्वासनपछि देश फिर्ता भइन् । सोही रात उनको राजनीतिक ऱ्यालीमा आत्मघाती विस्फोट हुँदा एक सय ३९ जनाको ज्यान गयो भने चार सय ५० जना घाइते भए । भुट्टो भने सकुसल उम्किइन् । तथापि, त्यसको दुई महिनापछि (डिसेम्बर २७) भएको अर्को आक्रमणमा भने उनी बच्न सफल भइनन् ।

सन् २०१३ : साउदी अरबले मध्यपूर्वमा शक्तिराष्ट्रको दुर्व्यवहारको विरोधमा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को अस्थायी सदस्यता अस्वीकार गऱ्यो । ऊ यो दुईवर्ष कालकालको महत्त्वपूर्ण पद अस्वीकार गर्ने पहिलो मुलुक हो ।

सन् २०२० : बोलिभियामा भएको निर्वाचनमा लुई आक्रेको जितसँगै एक वर्षअघि सत्ताच्यूत गरिएका पूर्वराष्ट्रपति इभो मोरालेजको पार्टी 'मुभमेन्ट फर सोसलिज्म' सत्तामा फर्कियो ।

भारतको सर्वोच्च अदालतद्वारा समलिंगी विवाहलाई मान्यता दिन अस्वीकार

नयाँदिल्ली / भारतको सर्वोच्च अदालतले मंगलबार समलिंगी विवाहलाई वैधानिकता दिन अस्वीकार गरेको छ । यद्यपि, अदालतले 'एलजिबिटिक्यु' सम्बन्धलाई स्वीकार गर्नु र तिनीहरूलाई भेदभावबाट जोगाउनु राज्यको कर्तव्य थियो भनेको छ । सर्वोच्च अदालतले सन् २०१८ सेप्टेम्बरमा समलिंगी यौनसम्बन्धलाई आपराधिक मान्ने ब्रिटिस शासनकालीन कानुनलाई खारेज गरेको थियो । त्यस फैसलाले समलिंगीहरूमाझ उत्साह ल्याए पनि नरेन्द्र मोदीको सरकारको यस अवधिमा न्यायालयले थप अघि बढेर समलिंगी विवाहलाई कानुनी हैसियत दिन नहुने तर्क गरिरह्यो ।

धेरै समलिंगी जोडीका वकिलहरूले यसै वर्षको सुरुमा अदालतलाई उनीहरूको सम्बन्धलाई पूर्णरूपमा वैधता प्रदान गर्न आग्रह गरेका थिए, तर पाँचसदस्यीय इजलासले वैवाहिक समानताको कानुन ल्याउने क्षेत्राधिकार संसद्को भएको फैसला गरेको छ । 'विवाहसम्बन्धी कानुन निर्धारण गर्नु संसद् र राज्य विधानसभाहरूको क्षेत्राधिकार हो,' सर्वोच्च अदालतका प्रधानन्यायाधीश डिवाई चन्द्रचुडले आफ्नो फैसला सुनाउँदै भने । भारतको संविधानले विद्यमान कानुनअन्तर्गत समलिंगी जोडीहरूलाई विवाह गर्ने मौलिक अधिकारको प्रत्याभूति नगरेको फैसलामा भनिएको छ । भारतमा हाल प्रचलित कानुनले एक महिला र एक पुरुषको रूपमा पहिचान भएका जोडी वा दुवै ट्रान्सजेन्डर भएकालाई विवाह गर्न अनुमति दिन्छ ।

आर्थिक विकासको माध्यम बन्न सक्छ हाइड्रोजन

आयातको ठूलो अंश पेट्रोलियम पदार्थले ओगटेको छ, यदि हाइड्रोजनलाई उपयोगमा ल्याउन सकेमा उल्लेखनीय व्यापार घाटा कम गर्न सकिन्छ



अर्थ संवाद

● दीपक थापा

नेपाल आयल निगमका अनुसार आर्थिक वर्ष ०७९/८० मा पेट्रोलियम पदार्थको आयात दुई खर्ब ८१ अर्ब ७३ करोड २६ लाख रूपैयाँबराबरको २७ लाख ८२ हजार ८३२ किलोलिटर (डिजेल, पेट्रोल, मट्टितेल, हवाई इन्धन र एलपी ग्यास) आयात भएको छ। अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा तीन खर्ब आठ अर्बको ३१ लाख ८९ हजार ७१६ किलोलिटर आयात भएको थियो। यसले बर्सेनि ठूलो मात्रमा ऊर्जामा पैसा बाहिरिने गरेको देखाउँछ।

हरियो हाइड्रोजन, बिजुली प्रयोग गरी इलेक्ट्रोलाइसिस प्रक्रिया अपनाएर पानीमा रहेको हाइड्रोजन र अक्सिजन छुट्याई प्राप्त गर्न सकिन्छ। विश्वमा ब्राजिलपछि सबैभन्दा बढी पानीको अंश नेपालमा रहेको र नवीकरणीय स्रोत बिजुलीको सम्भाव्य उत्पादनमा अरू मुलुकभन्दा अग्रस्थानमा रहेको हुनाले नेपालमा अपार बिजुली उत्पादन हुन सक्छ।

एक अध्ययनले आर्थिक तथा भौगोलिक रूपमा लगभग ४५ हजार मेगाबाट बिजुली उत्पादन गर्न सकिने देखाएको छ। बिजुलीको प्रयोग गरेर हुने हाइड्रोजन उत्पादनको सम्पूर्ण प्रक्रिया उत्सर्जनरहित प्रदूषणरहित हुनाले हरियो हाइड्रोजनलाई सफा र दिगो ऊर्जावाहकको रूपमा लिइन्छ। विश्वमा हाल इन्धनको प्रमुख स्रोतका रूपमा प्रयोग हुँदै आएको पेट्रोल डिजेल आदिबाट वातावरणमा गम्भीर हानि भइराखेको र जलवायु परिवर्तनले मानव अस्तित्वलाई नै जोखिममा पारेका वेला स्वच्छ प्रदूषणरहित इन्धनका रूपमा हाइड्रोजनको चर्चा अहिले विश्वभर नै चलेको छ।

हाइड्रोजनको शताब्दियौँदेखि विविधि प्रयोग भए पनि ऊर्जाको महत्त्वपूर्ण स्रोतका रूपमा भने २०औँ शताब्दीको सुरुवातीमा भएको देखिन्छ। पहिलोपटक ब्रिटिस वैज्ञानिक हेनरी क्याभेन्डिसले सन् १७६६ मा पत्ता लगाएको यो ग्यासलाई अंग्रेज रसायनशास्त्री सर हम्फ्री डेभीले फरक तत्त्वको रूपमा पहिचान गरी इन्धनका रूपमा प्रयोग गर्न सकिने तथ्य निकाले।

ब्रिटिस वैज्ञानिक सर विलियमग्रोभले सन् १८३९ मा पहिलोपटक हाइड्रोजन र अक्सिजनबीचको बिजुली र पानी उत्पन्न गर्ने इलेक्ट्रोकेमिकल प्रतिक्रियाद्वारा इन्धन सेलको आविष्कार गरेका थिए। यसको विविध प्रयोगअन्तर्गत इन्धनका रूपमा हवाईजहाजमा हाइड्रोजन प्रयोग भए पनि सन् १९३७ मा जर्मन हवाईजहाज हिन्डनबर्गले दुर्घटनापछि हवाईजहाज इन्धनको रूपमा प्रयोगमा भने व्यापक गिरावट आएको थियो। पछि अन्तरिक्ष उडान गर्न तरल हाइड्रोजनको उच्च ऊर्जा घनत्वका कारण रकेटमा प्रयोग गरियो।

२०औँ शताब्दीदेखि हालसम्मको अवस्था हेर्दा सफल रूपमा हाइड्रोजनले यातायात, विद्युत् उत्पादन र औद्योगिक प्रक्रियालगायत विविधि प्रयोगमा एक स्वच्छ ऊर्जा इन्धनका रूपमा विकास भएको छ। हाइड्रोजन इन्धनको अनुसन्धान र विकासले उल्लेखनीय उन्नति गरेकाले यसलाई भविष्यको दिगो ऊर्जा प्रणालीको प्रमुख स्रोतका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिएको छ।

नेपालमा केही समयअघि नेपाल, बेलायत र स्विट्जरल्यान्डका एक दर्जनभन्दा बढी वैज्ञानिकले काठमाडौं विश्वविद्यालयको हाइड्रोजन ल्याबमा नयाँ ढंगबाट डिजाइन गरिएको चुलोमा हाइड्रोजन प्रयोग गरी ७ मिनेटमा खाजा पकाइएको समाचार आएको थियो। यसले हाइड्रोजन अब घरमै खाना पकाउने ग्यासको विकल्पमा प्रयोग गर्न सकिन्छ भन्ने सन्देश दिँदै परियोजनाको अध्ययन सफल भएको देखिन्छ।

बागलुङको बडिगाडमा रहेको गिरिन्दीखोला लघु जलविद्युत् आयोजनाको खेर गइरहेको बिजुली प्रयोग गरी ग्रिन हाइड्रोजन निकाल्न सकिनेमा परियोजना अगाडि बढेको सुन्दा खेर गइरहेको बिजुलीलाई पनि उपयोगमा ल्याउन सकिने आधार देखिएको थियो। अपार उत्पादन गर्न सकिने बिजुली अनि प्रशस्त पानीको स्रोत रहेको कारण ऊर्जाको क्षेत्रमा कोसेढुंगा थपी अर्थतन्त्रमा कायापलट ल्याउन सकिने निश्चित देखिन्छ।

हाइड्रोजन किन इन्धनका लागि उपयुक्त छ ? : हाइड्रोजन ब्रह्माण्डमा सबैभन्दा हल्का र प्रचुर मात्रामा रहेको एकल प्रोटोन र एकल इलेक्ट्रोन बनेर तयार भएको तत्त्व हो। यो अरू तत्त्वसँग प्रतिक्रिया गरी यौगिकका रूपमा रहने भएकाले निम्न कारणले बढी महत्त्वपूर्ण रहेको पाइन्छ :

प्रचुरता : हाइड्रोजन ब्रह्माण्डमा सबैभन्दा प्रचुर तत्त्व हो, जुन अक्सिजनसँग मिलेर पानी बनिरहेको पाइन्छ। यो पानी, प्राकृतिक ग्यास र बायोमाससहित विभिन्न स्रोतबाट निकाल्न सकिन्छ।

स्वच्छ ऊर्जावाहक : हाइड्रोजन बिजुली उत्पादन गर्न इन्धन सेलमा प्रयोग गर्दा हानिकारक उत्सर्जन वायुदूषक उत्पादन गर्दैन। यो प्रदूषणरहित ऊर्जा हो।

उच्च ऊर्जा घनत्व : हाइड्रोजनको सानो मात्राले ठूलो मात्रामा ऊर्जा उत्पादन र भण्डारण गर्न सक्छ।

बहुपयोगी : हाइड्रोजनलाई यातायातमा हाइड्रोजन इन्धन सेल, औद्योगिक प्रक्रिया जस्तै- रिफाइनिङ, अमोनिया उत्पादन र शक्ति उत्पादनका साथै पूर्वाधारमा प्रयोगका लागि प्राकृतिक ग्यासँग पनि मिसाउन सकिन्छ।

ऊर्जा भण्डारण : हाइड्रोजन हावा र सौर्यजस्ता नवीकरणीय ऊर्जा स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ। बिजुली कम खपत भए यसलाई इलेक्ट्रोलाइसिसमार्फत हाइड्रोजन उत्पादन भण्डारण गरेर पछि बिजुली उत्पादन गर्न वा इन्धनकै रूपमा प्रयोग गर्न सकिन्छ।

हरितगृह ग्यास उत्सर्जनमा कमी : हाइड्रोजनले हरितगृह ग्यास उत्सर्जन घटाउनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

पेट्रोल-डिजेलमा कम निर्भरता : हाइड्रोजन प्रयोग गरेर जीवाश्म इन्धन स्रोत जस्तो- पेट्रोल डिजेलमा निर्भरता कम गर्न सकिन्छ।

वायु गुणस्तर सुधार : यातायात र उद्योगमा हाइड्रोजनको प्रयोगले वायु प्रदूषण उल्लेख्य कमी भई वायुको गुणस्तर र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउन सक्छ।

हाइड्रोजनको व्यावसायिक प्रयोगले आर्थिक अवस्थामा पार्ने प्रभाव : अहिलेको विश्वव्यापी इन्धन संकटको समयमा



> नेपालमा पानीको अंश धेरै रहेको र यसबाट व्यावसायिक हाइड्रोजन उत्पादन गरी निर्यातमार्फत आम्दानी बढाउन सकिने आधार देखिन्छ। यसले ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय व्यापार र सहयोगलाई प्रोत्साहन गर्न सक्छ।

र जीवावशेष इनर्जीको मात्रा कम भइरहेको सन्दर्भमा हाइड्रोजनको महत्त्व दिनप्रतिदिन बढ्दै गइरहेको छ। नेपालमा पानीको अंश धेरै रहेको र यसबाट व्यावसायिक हाइड्रोजन उत्पादन गरी निर्यातमार्फत आम्दानी बढाउन सकिने आधार देखिन्छ। यसले ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय व्यापार र सहयोगलाई प्रोत्साहन गर्न सक्छ। यति मात्रै होइन, हाइड्रोजन अर्थतन्त्रको विकासले प्रविधि र पूर्वाधारलाई द्रुत गतिमा बढाउन सकिन्छ। जसद्वारा नयाँ उद्योगहरू खोली रोजगारी सिर्जना गरी आर्थिक वृद्धिलाई पनि प्रोत्साहित गर्न सकिन्छ। अर्थतन्त्रमा हाइड्रोजनको उचित उपयोगले अनुसन्धान र विकासदेखि निर्माण, स्थापना, मर्मत र हाइड्रोजन-सम्बन्धित प्रविधि र पूर्वाधार सञ्चालनमा धेरै रोजगार सिर्जना गरी आर्थिक विकास र रोजगारीका अवसर प्रदान गर्न सहयोग पुऱ्याउँछ।

अहिले हिउँदमा कम बिजुली उत्पादन हुन्छ। यस्तो वेला ऊर्जा आयात गर्नुपर्ने बाध्यता छ। यदि हाइड्रोजन प्रविधिद्वारा प्रशस्त ऊर्जा उत्पादन गर्न सके हामीले ऊर्जा आयातलाई विस्थापित गर्न सक्छौं। विशेषगरी, जीवाश्म इन्धनमा अत्यधिक निर्भर देशका लागि हाइड्रोजन-आधारित ऊर्जा प्रणालीले ऊर्जा आयात घटाउनाका साथै ऊर्जा सुरक्षा वृद्धि गर्न सक्छ। हामीकहाँ आयातको ठूलो अंश पेट्रोलियम पदार्थले ओगटेको छ। यदि हाइड्रोजनलाई उपयोगमा ल्याउन सके उल्लेखनीय व्यापार घाटा कम गर्न सकिन्छ। फेरि यो नवीकरणीय स्रोतले उत्सर्जन र वायु प्रदूषणस्तर कम गरी जनस्वास्थ्यमा सुधार ल्याउन, वातावरणीय क्षतिलाई कम गर्न र जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सक्छ।

हाइड्रोजन विभिन्न पेट्रोलियम उत्पादन गर्न कच्चा तेलको रिफाइनिङमा व्यापक प्रयोग गर्नाका साथै अशुद्धता हटाउन र इन्धन र अन्य परिष्कृत उत्पादनको गुणस्तर सुधार गर्न प्रयोग गरिन्छ। हाइड्रोजनलाई इस्पात उत्पादनमा प्रयोग गरी इस्पात उद्योगमा कार्बन उत्सर्जन कम गर्न पनि सकिने विभिन्न अध्ययनले देखाएका छन्। यसलाई बिजुली उत्पादन गर्नेदेखि बोयलर वा भट्टीमा प्रयोग गर्न सकिन्छ। हाइड्रोजन खाद्य उद्योगमा हाइड्रोजनसनजस्ता प्रक्रियाका लागि प्रयोग गरिन्छ, जसले असंतृप्त बोसोलाई थप ठोस, संतृप्त फ्याटमा रूपान्तरण गर्छ। र, हाइड्रोजन औषधि उत्पादनमा पनि प्रयोग गरिन्छ।

संक्षेपमा, हाइड्रोजनलाई नवीकरणीय ऊर्जा स्रोत प्रयोग गरेर उत्पादन गरिने भएकाले यसलाई हरियो ग्यास मान्न सकिन्छ। हरितगृह ग्यास उत्सर्जन कम गर्न र दिगो ऊर्जा भविष्य प्रवर्द्धन गर्न हरियो हाइड्रोजनको अधिकतम प्रयोगतर्फ जान सके यसले अहिलेको जलवायु परिवर्तनको चुनौतीलाई पनि सम्बोधन गर्न र समाधानमा सहयोग गर्नेछ। नेपालमा यसबारे सरकारी तवरबाट नै नेतृत्व गरी शोध अनुसन्धान र योजनासहित अगाडि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

(थापा अर्थशास्त्रका प्राध्यापक हुन्)

अर्थ ज्ञान

ब्याजको हिसाब कुन आधारमा गरिन्छ ?

कर तिर्नुपर्ने मितिदेखि कर दाखिला गर्न बाँकी रहेको अवधिभरका लागि यस्तो तिर्न बाँकी कर रकममा प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले (१५ प्रतिशत वार्षिकका दरले) ब्याज लाग्छ। किस्ताबन्दी करको हकमा सम्बन्धित किस्ता बुझाउनुपर्ने मितिबाट आगामी आवको असोज मसान्तसम्मको अवधिका लागि तिर्न बाँकी कर रकममा सामान्य ब्याजदरले ब्याज लाग्छ।

त्यसैगरी, आय विवरणसाथ दाखिला गर्नुपर्ने कर रकमको हकमा सम्बन्धित आय वर्षपछिको असोज मसान्तपश्चात्को कर दाखिला नभएसम्मको अवधिका लागि तिर्न बाँकी रकममा ब्याज लाग्छ र विवरण दाखिला गर्न म्याद थप पाएको भए पनि यस्तो थप म्यादका लागि ब्याज छुट हुँदैन।



यदि करदाताले आयको कम घोषणा गरी कार्यालयबाट थप करको दायित्व सिर्जना भएको अवस्थामा आर्थिक वर्ष समाप्त भएको असोज मसान्तसम्म किस्ता कम बुझाएको हिसाबले ब्याज लाग्दछ भने कात्तिक १ देखि कर ढिला बुझाएको हिसाबले ब्याजको गणना गरिन्छ।

- राजस्व विभाग

बिजनेस @



डा. बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री

पूर्वी नवलपरासीको देवचुलीमा स्थानीय दिव्य मध्यवर्ती वन उपभोक्ता समितिद्वारा सञ्चालित जंगल सफारी निकै रोमाञ्चक लाग्यो। चितवनको सौराहाको झल्को दिने यहाँको गैंडालगायत दुर्लभ वन्यजन्तु अवलोकनसहितको पर्यापर्यटनको व्यवस्थापन सामुदायिक ढंगले गरिएको हुँदा स्थानीय अर्थतन्त्रलाई राम्रो टेवा पुग्ने बुझियो। सामुदायिक जनस्तरका यस्ता सिर्जनशील आर्थिक विकासका गतिविधिलाई प्रोत्साहन गरौं।

मनोज ज्ञवाली, डिसिइओ, नबिल बैंक



बैंकहरूले कात्तिक महिनाका लागि निक्षेपको ब्याजदर प्रकाशित गरेका छन्। १४ बैंकले ब्याजदर घटाएका छन्। चार बैंकको यथावत् छ भने दुई बैंकले ब्याजदर बढाएका छन्। संस्थागत मुद्दती निक्षेपको ब्याजदर ५.५ प्रतिशतदेखि ९.००३ प्रतिशतसम्म प्रकाशित छ। बैकिङको सिडी रेसियो ८२ प्रतिशतभन्दा तल छ। कर्जाको माग कम छ भने रेमिट् यान्समा वृद्धिसँगै निक्षेपको वृद्धिदर कर्जाको वृद्धिदरभन्दा निरन्तर बढी छ।



गोपीकुमार खनाल, विकास अर्थशास्त्री


भित्रका बिक्दैनन्, भाडा घट्दैन : अर्थतन्त्रमा मन्दी छ/छैन भनेर थाहा पाउन अर्थशास्त्र पढ्नुपर्दैन। साना व्यापारलाई बुझ्दा वा सोध्दा पनि हुन्छ। जब कपडा वा जुत्ता पसलअघि सोही व्यापारीले फलफूल र तरकारी पनि बेच्नुपर्ने अवस्था आउँछ, तब अर्थतन्त्रमा केही समस्या छ भनेर बुझ्न सकिन्छ।

सेयर बजार

३० असोज ०८०

नेप्से १,८६४.६२ ^ १३.१८ ०.७१%

कारोबार रकम	जम्मा सेयर
१,००,८४,३७,८६०.६१	३८,१३,२३३



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

वैदेशिक सहयोगको आवश्यकता र समस्या

वैदेशिक सहायताले नयाँ ज्ञान र प्रविधि भित्र्याउने तथा अन्तर्राष्ट्रिय, कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवं राजनीतिक सम्बन्ध सुदृढ गर्ने काममा सघाउँदै आएको छ



● के.बी. बस्नेत

दोस्रो विश्वयुद्धले पश्चिम युरोप तहसनहस भयो। तहसनहस भएपछि त्यहाँको समग्र विकासका लागि बढीभन्दा बढी पुँजीको आवश्यकता पऱ्यो। त्यसपछि नै विश्व अर्थव्यवस्थामा वैदेशिक सहयोगको प्रचलन उक्त युद्धको समाप्तिपछि भएको मान्न सकिन्छ। वास्तवमा युद्धले क्षतिग्रस्त बनाएका युरोपेली मुलुकको पुनरुत्थानका लागि संयुक्त राज्य अमेरिकाले मार्सल प्लानअन्तर्गत प्रवाह गरेको १२.५ मिलियन अमेरिकी डलरबाट विश्वमा वैदेशिक सहयोग सुरु भएको हो। नेपालमा सर्वप्रथम सन् १९५१ जनवरी २३ मा अमेरिकी सरकारबाट दुई हजार डलर अमेरिकी सहयोग प्राप्त भएको थियो। तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले घोषणा गरेको प्वाइन्ट फोर प्रोग्रामअन्तर्गत यस्तो सहायता प्राप्त भएको थियो। सन् १९६० देखि नेपाललाई चीन, जापान, भारत, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्डलगायतका देशबाट शिक्षा, स्वास्थ्य, सञ्चार र उद्योगलगायतका विभिन्न क्षेत्रमा द्विपक्षीय सहायता जुट्न थाल्यो। उक्त समयमा धेरैजसो सहायता अनुदानका रूपमा प्राप्त भएको थियो।

सन् १९६० मध्यतिर निर्माण गरिएका विकास आयोजना अनुदान सहायताबाट सम्पन्न भए। सन् १९६० पछि नेपालले विश्व बैंक, एसियाली विकास बैंक र संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय दाताबाट वैदेशिक सहयोग प्राप्त गरिरहेको छ। सन् १९६५ देखि यहाँ बहुपक्षीय अनुदान प्राप्त हुन थालेको पाइन्छ। अहिले पनि नेपालमा द्विपक्षीय र बहुपक्षीय दुवै किसिमका सहायता प्राप्त भइरहेको छ, जुन ऋण तथा अनुदान छन्। ००८ सालदेखि औपचारिक रूपमा सुरु गरिएको वैदेशिक सहायताले हालसम्म पनि यहाँको राष्ट्रिय बजेटमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यति मात्र होइन, यसले नयाँ ज्ञान र प्रविधि भित्र्याउने तथा अन्तर्राष्ट्रिय, कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवं राजनीतिक सम्बन्ध सुदृढ गर्ने काममा पनि सघाउ पुऱ्याएको छ।



> पुँजीगत खर्च कम हुनु, कर्मचारीको सरुवा भइरहनाले आयोजना कार्यान्वयनमा ढिलाइ हुनु, ठेकापट्टामा ढिलाइ हुनु, सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नुजस्ता समस्याले वैदेशिक सहयोग परिचालनमा बाधा पुऱ्याएको छ।

नेपालको समग्र विकासको आकांक्षालाई सहज रूपमा अगाडि बढाउन विपुल धनराशिको आवश्यकता पर्छ। आर्थिक, सामाजिक र उत्पादनशील क्षेत्र सुदृढ गर्नु यहाँका समकालीन विकासका चुनौती हुन्। यहाँका न्यून स्रोतसाधन, साँघुरो बजार पहुँचका कारण यी चुनौतीको डटेर सामना गर्न कठिन छ। यस्तो अवस्थामा वैदेशिक सहयोगको भूमिका अत्यधिक महत्वपूर्ण छ। साथै, यस्तो सहायताले देशको अर्थतन्त्र सबलीकरणमा कतै न कतै योगदान पुऱ्याइरहेको छ।

झन्डै सात दशक अघिदेखि राष्ट्रिय रूपमा वित्तीय स्रोतको परिचालन एवं विभिन्न स्रोतसाधनको न्यूनता पूर्ति गर्न वैदेशिक सहयोगले विशेष भूमिका खेल्दै आएको कुरा नकार्न सकिन्न। तर, यस्तो सहायता यहाँको आर्थिक विकासमा आशा गरेअनुरूप प्रभावकारी ढंगले भएको भने पाइँदैन। तर, विभिन्न समस्याका कारण उक्त सहयोगले देशका आर्थिक विकासमा ठोस प्रभाव पार्न सकेको छैन। यसको मुख्य कारण भनेको वैदेशिक सहयोग परिचालनमा उपयुक्त उपाय अपनाउन नसक्नु हो। कुनै पनि देशमा विकास साझेदारहरूले प्रतिबद्ध गरेको वैदेशिक सहयोग यथोचित समयमा प्राप्त गरी विकास परियोजना निर्माण गर्न गृहकार्य गर्नु आवश्यक छ। तर, नेपालमा त्यो अभ्यास भएको पाइँदैन।

जसले गर्दा यहाँको विकासले गति लिन सकेको देखिँदैन। कुनै पनि प्रस्तावित परियोजनाको सञ्चालनबारे सम्बन्धित दातासँग विभिन्न चरणमा छलफल भई सहमति भएपछि मात्र रकम भित्रिन थाल्छ। तर, नेपालमा प्रथम चरणदेखि नै समस्या देखिन्छन्। राष्ट्रिय रूपमा प्राथमिकतामा नपरेका, स्थानीय आवश्यकताभन्दा फरक एवं वैदेशिक सहयोग नै नचाहिने क्षेत्रमा उक्त सहयोग स्वीकार, सरकार र दाताबीच आवश्यक तालमेल एवं तादात्म्यता नहुनु, प्रशासनलाई छिटोछरितो एवं समयानुकूल बनाउन नसक्नुजस्ता समस्याले उक्त सहायताको प्रभावकारितामा अवरोध पुऱ्याएका छन्।

वैदेशिक सहायताबाट सञ्चालित आयोजनामा सरकारको अपनत्व नरहनु, आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि दातृ पक्षले राखेका सर्तअनुसार कोटेसन आह्वान गर्नु, केन्द्रीकृत मानसिकताका कारण वैदेशिक सहयोगका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न जटिल हुनु, परियोजना तयार नै नगरी ऋण सम्झौता गर्नु र सहायता परिचालनको नाममा आयोजनाको विस्तृत विश्लेषण र सम्भाव्यता अध्ययन नगरी हचुवाको भरमा कार्यान्वयन गर्ने प्रयास गर्नु पनि समस्या नै हो। साना विकास परियोजनामा वैदेशिक सहयोग परिचालन गर्ने बढ्दो प्रवृत्तिले एकातिर उक्त सहयोगको सदुपयोग गर्न सकिएको छैन भने अर्कोतिर कारोबार लागत खर्च बढेको छ। फलतः यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। वैदेशिक सहयोगअन्तर्गत खर्च गरिएको रकम उपयुक्त समयमा शोधभर्ना लिन नसक्नु नेपालका लागि गम्भीर चुनौती हो। यसबाट यहाँको विकास कार्यमा बाधा पुगेको छ। साथै, कहिलेकाहीं दातृ निकायसँग भएको सहायता सम्झौतालाई वास्ता नगरी खर्च गरिन्छ। यस्ता खर्चको शोधभर्ना नै प्राप्त हुँदैन।

कुनै पनि देशले ऋण सम्झौतामा निर्धारित अवधिभित्र रकम खर्च नसकेमा दातृराष्ट्रलाई प्रतिबद्धता शुल्क तिर्नुपर्छ। नेपालको उक्त सहायता परिचालनको कमजोर क्षमताका कारण उक्त शुल्कबापत यसले बर्सेनि करोडौं रुपैयाँ दातृराष्ट्रलाई तिर्नुपरेको छ। हालसम्म पनि यहाँ वैदेशिक सहायता व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन नसक्नाले विकास साझेदारबाट प्राप्त हुने सहायता यहाँको सरकारको सूचना प्रणालीमा समावेश गरिँदैन। यहाँको सूचना प्रणालीमा बाहिरबाट खर्च गर्नुपर्ने समस्या झेल्नुपरेको छ। पुँजीगत खर्च कम हुनु, कर्मचारीको सरुवा भइरहनाले आयोजना कार्यान्वयनमा ढिलाइ हुनु, ठेकापट्टामा ढिलाइ हुनु, सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नुजस्ता समस्याले वैदेशिक सहयोग परिचालनमा बाधा पुऱ्याएको छ।

त्यसो त नेपालका लागि वैदेशिक सहयोग आवश्यकता मात्र नभई बाध्यता पनि हो। तसर्थ, विद्यमान समस्याहरूको न्यूनीकरण गरी उक्त सहयोगको अधिकतम परिचालन गर्न आवश्यक छ। साढे सात दशकभन्दा लामो अवधिदेखि वैदेशिक सहायता परिचालन गरिँदै आएको छ। तर, उक्त सहायता यथोचित परिपाटीबाट परिचालन गर्न नसकिएकाले यहाँको आर्थिक विकास सोचेअनुरूप हुन सकेको छैन।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १ कात्तिक ०८०

बजारमा माग न्यून, तर महँगी झन् बढ्दै

मसलामा ४५.४६%, चिनीमा १७.८६%, तरकारीमा १४.५१%, खाद्यमा १३.३८% र दुग्ध-अन्डामा १२.६०% को मूल्यवृद्धि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ मा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि दर) नियन्त्रणभन्दा निकै माथि गएको छ। सरकारले चालू आर्थिक वर्षमा मुद्रास्फीति ६.५ प्रतिशतभित्रै कायम राख्ने लक्ष्य लिएको छ। तर, भदौमा उपभोक्ता मुद्रास्फीति औसत ८.१९ प्रतिशत पुगेको छ। आवको पहिलो महिना साउनमा पनि यस्तो मुद्रास्फीति ७.५२ प्रतिशत थियो। साउनको तुलनामा भदौमा ०.६७ प्रतिशत विन्दुले बढेको देखिन्छ। यद्यपि, यो गत आवको सोही महिनाको तुलनामा भने केही कम हो। भदौ ०७९ मा मुद्रास्फीति ८.६४ प्रतिशत थियो।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको भदौ महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति विषयक प्रतिवेदनले यस्तो देखाएको हो। प्रतिवेदनअनुसार भदौमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.७४ प्रतिशत छ। त्यसभित्र पनि मरमसला उपसमूहको मुद्रास्फीति ४५.४६ प्रतिशत छ। त्यसबाहेक चिनी तथा चिनीजन्य वस्तुको १७.८६ प्रतिशत, तरकारीको १४.५१ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३.३८ प्रतिशत, दुग्ध पदार्थ तथा अन्डाको १२.६० प्रतिशतले मूल्य बढेको छ। यसैगरी, रेस्टुरेन्ट तथा होटेलको मूल्य १०.९७ प्रतिशतले बढेको छ। यद्यपि, समीक्षा महिनामा घिउ तथा तेल उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक १३.०८ प्रतिशतले घटेको उल्लेख छ।

भदौमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.९९ प्रतिशत रहेको छ। त्यसमा पनि मनोरञ्जन तथा संस्कृतिको १५.५५ प्रतिशत, विविध वस्तु तथा सेवाहरूको १२.२१ प्रतिशत, शिक्षाको ९.१० प्रतिशत, घरायसी उपयोगका वस्तुहरूको ८.११ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरूको ६.५९ प्रतिशतले मूल्य बढेको छ। समीक्षा महिनामा यातायात उपसमूहको मुद्रास्फीति भने ०.१८ प्रतिशतले घटेको छ।

क्षेत्रगत रूपमा काठमाडौंमा ९.८३ प्रतिशतले मूल्यवृद्धि भएको छ। यसैगरी, तराईको ७.०३ प्रतिशत, पहाडको ८.०९ प्रतिशत र हिमालको ११.३२ प्रतिशत मुद्रास्फीति रहेको प्रतिवेदनमा उल्लेख छ। भदौमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति भने ४.७८ प्रतिशत मात्रै छ।

रुस-युक्रेन युद्धका कारण विश्वभरको आपूर्तिचक्र प्रभावित हुँदा मूल्यवृद्धि दर उच्च छ। पेट्रोलियम पदार्थदेखि खाद्य वस्तुसम्मको मूल्य उच्चदरमा बढेको छ। फलस्वरूप अघिल्लो आव ०७८/७९ को सुरुदेखि नै पेट्रोलियम पदार्थको मूल्य बढ्दा नेपालमा महँगी बढेको हो।

पछिल्लो समय नेपाली बजारमा वस्तु तथा सेवाको माग न्यून भए पनि मूल्य बढ्दै गएको छ। विशेष गरी आपूर्ति राम्रो नहुँदा महँगी बढेको राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए।

'यसपालि माग पक्षबाट कुनै दबाब छैन। आपूर्ति पक्षको दबाबले गर्दा मूल्य बढ्न गएको देखिन्छ,' उनले भने, 'त्यसमाथि अर्थतन्त्र पनि चलायमान हुन सकेको छैन। त्यसको असर परेको देखिन्छ।'



■ किन बढ्यो महँगी

रुस-युक्रेन युद्ध, पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिलगायतका कारण दुई वर्षयता मुद्रास्फीति उच्च छ। यद्यपि, गत वैशाख-जेठमा त्यो केही नियन्त्रण हुन लागेको भए पनि असारपछि महँगी थप बढ्न लागेको छ। आपूर्ति पक्षकै दबाबले मूल्यवृद्धि भएको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठ बताउँछन्।

'भारतले चामल निर्यातमै प्रतिबन्ध लगायो, प्याज निर्यातमा पनि भन्सार लगाउने नीति ल्यायो। त्यसमाथि नेपालमा विभिन्न कारण अवैधानिक बजार (कालोबजारी) मौलायो। यसरी आपूर्ति पक्षकै दबाबबाट मुद्रास्फीति बढेको हो,' उनले भने, 'साथै, सरकारले पनि विभिन्न खाद्य वस्तुको आयातमा मूल्य अभिवृद्धि कर लगाएपछि मूल्यवृद्धि थप बढ्यो। पछिल्लो परिस्थिति हेर्दा मुद्रास्फीतिलाई नियन्त्रण (६.५ प्रतिशत)मा राख्न चुनौती छ।'

सरकार गत आवमा पनि महँगी नियन्त्रण गर्न चुकेको थियो। गत आवमा सरकारले मुद्रास्फीतिलाई ७ प्रतिशतभित्र कायम राख्ने भनेको थियो। तर, औसत मुद्रास्फीति ७.७४ प्रतिशत थियो।

■ चाडपर्वमा थप महँगी

दसैँ र तिहारजस्ता चाडपर्वले गर्दा असोज र कात्तिकमा मूल्यवृद्धि दर उच्च नै हुने राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। चाडपर्वका कारण व्यापारीहरूले जथाभावी मूल्य बढाउने गरेको विभिन्न सरकारी अनुगमनले देखाएको छ। त्यो अवस्थामा असोज र कात्तिकको मूल्यवृद्धि दर उच्च नै हुने राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. श्रेष्ठ बताउँछन्।

■ कस्ता छन् अर्थतन्त्रका अन्य सूचक ?

चालू आवको भदौसम्म आउँदा अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक नै देखिएका छन्।

विशेष गरी बाह्य क्षेत्रसम्बन्धी सूचक बलियो बन्दै गएको छ। रेमिट्यान्स आप्रवाह, विदेशी मुद्रा सञ्चिति, शोधनान्तर स्थिति, चालू खाता बलियो बन्दै गएको छ। तर, महँगी, उच्च बैंक ब्याजदरलगायतका कारण शिथिल अर्थतन्त्र तंग्रिन नसकेको देखिन्छ।

■ दुई महिनामा २.२८ खर्ब रेमिट्यान्स

चालू आवको दुई महिनामा रेमिट्यान्स आप्रवाह २२.१ प्रतिशतले बढेको छ। गत आवको पहिलो दुई महिनामा एक खर्ब ८७ अर्ब चार करोड रेमिट्यान्स आएको थियो। अहिले दुई खर्ब २८ अर्ब ३७ करोड रेमिट्यान्स आएको छ। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७.७ प्रतिशतले वृद्धि भई एक अर्ब ७३ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ।

विशेष गरी वैदेशिक रोजगारमा जाने नेपालीको संख्या बढ्दा रेमिट्यान्स आप्रवाह बढेको हो। डलरको मूल्य बढ्दा पनि नेपाली रुपैयाँमा रेमिट्यान्स आप्रवाह बढी देखिएको राष्ट्र बैंकको भनाइ छ। गत आवमा १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ रेमिट्यान्स आएको थियो।

■ चालू खाता र शोधनान्तर स्थिति नाफामा

समीक्षा अवधिमा देशबाट बाहिरिने र भित्रिने रकमबीचको अन्तर (शोधनान्तर स्थिति) र चालू खाता दुवै नाफामा छ। समीक्षा अवधिमा शोधनान्तर स्थिति ५३ अर्ब ६१ करोड रुपैयाँले बचतमा छ। गत आवको सोही अवधिमा यो २० अर्ब ८१ करोड रुपैयाँले घाटामा थियो।

यसैगरी, लामो समयसम्म घाटामा रहेको चालू खाता पनि साउनदेखि नाफामा छ। साउनमा १२ अर्ब ९९ करोड रुपैयाँले नाफामा रहेको चालू खाता नाफा भदौमा २३ अर्ब ५० करोड पुगेको छ। गत आवको सोही अवधिमा चालू खाता ३६ अर्ब ८४ करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ४१.७ प्रतिशतले कमी आई ८५ करोड आठ लाख कायम भएको छ। प्रत्यक्ष वैदेशिक लगानी भने तीन अर्बले धनात्मक रहेको छ। विप्रेषण उच्च हुने तथा आयात घट्ने कारण यस्तो अवस्था आएको राष्ट्र बैंकको भनाइ छ।

■ झन्डै १६ खर्ब विदेशी मुद्रा

भदौ मसान्तसम्म नेपालसँग विदेशी मुद्राको सञ्चिति १५ खर्ब ९८ अर्ब ९० करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति १२ अर्ब एक करोड पुगेको छ। गत आवको भदौ मसान्तसम्म ११ खर्ब ८९ अर्ब १६ करोड रुपैयाँबराबरको विदेशी मुद्रा थियो। अमेरिकी डलरमा नौ अर्ब ३५ करोड सञ्चिति रहेको थियो। उच्च मात्रामा आयात हुनेलगायतका कारण केही समयअघि विदेशी मुद्रा सञ्चिति घट्दै गएको थियो। तर, यसपालि विदेशी मुद्रा सञ्चिति बढ्दै गएको छ। अहिलेको सञ्चित विदेशी मुद्राले १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैंकको भनाइ छ।

■ पर्यटनमा भित्रिनेभन्दा बाहिरिने पैसा धेरै

समीक्षा अवधिमा विदेशी पर्यटकले नेपालमा खर्च गर्नेभन्दा नेपालीले विदेश भ्रमणमा खर्च गर्ने रकम धेरै देखिएको छ। समीक्षा अवधिमा विदेशी पर्यटकमार्फत नौ अर्ब ३४ करोड आम्दानी भएको छ, जुन गत आवको सोही अवधिको तुलनामा ५३.९ प्रतिशत बढी हो। गत आवको सोही अवधिमा यस्तो आम्दानी ६ अर्ब सात करोड रहेको थियो।

तर, नेपालीले विदेशी भ्रमणमा गर्ने खर्च त्योभन्दा पनि बढी छ। समीक्षा अवधिमा नेपालीले वैदेशिक भ्रमणमा १२ अर्ब २७ करोड खर्च गरेका छन्। साथै, शिक्षामार्फत २३ अर्ब ३३ करोड रुपैयाँ बाहिरिएको छ। फलस्वरूप समीक्षा अवधिमा सेवा आय २५ अर्ब ३४ करोड रुपैयाँले घाटामा देखिन्छ। गत आवमा शिक्षा र भ्रमणतर्फ गरेर कुल २० अर्ब १६ करोड रुपैयाँ बाहिरिएको थियो।

१४ बैंकले घटाए निक्षेपको ब्याजदर

बैंक	असोज	कात्तिक
एभरेष्ट	११.०५४	९.२२४
प्राइम	११.३५८	१०.२५
नबिल	११.०५४	१०
नेपाल इन्भेष्टमेन्ट मेगा	११.०३	१०.०१
प्रभु	१०	९.२२४
सानिमा	९.९५३	९.२२४
ग्लोबल आइएमई	१०.५	१०
कृषि विकास	१०.०११	९.७६
सिटिजन्स	१०.०५	९.९५
कुमारी	१०.११	१०.०१
स्ट्यान्डर्ड चार्टर्ड	९.२९	९.२२
नेपाल	९.२९३	९.२२४
हिमालयन	११.०५४	११.००३
एनआइसी एसिया	११.०५४	११.००३
सिद्धार्थ	९.९९	९.९९
माछापुच्छ्रे	९.९९	९.९९
लक्ष्मी सनराइज	१०	१०
राष्ट्रिय वाणिज्य	९.५	९.५
नेपाल एसबिआई	१०	१०.७
एनएमबि	९.९९	११.००३

काठमाडौं/ कात्तिक महिनाका लागि अधिकांश वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर घटाएका छन्। साउन, भदौ र असोजमा ब्याजदर बढाउँदै आएका अधिकांश बैंकहरूले कात्तिकका लागि भने घटाएर नयाँ ब्याजदर सार्वजनिक गरेका छन्। बैंकहरूले १ कात्तिकदेखि लागू हुने गरेर ब्याजदर सार्वजनिक गरेका हुन्।

बैकहरूले असोजमा व्यक्तिगत मुद्दती निक्षेपमा औसत १०.२६ प्रतिशत र संस्थागत निक्षेपमा औसत ८.१८ प्रतिशत ब्याजदर दिएका थिए। कात्तिकमा भने व्यक्तिगत निक्षेपमा औसत ९.९६ प्रतिशत र संस्थागत निक्षेपमा औसत ७.८५ प्रतिशत ब्याजदर कायम गरेका छन्।

नेपाल बैंकर्स संघबाट ब्याजदरमा हुँदै आएको भद्र सहमतिको अभ्यास भंग भएपछि साउनदेखि आफ्नै ढंगले ब्याजदर निर्धारण हुँदै आएको छ। कात्तिकमा १४ बैंकले ब्याजदर घटाएका छन् भने चारवटाले यथावत् राखेका छन्। दुई वाणिज्य बैंकले सामान्य मात्रामा ब्याजदर बढाएका छन्।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बजारको अवस्थाअनुसार ब्याजदर घटाएको बताए। सरकारले केही समयअघि मात्रै बैंकहरूलाई स्थानीय तहको पैसा निक्षेपमा गणना गर्न दिएको छ। अन्य विभिन्न कारणले असोजमा मात्रै वाणिज्य बैंकहरूमा एक खर्ब २० अर्ब निक्षेप थपिएको छ। तर, त्यसको तुलनामा कर्जाको माग बढेको छैन। असोजमा १२० अर्ब निक्षेप थपिँदा कर्जा ४६ अर्ब मात्रै प्रवाह भएको छ। त्यो कर्जा पनि दसैं-तिहारजस्ता चाडपर्वका कारण प्रवाह भएको देखिन्छ। समग्रमा अझै पनि आवश्यकताअनुसार कर्जाको माग बढेको छैन।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

हजार मेट्रिकटन चिनी बजारमा पठाइँदै

उपभोक्तालाई प्रतिकिलो ११५ देखि १२० रुपैयाँसम्म पर्ने

भोजराज भण्डारी/नयाँ पत्रिका

दसैंको मुखमा बजारमा चिनीको हाहाकार मच्चिएपछि तत्कालको माग धान्न विभिन्न कम्पनीले खरिद गरेर स्टक राखेको चिनीबाट एक हजार मेट्रिकटन चिनी सीधै खुद्रा बजारमा पठाउने तयारी भएको छ। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, चिनी उद्योगी र खुद्रा व्यापारीबीच भएको छलफलले बिहीबारसम्म एक हजार मेट्रिकटन चिनी बजारमा पठाउने निर्णय गरेको हो।

कोकाकोला-पेप्सीलगायतका कम्पनीले खरिद गरेको चिनीबाट तत्कालालाई एक हजार मेट्रिकटन मात्र दिन तयार भएको विभागका सूचना अधिकारी आनन्दराज पोखरेलले बताए। 'अहिलेको तत्काल मागलाई सम्बोधन गर्न उद्योगीहरू तयार हुनुभएको हो,' उनले भने, 'हामीले अलिक बढी नै जोड गरेपछि चिनी दिन तयार हुनुभयो, बिहीबारबाट चिनी सीधै खुद्रा बजारमा जान्छ, तत्काललाई माग सम्बोधन हुनेछ।'

खरिद लागतअनुसार उद्योगीले प्रतिकिलो एक सय १५ रुपैयाँदेखि एक सय २० रुपैयाँभन्दा बढी लिन नपाउने निर्णय भएको उनको भनाइ छ। उनका अनुसार एभरेस्ट चिनी मिलबाट ल्याउने चिनी बिहीबार बल्खु ल्याउने तयारी छ।

खुद्रा व्यापार संघका कोषाध्यक्ष ध्रुव अधिकारीले उद्योगीबाट खरिद गर्दा प्रतिकिलो एक सय ११ रुपैयाँ ३५ पैसा पर्ने र ढुवानी, लोड अनलोड गर्दा करिब एक सय १५ रुपैयाँमा उपभोक्ताले किन्न सक्ने बताए। उनले भने, 'उद्योगीबाट बिहीबार प्राप्त हुन्छ, सुरुमा चार सय २० बोरा प्राप्त हुँदै छ, त्यसपछि फेरि खरिद गर्छौं।'

■ सहुलियत पसलमै छैन चिनी

बजारमा चिनीको हाहाकार भएपछि यतिवेला सरकारले उपभोक्तालाई सहज उपलब्ध गराउन चाडपर्वलक्षित खोलिएको सहुलियत पसलमै चिनी अभाव भएको छ। चिनी लिन खाद्य कम्पनी र साल्ट ट्रेडिङ पुगेका उपभोक्ताहरू रित्तो हात फर्किन बाध्य भएका छन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दुई दिनयता चिनीको बिक्री नै बन्द गरेको कम्पनी सूचना अधिकारी शर्मिला सुवेदीले बताइन्। उनले भनिन्, 'हामीले टेन्डर आह्वान गरेको चिनी आउन समय लाग्छ, अहिले चिनीको स्टक नभएपछि बिक्री नै बन्द गर्न बाध्य छौं।'

अरुण-३ को पहुँचमार्ग समस्या समाधान गर्न मन्त्रिपरिषद्मा सिफारिस



काठमाडौं/ लगानी बोर्डले नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेशमार्गको मुआब्जासम्बन्धी विवाद समाधान गर्न मन्त्रिपरिषद्मा सिफारिस पठाउने निर्णय गरेको छ। परियोजनाको प्रवेशमार्गअन्तर्गतको छ्यांकुटी-दिदिङ खण्डमा मुआब्जालगायत विषयमा विभिन्न समस्या देखिएपछि समाधान गर्न लगानी बोर्डले यस्तो निर्णय गरेको हो।

बोर्डका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा मंगलबार बसेको बैठकले यस्तो निर्णय गरेको हो। भारतीय कम्पनी एसजेभिएनले संखुवासभामा उक्त आयोजना निर्माण गरिरहेको छ। एक खर्ब ४४ अर्ब लागतमा निर्माण गरिरहेको यस परियोजनाको भौतिक प्रगति ६६.३ प्रतिशत र प्रसारणलाइनतर्फ १५.४६ प्रतिशत रहेको छ।

बैठकमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले परियोजना विकास सम्झौताका दायित्व पूरा गर्न सरकारको सिंगो संयन्त्रले प्रभावकारी कदम चाल्नुपर्ने बताए।

प्रधानमन्त्री प्रचण्डले अरुण तेस्रो जलविद्युत् परियोजना सार्वजनिक-निजी साझेदारी अवधारणामा कार्यान्वयन भइरहेको विदेशी लगानीको परियोजना भएकाले यसको सहज र सफल कार्यान्वयनमा सहजीकरण हुनुपर्ने बताए। साथै, परियोजना समयमा सम्पन्न गर्न सम्बन्धित निकायहरूले प्रभावकारी समन्वयसहित काम गर्न उनले निर्देशन पनि दिए।

नेपालको समृद्धिमा योगदान गर्न एनआरएनलाई राष्ट्रपतिको आह्वान

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको समृद्धिमा योगदान गर्न गैरआवासीय नेपालीलाई आह्वान गरेका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)को विश्व सम्मेलन तथा ११औं महाधिवेशनको उद्घाट गर्दै राष्ट्रपति पौडेलले ज्ञान, सीप र पुँजीमार्फत नेपालको समृद्धिमा योगदान गर्न गैरआवासीय नेपाललाई आह्वान गरेका हुन्। 'एनआरएनले नेपाल र नेपालीको विकास र समृद्धिको आकांक्षामा योगदान गर्दै आउनुभएको छ,' उनले भने, 'आगामी दिनमा पनि समृद्धिको आकांक्षा पूरा गर्ने कार्यमा योगदान गर्न आह्वान गर्छु।'

गैरआवासीय नेपालीलाई नागरिकता दिने व्यवस्थाले नेपालसँग थप नजिक ल्याएको पनि उनले बताए। उनले संविधानको व्यवस्थाअनुसार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपाली नागरिकता दिने व्यवस्थाले एनआरएनको माग सम्बोधन भएको र 'एकपटकको नेपाली, सधैंको नेपाली' भन्ने भावलाई महसुस गराएको बताए।



■ ज्ञान, सीप र पुँजीलाई प्रोत्साहन गर्छौं : अर्थमन्त्री

अर्थमन्त्री डा. प्रकाशशरण महतले गैरआवासीय नेपालीको ज्ञान, सीप र पुँजी लगानीलाई सरकारले प्रोत्साहन गर्ने बताए। जलविद्युत्, सूचना प्रविधि, पर्यटनलगायत विविध क्षेत्रमा लगानीको सम्भावना रहेको उल्लेख गर्दै उनले लगानी बढाउन आह्वानसमेत गरे। 'नेपालको आर्थिक वृद्धि हुने सम्भावित क्षेत्र एनआरएनले पहिचान गरिसकेका छन्,' उनले भने, 'लगानी भइरहेको पनि छ, अझ लगानी बढाउनुहोस्, हामी लगानीको सुरक्षा दिन्छौं, प्रोत्साहन गर्छौं।' उनले नेपालमा लगानीको प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै उनले हेर्ने दृष्टिकोण सूक्ष्म हुनुपर्ने बताए।

■ अब कुराभन्दा काम थाल्नौं : अध्यक्ष ढकाल

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले एनआरएनले अब कुराभन्दा पनि काम नै गर्नुपर्ने बताए। 'अब भने हामीले यो दुई दशकको अवधिमा के गर्यौं भनेर सोच्नुपर्छ। एनआरएनएले नेपाली मातृभूमिमा देखाउन मिल्ने उत्कृष्ट मोडलको काम या प्रोजेक्ट कुन हो भनेर देखाउनुपर्ने दिन पनि आएको छ,' उनले भने। उनले यसै सम्मेलनमार्फत कुनै प्रोजेक्ट नै अघि सार्नसमेत आह्वान गरे। 'म त 'एक्सन ओरिएन्टेड' मानिस हुँ। काम थालिहाल्नुपर्छ र गर्नुपर्छ भन्ने नै मेरो ध्येय रहन्छ,' उनले भने, 'विश्वका एनआरएनएले नेपालमा सुरु गर्ने विकासका काममा हामी पनि जोडिन चाहन्छौं, हामी पनि 'जोइन्ट भेन्चर' गर्न चाहन्छौं।'

दसैँ बिदामा आयल निगमले इन्धन वितरण नरोक्ने

नयाँ पत्रिका

आयल निगमले दसैँ बिदामा देशभरका डिपोहरू खुला राखेर पेट्रोल, डिजेल र हवाई इन्धन वितरण गर्ने जनाएको छ। दसैँमा कुन-कुन दिन डिपोहरू खुला राख्ने भन्ने विषयमा देशभरका कार्यालयबाट विवरण माग गरेको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। 'दसैँमा सवारीसाधनको आवतजावत बाक्लो हुने र इन्धनको खपतसमेत वृद्धि हुने हुँदा निगमको देशभरका डिपोहरू विगतमा जस्तै यसपटक पनि खुला राख्नेछौं,' ठाकुरले भने, 'डिपोहरू कुन-कुन दिन खुला राख्ने भन्ने विषयमा एक-दुई दिनमै सार्वजनिक सूचनामार्फत जानकारी गराउँछौं।'

निगमको बागमती प्रादेशिक कार्यालय, थानकोटले सप्तमी, नवमी र द्वादशीमा डिपो खोलेर इन्धन वितरण गर्ने जानकारी केन्द्रीय कार्यालयलाई गराएको छ। 'हामीले तीन दिन डिपो खोल्ने र अरू वेला आवश्यक परेको खण्डमा २४सै घन्टा सेवा दिन कर्मचारीसमेत खटाउने निर्णय गरेका छौं,' डिपो प्रमुख शैलेन्द्र भुसालले भने।

त्यस्तै, सबैभन्दा ठूलो डिपो मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जले सप्तमी र द्वादशीका दिन खुला गर्ने जानकारी केन्द्रीय कार्यालयमा पठाइएको छ। अमलेखगन्ज डिपो प्रमुख विनीतमणि उपाध्यायले पम्प व्यवसायीसँग छलफल गरी दसैँ बिदाको दुई दिन डिपो खुल्ने बताए। निगमको कोशी प्रादेशिक कार्यालय, विराटनगरका प्रमुख पूर्ण रिजालले सप्तमी र ८ वा ९ कात्तिकमा डिपो खुला राख्ने निर्णय केन्द्रीय कार्यालयमा जानकारी गराएको बताए। देशभरका हवाई इन्धन कार्यालय भने बन्द हुने गरेका छैनन्। विमानस्थल कार्यालयपरिसरमै हुने गरेको निगमको हवाई इन्धन कार्यालयहरू सामान्य अवस्थामा जस्तै खुला रहने निगमको सिनामंगलस्थित हवाई इन्धन कार्यालयका प्रमुख प्रदीप यादवले जानकारी दिए।

उनका अनुसार दसैँ लागेयता इन्धन खपतसमेत वृद्धि भएको छ। 'हवाई जहाजको उडान बढेर होला, हवाई इन्धनको खपत दोब्बर भएको छ,' कार्यालय प्रमुख यादवले भने, 'त्रिभुवन विमानस्थलमा सामान्य दिनमा तीन लाख ५० हजार लिटर हवाई इन्धन खपत हुने गरेमा अहिले ६ लाख लिटर खपत हुन थालेको छ,' उनले भने।

निगमको भद्रपुर विमानस्थलस्थित हवाई इन्धन डिपोका प्रमुख कपिल भट्टले पनि दसैँका कारण दैनिक दुई हजार लिटरसम्म खपत बढेको बताए। 'यहाँ दैनिक सात हजार लिटरसम्म हवाई इन्धन खपत हुने गरेको थियो, अहिले नौ हजार लिटरसम्म माग भइरहेको छ,' उनले भने, 'माग भएअनुसार हामीले दिइरहेका छौं। आपूर्ति गर्न कुनै समस्या छैन।'

पेट्रोलपम्प बन्दको गुनासोपछि उद्योगमन्त्रीद्वारा छलफल

आयल निगमले आइतबार रातिबाट लागू हुने गरी पेट्रोल ११ रुपैयाँ र डिजेल पाँच रुपैयाँ प्रतिलिटर मूल्य घटाएको थियो। व्यवसायीलाई जानकारी नदिई ठूलो अन्तरले मूल्य घटाउँदा नोक्सानी खेपेको भन्दै विरोधमा केही पम्पले सोमबार पेट्रोल र डिजेलको बिक्री रोकेका थिए।

व्यवसायीले गैरकानुनी रूपमा पम्प बन्द गरेको भन्दै हेलो सरकार र अन्य निकायमा उपभोक्ताले उजुरी दिएपछि उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले मंगलबार दिउँसो छलफल गरेका थिए। छलफलमा पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्र प्रधान, आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानी, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलुवाल र उद्योग सचिव मुकुन्द निरौला सहभागी थिए।

सो छलफलमा पेट्रोलियम डिलर्सका अध्यक्ष प्रधानले शनिबार र सोमबार सार्वजनिक बिदा हुँदा निगमको डिपोबाट तेल नउठाएको र त्यसको असर बजारमा देखिएको जानकारी गराएका थिए। मूल्य थपघटका कारण पम्प बन्द नगरिएको, बरु पम्पमा तेल नै नभएको उनले जानकारी गराएको छलफलमा सहभागी एक अधिकारीले जानकारी दिए।

यसैबीच, हेल्लो सरकारमा आएको गुनासोका आधारमा भएको अनुगमनबाट तिनकुनेस्थित भ्याली रिकेश पेट्रोलपम्प सिल गरिएको छ। प्रधानमन्त्री कार्यालय, वाणिज्य विभाग, गुणस्तर तथा नापतौल विभागलगायतका प्रतिनिधिले गरेको अनुगमनमा तोकिएभन्दा कम तेल दिने गरेको पुष्टि भएपछि पम्पलाई सिल गरिएको हो।

नेपालमा लगानीका लागि अर्जेन्टिनालाई चेम्बरको आग्रह

नयाँ पत्रिका



नेपाल चेम्बर अफ कमर्सले नेपालमा लगानीका लागि अर्जेन्टिनलाई आग्रह गरेको छ। नेपालका लागि अर्जेन्टिनाका राजदूत ह्युगो जाभियर गोवीसँग चेम्बर भवनमा आज भएको भेटमा चेम्बर अध्यक्ष राजेन्द्र मल्लले लगानीका लागि आग्रह गरेका हुन्।

नेपालको पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रमा प्रतिफलको उच्च सम्भावना भएको अध्यक्ष मल्लले बताए। उनले भने, 'अर्जेन्टिना भौगोलिक दृष्टिकोणले टाढा भए पनि व्यापारिक क्षेत्रमा थुप्रै सहकार्य गर्न सकिन्छ। नेपालको पर्यटन क्षेत्र पृथक् खालको छ। सूचना प्रविधिमा पनि अधिक सम्भावना छ। दुई देशका निजी क्षेत्रबीच सहकार्यमार्फत लगानीका लागि आग्रह गर्दछु।'

नेपालमा अवैतनिक दूतको नियुक्ति गरेर व्यापारिक सहकार्य गर्नसमेत अध्यक्ष मल्लले राजदूत गोवीसँग आग्रह गरे। नेपाल-अर्जेन्टिनाबीचको कूटनीतिक सम्बन्ध ६० वर्ष पूरा भएको सन्दर्भमा अध्यक्ष मल्लले व्यापारिक सम्बन्धलाई थप विस्तार गर्नुपर्नेमा जोड दिए।

अध्यक्ष मल्लले अर्जेन्टिनाको निजी क्षेत्र र नेपाल चेम्बर अफ कमर्सबीच सहकार्य गर्न सकिए आर्थिक गतिविधि विस्तार हुने बताए।। नेपालले अर्जेन्टिनाबाट गत वर्ष करिब २५ अर्ब रुपैयाँको वस्तु आयात गरेको थियो। नेपालको जलविद्युत, वनजन्य उद्योग, जडीबुटी प्रशोधनजस्ता क्षेत्रमा समेत लगानीका लागि मल्लले प्रस्ताव गरे। दुई देशका निजी क्षेत्रस्तरमा उच्चस्तरीय व्यापारिक भ्रमण गराएर आर्थिक गतिविधि विस्तार गर्न सकिनेमा अध्यक्ष मल्लले जोड दिए।

जवाफमा राजदूत गोवीले नेपालमा आर्थिक गतिविधि विस्तार गर्नका लागि आफूले पहल गर्ने बताए। हिमालय पर्वतको देश नेपाल भौगोलिक र प्राकृतिक दृष्टिकोणले समेत उच्च रहेको राजदूत गोवीको भनाइ थियो। दुई देशबीचको सम्बन्धलाई जनस्तरबाटै विकास गर्नुपर्नेमा राजदूत गोवीले जोड दिए।

उनले भने, 'नेपालसँगको सम्बन्धलाई जनस्तरबाटै विकास गर्न आवश्यक छ, यसका लागि पनि म पहल गर्छु।' नेपालको खाद्य सुरक्षाका लागि सहयोग गर्न अर्जेन्टिना तयार रहेकोसमेत उनले बताए।

एलजी टिभी र होम अप्लाइन्सेस सबैभन्दा मन पराइएको ब्रान्ड भएको दाबी

नयाँ पत्रिका



एलजी इलेक्ट्रोनिक्सले टिभी र प्रमुख होम अप्लाइन्सेसका लागि २०२३ अमेरिकी कस्टुमर सेटिस्फ्याक्सन इन्टाक्स (एसिएसआई) सर्वेक्षणबाट उत्कृष्टताको मान्यता प्राप्त गरेको छ। ग्राहकको प्रतिक्रियामा आधारित उत्कृष्ट उत्पादनहरू प्रदान गरेर उपभोक्ताको दैनिक जीवनलाई समृद्ध बनाउने एलजीको दृढ प्रतिबद्धतालाई उक्त सर्वेक्षणले प्रमाणित गरेको हो।

एसिएसआई उद्योगहरूको ग्राहकको सन्तुष्टि मापन गर्ने अमेरिकी संस्था रहेको जनाइएको छ। दुई दशकभन्दा बढी विशेषज्ञता भएको उक्त संस्थाले विभिन्न प्रकारका उद्योगहरूको विस्तृत मूल्यांकन गर्ने कम्पनीको भनाइ छ। एसिएसआई सर्वेक्षणका निष्कर्ष अत्यन्त विश्वसनीय मानिने कम्पनीले उल्लेख गरेको छ। यसका लागि पाँच लाखभन्दा बढी ग्राहकको अन्तर्वार्ताबाट साभार गरिएको नेपालका लागि आधिकारिक विक्रेता चौधरी ग्रुपअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सले जनाएको छ। एलजीले यस वर्षको टिभी क्याटागोरीमा ८३ अंक ल्याएर शीर्ष स्थान हासिल गर्न सफल रहेको कम्पनीले उल्लेख गरेको छ। यो अघिल्लो वर्षभन्दा ४ प्रतिशतभन्दा बढी रहेको कम्पनीले जिकिर गरेको छ। एलजी टिभीले उत्पादनको स्थायित्व, इन्टर्नल कन्फिगरेसन, बाहिरी डिजाइन र वारेन्टी कभरेजलगायत धेरै क्याटागोरीमा ग्राहकमाझ लगातार उत्कृष्ट प्रदर्शन गरेको कम्पनीको दाबी छ।

साथै, होम अप्लाइन्सेसको विधामा एलजीले लगातार दुई वर्ष पहिलो स्थान हासिल गरेको जनाइएको छ। गत वर्ष ८१ अंक ल्याउने एक मात्र उत्पादक रहेको एलजीले यस वर्ष ८२ अंक ल्याएर उत्कृष्ट स्थानमा रहेको कम्पनीले जनाएको छ।

'बाह्रमासे फूलहरू' आउँदै

काठमाडौं/ यती डिस्टिलरी प्रालिले विख्यात पौभा कलाकार लोक चित्रकारसँग सहकार्य गर्ने भएको छ। कम्पनीले नेपालमा बाह्रै महिना फुल्ने फूललाई जनाउने कलाकृति 'बाह्रमासे फूलहरू' प्रस्तुत गर्ने भएको हो।

लोक चित्रकारले उक्त कलाकृति ओल्ड दरबार ट्वेल्भ इयर्स ओल्ड ब्लेन्डेड ह्विस्कीका लागि रचना गरेको कम्पनीले जनाएको छ। कमला श्रेष्ठको कविता 'कतिको दुःख दिन्छौ कृष्ण'बाट प्रेरित उक्त कलाकृतिमा श्रेष्ठको कवितामा नाम उल्लेख भएका २० वटा फूल समेटिएको जनाइएको छ। कवितामा उल्लेख भएका फूलहरू लालीगुराँस, गोदावरी, गुलाफ, चम्पा, चमेलीलगायत फूलहरू ओल्ड दरबार ट्वेल्भ इयर्स ओल्ड ब्लेन्डेड स्कच ह्विस्कीको बोटलमा प्रिन्ट गरिएको कम्पनीले उल्लेख गरेको छ।

परम्परागत पौभा कला विधाको गुरुका रूपमा विश्वभर मान्यता पाएका लोक चित्रकारका चित्रकला शास्त्रीय ग्रन्थ, परम्परा र ऐतिहासिक वास्तुकलाबाट व्यापक रूपमा प्रभावित रहेको कम्पनीको भनाइ छ। विश्वभर आफ्ना कलाकृतिको प्रदर्शनी गरेका चित्रकारले सन् २०१३ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय प्रतिभा पुरस्कारबाट सम्मानित गरेको जनाइएको छ।



यती डिस्टिलरीका प्रबन्ध निर्देशक अभिषेक श्रेष्ठले लोक चित्रकारको प्रतिष्ठा आफैं बोल्ने र उनीसँगको साझेदारी कम्पनी र ब्रान्डका लागि विशेष क्षण भएको बताए। उनले भने, 'यो सहकार्यका लागि उहाँले रचना गर्नुभएको कला साँच्चिकै अद्वितीय छ, यसमा हामी कसरी गर्व नगरी बस्न सक्छौं।' चित्रकारले ओल्ड दरबारका लागि रचना गरेको कलाकृतिले नेपालमा बाह्रै महिना फुल्ने विभिन्न फूलहरूको प्रतिनिधित्व गर्ने र ती फूलहरूले मानिसलाई बदलामा केही नमागीकन निःसर्त माया दिने बताए।

यो सहकार्यबाट हुने आम्दानीले नेवा लोककलाभित्र रहेको अभ्यास र ज्ञानको रचना गर्ने, एक-आपसमा आदान-प्रदान गर्ने र पुनरुत्थान गर्ने एक वर्ष लामो कार्यक्रमलाई सहयोग गर्ने जनाइएको छ।

प्रहरीलाई महालक्ष्मी विकास बैंकको सहयोग

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले प्रहरीलाई सामाजिक चेतनामूलक पुस्तिका र आवश्यक सम्पर्क नम्बरसहितको स्टिकर सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रहरी वृत्त मालीगाउँलाई उक्त सहयोग गरेको हो।

बैंकका निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख वसन्त बक्सीले प्रहरी वृत्त मालीगाउँका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदी र सामुदायिक प्रहरी सेवा केन्द्र, कालोपुलका वरिष्ठ प्रहरी नायब निरीक्षक वसन्त थापालाई उक्त सामग्री हस्तान्तरण गरेको जनाइएको छ। प्रहरीलाई चाडपर्वको समयमा हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न, सार्वजनिक सुरक्षा तथा अमनचयन कायम राख्न, सम्भावित अपराधको रोकथाम तथा नियन्त्रण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले जनचेतनामूलक पुस्तिका र आवश्यक सम्पर्क नम्बरसहितको स्टिकर हस्तान्तरण गरेको बैंकले जनाएको छ। यसबाट मालीगाउँ वडा क्षेत्रवरपरको सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन सहयोग पुग्ने बैंकले विश्वास व्यक्त गरेको छ।



निम्बसले भित्र्यायो ओकाया विद्युतीय स्कुटर

काठमाडौं/ निम्बसले विद्युतीय स्कुटर ओकाया नेपाली बजारमा भित्र्याएको छ। कम्पनीले स्कुटरका सबै उपलब्ध मोडेल नेपालमा भित्र्याएको हो।

कम्पनीले ओकाया स्कुटरले एकपटकको चार्जमा १४० देखि १६० किमिको रेन्ज र भारसहित ७० किमि प्रतिघन्टाको उच्च गति दिने जनाएको छ। अत्याधुनिक प्रविधियुक्त २०००डब्लु-बिएलडिसी-हब मोटरद्वारा सञ्चालित र ४ किलोवाट आवरको लिथियम आयन ब्याट्री रहेकाले यसले अत्याधुनिक प्रविधि पछ्याएको कम्पनीको दाबी छ। स्कुटरमा ब्याट्री र मोटर दुवैमा तीन वर्षको वारेन्टी रहेको जनाइएको छ।

ओकाया स्कुटर मेटालिक ब्ल्याक, मेटालिक स्यान, म्याट ग्रिन, मेटालिक ग्रे, मेटालिक सिल्भर र मेटालिक सेतो गरी ६ रङमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

ओकाया इलेक्ट्रिक भेइकल्सले भारतमा निर्माण गरेको यो स्कुटर दुई लाख ४० हजारदेखि तीन लाख ७५ हजारसम्म मूल्यका तीनवटा मोडल उपलब्ध रहेको जनाइएको छ। निम्बसका निर्देशक प्रदीपकुमार अग्रवालले भने, 'ओकायाको सुरुवातसँगै हामीले सबैभन्दा सुरक्षित इ-स्कुटर नेपालमा भित्र्याएका छौं।

यसको विशिष्ट र भरपर्दो सुरक्षा सुविधासँगै हामीले उपभोक्ताको ठूलो समूहलाई अपिल गरेका छौं। हामी विश्वस्त छौं कि यो खालको किफायती मूल्यमा विद्युतीय गतिशीलतामा आफूलाई अनुकूलित गर्न चाहने मानिसका लागि ओकाया स्कुटर उत्तम विकल्पका रूपमा देखा पर्नेछ।'



कुपन्डोलमा महिन्द्राको ट्विन पिक २ एस सर्भिस सेन्टर



काठमाडौं/ नेपालका लागि महिन्द्रा फोरह्विलरको आधिकारिक विक्रेता अग्नि ग्रुपअन्तर्गतको बालाजु अटो वर्कसले ललितपुरको कुपन्डोलमा नयाँ ट्विन पिक २ एस सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ। कम्पनीले ललितपुर र वरपर बसोवास गर्ने ग्राहकलाई सुविधाजनक पहुँच र समयमै सहयोग सुनिश्चित गर्ने उद्देश्यले नयाँ सेवा केन्द्र स्थापना गरेको हो।

सर्भिस सेन्टरको उद्घाटन महिन्द्रा एन्ड महिन्द्राका इन्टरनेसनल अपरेसनअन्तर्गत एपिएसी एन्ड सपोर्टिङ फंक्सनका क्षेत्रीय प्रमुख जोइदीप मोइत्रा, नेपाल, भुटान र बंगलादेशका लागी कन्ट्री हेड चैतन्य कगलकार, अग्नि ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठ, कार्यकारी निर्देशक सुसन श्रेष्ठ, कार्यकारी निर्देशक अर्जुनप्रसाद शर्माले गरेको जनाइएको छ।

बालाजु अटो वर्कसले नयाँ २ एस ट्विन पिक सर्भिस सेन्टरमा गुणस्तरीय सेवाको अनुभव गर्न सबै ग्राहकलाई आग्रह गरेको छ। आफ्ना सेवाहरू यसरी नै नेपालभरि विस्तार गर्ने लक्ष्य लिएको कम्पनीले जनाएको छ।

सिटिजन्स बैंकको मोबाइल बैंकिङ एपमा थपियो सुविधा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकका लागि सिटिजन्स स्मार्ट मोबाइल बैंकिङ एपमा नयाँ सुविधा थप गरेको छ। बैंकले हाल मोबाइल बैंकिङ एपमार्फत नियमित प्रदान गर्दै आइरहेको सेवाका अतिरिक्त अन्य उपयोगी सेवासमेत थप गरेको हो।

सेवा थपिएसँगै ग्राहकले मोबाइल बैंकिङ एपमार्फत नै मुद्दती खाता खोल्ने, चेक रोक्का गर्ने, डेबिट कार्ड प्राप्त गर्न निवेदन दिने, कार्ड ब्लक गर्ने, पिन रिसेट गर्ने, क्रेडिट कार्डको सीमा हेर्नेजस्ता सुविधा थप गरेको जनाइएको छ। सिटिजन्स स्मार्ट मोबाइल बैंकिङ एपलाई नयाँ इन्टरफेसमा अपग्रेड गरिनुका साथै लगइन मेनु पनि पुनर्संरचना गरिएको बैंकले जनाएको छ। जसबाट स्मार्ट सेवाहरू, स्मार्ट प्रस्तावहरू, इएमआई क्याल्कुलेटर र विदेशी मुद्रा आइकन छुट्टै ब्लक डिजाइनमा राखिएको उल्लेख छ।



यसका साथै बैंकले आफ्ना विशेष ग्राहकलाई लक्षित गरी मोबाइलमार्फत नै प्रिभिलेज बैंकिङ सेवासमेत सुरु गरेको जनाएको छ। यसअघि बैंकले विभिन्न प्रिभिलेज काउन्टरमार्फत प्रिभिलेज बैंकिङ सेवा प्रदान गर्दै आइरहेकोमा अब मोबाइल बैंकिङ एपमार्फत नै प्रिभिलेज सेवा प्रदान गर्ने जनाइएको छ। यस सेवाअन्तर्गत ग्राहकले बैंकका तोकिएका सम्पर्क अधिकृतमार्फत विनाझन्झट बैंकिङ सेवा प्राप्त गर्न सक्नुहुनेछ।

बैंकले हाल देशभरमा एक सय ८८ शाखा, एक सय ४८ एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिनेबारे प्रथमपटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति :२०८०/०७/०१ गते)

यस बैंकका देहायका शाखा कार्यालयहरूबाट निम्नबमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकमा आई आफूले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, यस सूचनाबमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

यो सूचनाबमोजिम ३५ (पैंतीस) दिनभित्र चुक्ता नभएमा तपशिलमा उल्लेखित चल, अचल सम्पत्ति जे, जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा प्रचलित कानुनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको ३५औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय बाजुरा मा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। बोलपत्र सूचना प्रकाशन भएको ३६औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदापश्चात् लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरू दिनको ११ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल मंसिर महिना ०६ गते

सम्बन्धित कार्यालय तथा धितो लिलाम हुने स्थान/कार्यालय : शाखा बाजुरा

ग्राहकको विवरण

१. ग्राहकको नाम : लक्ष्मी खुद्रा पसल प्रोप्राइटरको नाम : तिल रोकाया

दर्ता भएको कार्यालय : वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, फर्मको दर्ता नं : १८८/०६६/०६७ दर्ता मिति : २०६६ श्रावण २८ पान नं : ३०३६३९४५९

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (ब.मि.)
व्यापार	तिल रोकाया	बाजुरा "	मार्तडी "	९ ९	८८७, ८९० ९१४, १००४	१२, ९२.२५ ७४,१००

प्रोप्राइटर तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
तिल रोकाया	जुगाडा ७। बाजुरा	८२५७	बाजुरा/२०५९।०९।०७/जिल्ला प्रशासन कार्यालय, बाजुरा	देउरामे रोकाया	जंगवीर रोकाया

२. ग्राहकको नाम : सन्तोष जनरल स्टोर प्रोप्राइटरको नाम : डबल बहादुर हमाल

दर्ता भएको कार्यालय : वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग फर्मको दर्ता नं : ५६६/२०६९/०७० दर्ता मिति : २०६९ भाद्र २६ पान नं.: ६००७७१९७१

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (ब.मि.)
व्यापार	डबलबहादुर हमाल	बाजुरा " " "	जुगाडा " " "	२, २ ३, ४ ४, ५	३८, १८२, ४८१, १०४१ १०४२, ११६८, ११७० १८२, २१९, ३११, ३३९ २५१, २५७, २६३, २७१ २८७, ४९६, ५०४ ४१७, ४४२	६४५, ४१५, ३८०, १७७०, १७१०, ४८५, १२८५, ३१५,२३५, १२५, १०५५, ३९५, ३६५, ३३५, ३६५, १४५, ४६५, २३३०, ६४५०, १४१५

प्रोप्राइटर तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
डबलबहादुर हमाल	जुगाडा ४, बाजुरा	१७२४	बाजुरा/२०५०।१२।२८/ जिल्ला प्रशासन कार्यालय, बाजुरा	जयराज पण्डित	पृथ्वीखर

शर्तहरू

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु. १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।

२. लिलामी सूचनामा उल्लेखित कर्जा शीर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शीर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ।

३. रित नपुगेको, न्यूनतम मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारबाही गरिने छैन।

४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।

५. टेण्डर मिति २०८०/०८/०६ का दिन दिनको ११ बजे कृषि विकास बैंक शाखा कार्यालय, बाजुरामा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरूको रोहवरमा खोलिने छ।

६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाब वा धरौटीबापत शाखा कार्यालयमा जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।

७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ। घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरी सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ।

८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग-अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।

९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।

१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनु पर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।

११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।

१२. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।

१३. लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भइपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

१४. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठको चिनियाँ समकक्षीसँग बेइजिङमा भेटवार्ता

नयाँ पत्रिका


उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले चीनका स्टेट काउन्सिलर एवं सार्वजनिक सुरक्षासम्बन्धी मन्त्री वाङ सियाहोङसँग बेइजिङमा मंगलबार भेटवार्ता गरेका छन् । दुई घन्टा लामो वार्तामा नेपाल-तिब्बत सीमा सुरक्षा तथा नेपालको सुरक्षा निकायलाई चीनले गर्ने सहयोगका विषयमा विस्तृतमा छलफल भएको छ । चिनियाँ समकक्षीले उपप्रधानमन्त्री श्रेष्ठलाई नेपालबाट तिब्बतसँग सम्बन्धित गतिविधि नहोस् भन्ने अपेक्षा गरेको सुनाएका छन् ।

'तिब्बतको सुरक्षाका सन्दर्भमा हाम्रो चासो छ । नेपालमा चीनविरोधी गतिविधि नहोस् भन्नेमा हाम्रो चाहनालाई नेपालले सधैँ सम्बोधन गर्दै आएको छ र सुरक्षा निकायले सन्तोषजनक भूमिका निर्वाह गरेका छन्,' चिनियाँ मन्त्री वाङलाई उद्धृत गर्दै बेइजिङबाट एक नेपाली अधिकारीले नयाँ पत्रिकासँग भने । दुई देशबीच सम्बन्धको उत्कृष्ट अवस्था रहेको भन्दै दुवै नेताले सन्तुष्टि व्यक्त गरेको बेइजिङस्थित नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा छ ।

नेपाली राजदूतावासका अनुसार उपप्रधानमन्त्री श्रेष्ठले आन्तरिक एवं बाह्य राजनीतिक परिस्थिति हेरफेर भए पनि एक चीन सिद्धान्तप्रति नेपालको आधारभूत अडान रहने बताएका छन् । विगतमा नेपाली नेताहरूले एक चीन नीति र चिनियाँ नेताले एक चीन सिद्धान्त भन्दै आएकोमा यसपटक उपप्रधानमन्त्री श्रेष्ठले पनि एक चीन सिद्धान्त भनेका छन् ।

'उपप्रधानमन्त्री श्रेष्ठले आन्तरिक र बाह्य राजनीतिक परिस्थितिमा जे-जस्तो परिवर्तन आए पनि एक चीन सिद्धान्तमा नेपालको आधारभूत अडान स्पष्ट र अटल रहेको बताउनुभयो,' बैठकपछि नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा छ, 'उहाँहरूले कानुन कार्यान्वयन, सीमा व्यवस्थापन र सुरक्षाकर्मीको क्षमता अभिवृद्धिका क्षेत्रमा द्विपक्षीय सहयोगलाई अगाडि बढाउने विषयमा छलफल गर्नुभएको छ । उपप्रधानमन्त्री श्रेष्ठले शान्तिसुरक्षा कायम गर्न र सीमापार आपराधिक गतिविधि नियन्त्रण गर्न सीमापार सुरक्षा सहयोग अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमण (६ देखि १३ असोज)मा सीमाको संयुक्त निरीक्षण, सीमा व्यवस्थापन र सीमा सुरक्षाबारे सहमति भएको थियो । ८ असोजमा चिनियाँ प्रधानमन्त्री ली छियाङ र प्रधानमन्त्री प्रचण्डबीचको द्विपक्षीय वार्तापछि जारी संयुक्त वक्तव्यमा



चीन-नेपाल सीमाको संयुक्त निरीक्षण गर्न दुवै पक्ष सहमत भएको उल्लेख थियो ।

'दुवै पक्ष विगतमा भएको सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौतालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउन सहमत भएका छन्,' संयुक्त वक्तव्यमा थियो, 'सीमा व्यवस्थापन थप सुदृढ बनाउन चीनको सार्वजनिक सुरक्षा मन्त्रालय र नेपालको गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने प्रोटोकलमा छलफल जारी राख्न उनीहरू सहमत भएका छन् ।' यसबारे उपप्रधानमन्त्री श्रेष्ठ र चिनियाँ समकक्षीबीच छलफल भएको छ ।

प्रधानमन्त्री प्रचण्डकै भ्रमणका क्रममा दुवै पक्षले दुई देशको सुरक्षाका लागि कानुन कार्यान्वयन गर्ने निकायबीचको सहयोग महत्त्वपूर्ण हुने निष्कर्ष निकालेका थिए । 'यसका लागि दुवै निकायबीच सूचना आदान-प्रदान, क्षमता अभिवृद्धि र आ-आफ्ना कानुन कार्यान्वयन गर्ने सुरक्षा निकायबीच तालिम थप सुदृढ गर्न सहमत भएका छन् । दुवै पक्ष पारस्परिक कानुनी सहायतासम्बन्धी चीन-नेपाल सन्धिको अनुमोदनका लागि छलफललाई तीव्रता दिन सहमत भएका छन्,' संयुक्त वक्तव्यमा भनिएको थियो । उपप्रधानमन्त्री श्रेष्ठ र चिनियाँ समकक्षी वाङबीचको छलफलमा उक्त वक्तव्यको स्पिरिटबारे छलफल भएको स्रोतले जनाएको छ ।

नेपाली दूतावासका अनुसार चिनियाँ सार्वजनिक सुरक्षामन्त्री वाङले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई विपत् व्यवस्थापन क्षमता अभिवृद्धिसहित लजिस्टिक सहयोग विस्तारमा निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । भेटवार्तामा नेपाल-चीन (तिब्बत)का १४ वटा सीमानाका खुला भएको विषयमा चर्चा भएको थियो । यसम दुवै पक्षले खुसी व्यक्त गरेका छन् ।

उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार साँझ चिनियाँ राष्ट्रपति सी जिनपिङले आयोजना गरेको स्वागत समारोहमा सहभागी भए । बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोअपरेसनको तेस्रो शिखर सम्मेलनमा सहभागी विदेशी प्रतिनिधिमण्डलको सम्मानमा स्वागत समारोह आयोजना भएको थियो । सम्मेलन बुधबारदेखि सुरु हुँदै छ जहाँ उपप्रधानमन्त्री श्रेष्ठ उद्घाटन सत्रमा सहभागी हुँदै छन् । उनी सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै सोमबार साँझ बेइजिङ पुगेका हुन् ।

बिआरआई ऐतिहासिक रेशम मार्गको नयाँ रूप हो : पोखरेल

एमाले पोलिटब्युरो सदस्य आनन्द पोखरेलले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) एसियालाई युरोप र अफ्रिकासँग जोड्ने पारदर्शी आर्थिक कार्यक्रम रहेको बताएका छन् । चीनको बेइजिङमा जारी तेस्रो बिआरआई अन्तर्राष्ट्रिय सहयोग शिखर सम्मेलनको सफलता सम्बन्धमा शुभकामना दिँदै पूर्वमन्त्री पोखरेलले बिआरआई व्यापार र पूर्वाधारमार्फत विश्वलाई आपसमा जोड्ने महत्त्वपूर्ण आर्थिक कार्यक्रम रहेको बताए । उनका अनुसार बिआरआई सैनिक गठबन्धन नभई ऐतिहासिक रेशमी मार्गको नयाँ रूप हो । 'ऐतिहासिक रेशमी मार्ग पुनः ब्युँताउँदै आधुनिक युगमा व्यापार तथा पूर्वाधार सञ्जालमार्फत एसियालाई युरोप र अफ्रिकासँग जोड्ने चीनको पारदर्शी आर्थिक कार्यक्रम 'बिआरआई' हो । यो कुनै भूराजनीतिक अथवा सैनिक गठबन्धन होइन । खुला, सहभागीमूलक र साझा विकास कार्यक्रम हो,' उनले भने ।

अपराध अनुसन्धानमा नेपाल प्रहरीले विश्वस्तरमा ख्याति कमाएको छ : प्रधानमन्त्री प्रचण्ड

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सीमित साधनस्रोत, जनशक्ति र अनेकौँ चुनौतीबीच पनि अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले विश्वस्तरमा प्राप्त गरेको ख्याति नेपाल सरकारका लागि पुँजी भएको बताएका छन् । ६८औँ प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपाल प्रहरीले आफू र आफ्नो सेवा प्रवाहलाई समयसापेक्ष आधुनिकीकरण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा समेत प्रभावशाली प्रहरी संगठनको रूपमा स्थापित हुन सफल भएको भन्दै प्रशंसा गरेका हुन् ।

आमनागरिकको सरोकार र राज्यका समस्यामा नेपाल प्रहरीले प्रथम पंक्तिमा रहेर समस्या सम्बोधन र समाधान गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, 'आमनागरिकले दुःखमा सम्झिने पहिलो राज्य संयन्त्र नेपाल प्रहरी हुने गरेको छ, यो आफैँमा महत्त्वपूर्ण कुरा हो ।'

गौरवशाली इतिहास कायम गरेको प्रहरी संगठनले धेरै बाधा, अवरोध र चुनौतीहरूको सामना र परास्त गरेर आजको अवस्थामा आइपुगेको यस अवसरमा आफ्नो इतिहास र परम्परालाई कायम राख्दै थप जिम्मेवारीबोध र कार्यसम्पादनका निम्ति सिंगो प्रहरी संगठन परिवारमा प्रधानमन्त्रीले अनुरोध गरे । नेपाल प्रहरीको छविमाथि प्रश्न उठ्ने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि र गलत क्रियाकलाप नियन्त्रण गर्न प्रहरी नेतृत्व पूर्णतः सक्षम रहेको उनले विश्वास व्यक्त गरे ।

सीमित साधनस्रोत, जनशक्ति र अनेकौँ चुनौतीबीच पनि अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले विश्वस्तरमा प्राप्त गरेको ख्याति नेपाल सरकारका लागि पुँजी भएको उल्लेख गरे । समाजमा बदलिँदो आपराधिक परिवेश, विश्वव्यापीकरणसँगै फैलिएको अन्तर्राष्ट्रिय अपराधको सञ्जाल, सूचना प्रविधिले ल्याएको विकास र यसले निम्त्याएको विनाश, अनुशासनहीनतालाई मध्यनजर गर्दै नेपाल प्रहरीले आफ्नो स्वरूप र सेवा प्रवाहमा सोहीअनुरूप विकास र परिवर्तन गर्दै गएको देख्दा गर्व र खुसी लागेको उल्लेख गर्दै उनले सूचना-प्रविधिको विकाससँगै अपराधका नयाँ-नयाँ आयाम विकसित भइरहेको परिप्रेक्ष्यलाई दृष्टिगत गर्दै अपराध नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरीले आगामी दिनमा प्रविधिमैत्री संयन्त्र र विधिको भरपूर उपयोग गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरीले कार्यसम्पादन र सेवा प्रवाहको विश्वसनीयता, गुणस्तरीयता एवं जिम्मेवारीप्रतिको समर्पणलाई निरन्तर परिष्कृत, परिमार्जित र सुदृढ गर्दै लगेको बताए । समय, परिवेश र विकासको गतिसँगै संगठनको विकास र विस्तार गर्दै आइरहेको चर्चा गर्दै नेपाल प्रहरीको सेवामा प्रभावकारिता वृद्धि गर्न आन्तरिक सुदृढीकरण र शुद्धीकरण गर्ने उद्देश्यसहित नेपाल प्रहरी कार्ययोजना, २०८० कार्यान्वयनमा ल्याइएको उनको भनाइ छ ।

थापालाई लाइफटाइम, गुरुङलाई प्रहरी ब्याटन

अवकाशप्राप्त प्रहरी निरीक्षक कोमलबहादुर थापालाई नेपाल प्रहरीले यस वर्षको 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गरेको छ । प्रधानमन्त्री दाहालले मंगलबार उक्त अवार्ड प्रदान गरेका हुन् । करिब तीन दशक थापाले प्रहरीमा प्रशिक्षकका रूपमा योगदान दिएका थिए ।

अन्तरप्रदेश प्रहरी कार्यदक्षता मूल्यांकन (प्रहरी ब्याटन) २०८० तर्फ सर्वोत्कृष्ट भएका गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायब महानिरीक्षक बुद्धिराज गुरुङलाई प्रहरी ब्याटन २०८० गरिएको छ ।

नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथा सफलतापूर्वक आरोहण गरी नेपाल र नेपाल प्रहरी संगठनको गरिमा विश्वमाझ उच्च राख्न निर्वाह गरेको साहसिक तथा जोखिमपूर्ण कार्यको उच्च मूल्यांकन गर्दै प्रहरी वरिष्ठ नायब निरीक्षक पुरुषोतम नेपालीलाई 'योगेन्द्र स्मृति साहसिक पुरस्कार' प्रदान गरिएको छ । विशेष ब्युरोका प्रहरी निरीक्षक मोहम्मद कलिम अञ्जुमलाई 'पूर्ण शान्ति पुरस्कार' र नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोका प्रहरी वरिष्ठ नायब निरीक्षक दुर्गाकुमार योञ्जनलाई 'मोतीलाल सर्वोत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार' प्रदान गरिएको छ । साथै हालै चीनमा सम्पन्न एसियन गेम्समा उत्कृष्ट प्रदर्शन गर्ने प्रहरीका खेलाडीहरू एरिका गुरुङ, नितु गुरुङ, मानमती विष्ट, अर्पणा चौधरी, दीपेन्द्रसिंह ऐरीलाई प्रधानमन्त्रीले नगद तथा सम्मानपत्र प्रदान गरेका छन् ।

संघ, प्रदेश...

पृष्ठ १ बाट क्रमशः

मिर्गौला फेल भएर निधन भएपछि यो पद रिक्त छ । त्यस्तै ओखलढुंगाका जिसस प्रमुख डिल्लीराम खनाल गत १३ असोजमा उपचारका क्रममा निधन भएपछि पद रिक्त छ । दैलेखको महाबु गाउँपालिका अध्यक्ष लछुमन गुरुङको उच्च रक्तचापका कारण गत माघमा निधन भएपछि यो पद पनि रिक्त छ । दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष श्यामसुन्दर तामाङको हृदयाघातबाट निधन भएपछि पद रिक्त छ ।

आयोगका अनुसार सुनसरीको गढी गाउँपालिका- ६, उदयपुर त्रियुगा नगरपालिका- १२, रौतहट इशनाथ नगरपालिका- ७, राजपुर नगरपालिका- ६, काठमाडौं कीर्तिपुर नगरपालिका- ४, नुवाकोट ककनी गाउँपालिका- २, मकवानपुर हेटौँडा उपमहानगरपालिका- १२, गोरखाको गोरखा नगरपालिका- ५, गुल्मी मुसीकोट गाउँपालिका- १, रोल्पा रुन्टीगढी गाउँपालिका- ४, बर्दिया ठाकुरबाबा नगरपालिका- ४, कालिकोट तिलागुफा नगरपालिका- ४, जाजरकोट कुशे गाउँपालिका- ७, दार्चुला दुहुँ गाउँपालिका- ५, बझाङ सुर्मा गाउँपालिका- ४, डोटी पूर्वीचौकी गाउँपालिका- ६ र काठमाडौँ महानगरपालिका- १६ मा वडाध्यक्ष पद रिक्त छ ।

जनप्रतिनिधिको रिक्तता मुख्यतः मृत्यु भएका कारण भएको आयोगको प्रतिवेदनमा छ । 'केही वडाध्यक्ष तल्लो तहबाट उपल्लो तहमा जानुभयो, जिसस प्रमुख हुनुभयो । एकाधले राजीनामा पनि दिनुभएको हो,' आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले भने ।

रिक्त पदपूर्तिका लागि आयोगले उपनिर्वाचनको तयारी थालेको छ । रिक्त रहेका स्थानको जानकारी सरकारलाई गराइसकिएको प्रवक्ता पौडेलले जानकारी दिए । 'उपनिर्वाचनको हकमा स्थानीय तहको निर्वाचन आयोगको परामर्शमा सरकारले घोषणा गर्ने हो । प्रधानमन्त्री, उपप्रधानमन्त्री भेटेर आयोगले सरकारलाई जानकारी गराएको छ । सरकारले मिति घोषणा गरेपछि आयोगले चुनाव गराउँछ,' उनले भने । उनका अनुसार आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को व्यवस्थाबमोजिम उपचुनाव गराउनेछ । साथै, संघ र प्रदेशको रिक्त स्थानमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम उपनिर्वाचन सम्पन्न गरिनेछ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले माघमा राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गरेर आउँदो वैशाखमा उपनिर्वाचन गर्न सकिने बताए । 'माघमा राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ । त्यसपछि उपनिर्वाचनको तयारीमा लाग्छौँ । मैले बुझेअनुसार वैशाखसम्ममा गर्नुपर्छ कि भन्ने छ । मिति घोषणा भएपछि आयोग तयारै छ,' उनले भने ।

गैरआवासीय...

पृष्ठ १ बाट क्रमशः

नागरिकता वितरण सुरु गरेपछि प्रधानमन्त्री प्रचण्डले गैरआवासीय नेपालीका पक्षमा सरकारले सकारात्मक भूमिका निर्वाह गरिरहेको र थप सहकार्य गर्न इच्छुक रहेको बताए । उनले नेपालको समृद्धिका लागि एनआरएनएको प्रभावकारी सहयोग र सद्भाव अपरिहार्य रहेको बताए ।

'नेपालको संविधानमा गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसहितको गैरआवासीय नागरिकताको व्यवस्था गर्न निकै ठूलो संघर्ष र पहल गरेको छु । त्यसकै बलमा तपाईंहरूले संवैधानिक अधिकार प्राप्त गर्नुभएको छ । संविधानमा व्यवस्था भएपश्चात् पनि कानुनी व्यवस्था गर्न हामीले फेरि अर्को संघर्ष गर्नुपर्‍यो । निकै ठूलो संघर्ष र मिहिनेतपछि हामीले सफलता हासिल गरेका छौँ,' प्रचण्डले भने, 'मेरो नेतृत्वमा नयाँ सरकार बन्नासाथ सरकारले सम्माननीय राष्ट्रपतिज्यूलाई नागरिकता विधेयक सदर गर्न आग्रह गर्‍यो । सम्मानीय राष्ट्रपतिज्यूबाट सदर भएपछि उक्त विधेयक कानुनमा परिणत भएको छ, नियमावली बनेको छ । मैले भर्खरै संघका अध्यक्ष कुल आचार्य र बद्री केसीजीलाई गैरआवासीय नेपाली नागरिकता हस्तान्तरण गरेको छु ।'

०७२ मा जारी संविधानमा गैरआवासीय नेपालीलाई नागरिकता दिने व्यवस्था थियो । संशोधित नागरिकता ऐन, २०७९ ले पनि गैरआवासीय नेपालीले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ । तर, संविधान जारी भएको आठ वर्षसम्म पनि नागरिकता ऐन संशोधन नहुँदा उनीहरूले नागरिकता पाएनन् । ०७९ साउन-भदौमा संघीय संसद्ले नागरिकता विधेयक पास गरेर पठाए पनि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक प्रमाणीकरण गरिनन् । वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरेपछि मात्रै असोजमा नियमावली संशोधन भयो ।

गत ४ भदौमा नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० राजपत्रमा प्रकाशित भएबमोजिम गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको नयाँ व्यवस्था लागू भएको हो ।

विदेशमा रहेका नेपाली नागरिकले अब नेपालमा हुने निर्वाचनमा सहभागी हुन लागि अनलाइनमार्फत मतदाता नामावलीमा नाम दर्ता गराउन सक्ने भएका छन् । विदेशमा रहेका नेपाली नागरिकको मतदाता दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को मस्यौदाअनुसार उनीहरूले अनलाइनमार्फत नामावली दर्ता गराउन चाहेमा निर्वाचन आयोग वा सम्बन्धित कूटनीति नियोगको वेबसाइटमा रहेको अनलाइन मतदाता नामावली फाराम भर्नुपर्नेछ ।

फाराम भर्न इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र, नागरिकतामा उल्लेखित ठेगानाभन्दा ठेगानामा नाम दर्ता गराउन चाहेमा त्यस्तो स्थानमा बसाइँसराइ गरी आएको प्रमाणपत्र वा विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र, सम्बन्धित देशका लागि प्राप्त गरेको प्रवेशाज्ञा वा श्रम स्वीकृति, स्वघोषणापत्र समावेश गर्नुपर्नेछ । त्यस्तै, जैविक विवरण दिनका लागि आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्नुपर्नेछ ।

संघीय कानुनबमोजिम हुने निर्वाचनका लागि विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यलाई व्यवस्थित र कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएको मतदाता नामावली ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको हो । कार्यविधिको मस्यौदाअनुसार आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि मुलुक तोक्न सक्नेछ । आयोगले मुलुक तोक्दा परराष्ट्र मन्त्रालयसँग समन्वय गर्न सक्नेछ । आयोगले मतदाता नामावली संकलनका लागि सम्बन्धित कूटनीतिक नियोगलाई दर्ता केन्द्र तोक्न सक्नेछ । तर, मुलुक तथा दर्ता केन्द्र तोकेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

मतदाता नामावली दर्ता गर्ने प्रयोजनका लागि कूटनीतिक नियोगको कार्यालयमा दर्तास्थल राख्दा नागरिकको सहज पहुँच, जैविक विवरण लिन उपयुक्त स्थानलाई चयन गर्नुपर्नेछ । तोकिएको मुलुकको कूटनीतिक नियोगले आयोगसँगको समन्वयमा आवश्यकतानुसार घुम्ती शिविर सञ्चालन गर्न सक्ने मस्यौदामा उल्लेख गरिएको छ ।

विशेष अदालतले...

पृष्ठ १ बाट क्रमशः

कसी असुलउपर गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।' परिच्छेद १६ मा फैसला कार्यान्वयनबारे विस्तृतमा उल्लेख छ । यसअघि साढे नौ वर्ष कैद सजाय पाएका पूर्वमन्त्री बद्री न्यौपाने क्यानडा पुगेका थिए ।

अब विशेषले पनि कानुनी सहायताका लागि वैतनिक कानुन व्यवसायीको व्यवस्था गर्न सक्नेछ । नियमावलीमा उल्लेख भएअनुसार वकालतनामा र अन्य जुनसुकै निवेदन लिई आएमा विशेष अदालतले १० रुपैयाँ दर्ता शुल्क लिनेछ । लिखित बहस नोट दर्ताको २० र लिखित जवाफ तथा पुनरावेदनको ५०-५० रुपैयाँ दर्ता दर तोकिएको छ । यी शुल्क सरकारवादी पक्षलाई लाग्नेछैनन् ।

नियम ४१ ले बन्द सवालद्वारा साक्षी बुझ्न सक्ने व्यवस्था गरेको छ । अदालतमा उपस्थित हुन नसक्ने, तर नबुझी नहुने साक्षीका लागि मुद्दाको गम्भीरता हेर्दै बन्द सवालद्वारा साक्षी बुझ्न सक्ने व्यवस्था गरिएको हो । यसमा साक्षीलाई प्रश्नसहितको पत्र पठाइन्छ । यसैगरी, भिडियो कन्फ्रेन्सिङबाट पनि साक्षी बुझ्न सकिने व्यवस्था नियमावलीमा गरिएको छ । यो पनि अदालतमा उपस्थित हुन नसक्ने साक्षीका हकमा मात्र हुनेछ ।

कानुन व्यवसायीलाई बहसको समय निर्धारित गरिएको छ । थप समय आवश्यक परे इजलाससँग बहसअघि समय माग गर्नुपर्ने प्रावधान नियमावलीमा छ । विशेष अदालत ऐन, २०५९ मात्र हुँदा र आफ्नै नियमावली नहुँदा कतिपय विषयमा विशेषलाई कठिनाइ हुने गरेको थियो । तर, २५ असोजमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले राजपत्रमा सूचना निकाल्दै विशेष अदालत ऐनको दफा २३ को अधिकार प्रयोग गर्दै नियम बनाइएको जनाएको छ । ऐनको दफा २३ मा ऐन कार्यान्वयनका लागि आवश्यक नियम बनाउने अधिकार सरकारलाई रहेको उल्लेख छ । नियमावलीमा कुल ८७ नियम छन् । विशेष आफैँले अन्य कार्यविधि व्यवस्थित गर्न पाउने नियम ८७ मा उल्लेख छ । नियमावलीमा २४ अनुसूची छन् ।

पोखरामा...

पृष्ठ १ बाट क्रमशः

पछिल्ला चार वर्षदेखि चिनियाँ च्याङ्ग्रा आउन छाडेपछि मुस्ताङलगायत क्षेत्रका कृषक र व्यापारीले भाउ बढाएका हुन् ।

१० वर्षदेखि मुस्ताङबाट भेडा-च्याङ्ग्रा ल्याएर पोखरामा बिक्री गर्दै आएका रामु थापा क्षत्रीले पनि गत वर्षको तुलनामा मुस्ताङमै प्रतिगोटा खरिदमा १० देखि १५ हजारसम्म मूल्य बढी तिर्नुपरेको बताए । गत वर्ष मुस्ताङमा ३८ हजारमा पाइने च्याङ्ग्रा यसपटक ५० हजारसम्म परेको उनको भनाइ छ । 'भेडा-च्याङ्ग्रा पोखरा ल्याउँदा प्रतिगोटाको करिब दुई हजार पाँच सय खर्च लाग्छ,' उनले भने । व्यवसायीले नाफा राखेर बिक्री गर्दा एउटैको ६० हजारसम्म पर्ने गरेको छ ।

पोखरामा १५ हुल गरी करिब सात हजार भेडा-च्याङ्ग्रा ल्याइसकिएको छ । मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, बझाङ र बाजुराबाट ल्याइएका च्याङ्ग्रा पोखरा-बाग्लुङ राजमार्ग किनारको सडकमा बिक्री गर्न राखिएका छन् । फूलपातीको दिन बढी बिक्री हुने गरेको व्यवसायीहरू बताउँछन् । यस वर्ष पोखरामा करिब १५ हजार भेडा-च्याङ्ग्रा आउने अनुमान व्यापारीहरूको छ । पुरानो टुँडिखेलमा बिक्रीका लागि राखिन्छ, जहाँ ठूलो मेलासमेत लाग्छ ।

पोखरा ल्याइएका भेडा-च्याङ्ग्रा बिक्रीका लागि काठमाडौं, धादिङ, तनहुँ, स्याङ्जा, चितवन, बुटबल, धरान, पाल्पालगायत क्षेत्रमा पनि पुर्‍याउने गरिन्छ । हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने भन्दै उपभोक्ताले दसैं-तिहारमा भेडा-च्याङ्ग्रा रोज्ने गर्छन् ।

इजरायलबाट...

पृष्ठ १ बाट क्रमशः

'उनीहरूलाई तेलअभिभस्थित भारतीय दूतावाससँगको समन्वयमा भारतको राजधानी नयाँदिल्लीसम्म र त्यहाँबाट नयाँदिल्लीस्थित नेपाली दूतावासको सहयोगमा नेपालसम्म पुर्‍याउने गरी व्यवस्था गरिएको छ,' इजरायलस्थित नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दूतावासले आवश्यकताअनुसार अन्यको फिर्तीमा समेत क्रमशः सहजीकरण गर्नेछ ।'

परराष्ट्रमन्त्री साउदको सचिवालयका अनुसार उद्धार भएका नागरिकहरूमा नन्दसिंह भुल, सुजेन्द्र खड्का, प्रतिभा रौनियार, अनुमा डंगोल, हिना खाण, आतिस गुरुङ, जुनु गुरुङ, मौसमी पाख्रिन, प्रतिमा तिम्सिना, राजकुमार मानन्धर, संगीता दुलाल, उर्मिला रावल, ममता थापा, दिलकुमारी अधिकारी कार्की, निश्चल श्रेष्ठ, समिता बस्नेत, अम्बिका सुवेदी, सरिता गुरुङ छन् ।

दिल्लीस्थित नेपाली राजदूतावासका कन्सुलर एवं नेपाल प्रहरीका एसएसपी उमाप्रसाद चतुर्वेदीका अनुसार नेपालीहरूलाई बसमा गड्डाचौकी हुँदै स्वदेश फर्किने व्यवस्था भएको छ । 'उहाँहरू बुधबार बिहान नेपालको सीमामा पुग्ने व्यवस्था भएको छ,' चतुर्वेदीले दिल्लीबाट टेलिफोनमा नयाँ पत्रिकासँग भने ।

दुई-तीन दिनभित्रै नेपाली विद्यार्थीको शव स्वदेश ल्याउने तयारी

नेपाली दूतावासका अनुसार दुई-तीन दिनभित्रै नेपाली विद्यार्थीको शव स्वदेश ल्याउने तयारी छ । 'घटनामा परी निधन भएकामध्ये पहिचान भएका शवको कानुनी प्रक्रिया पूरा गरी दुई-तीन दिनभित्र नेपाल पठाउने गरी तयारी भइरहेको छ,' दूतावासले भनेको छ, 'अन्य शवको पहिचानको काम भइरहेको छ ।'

कैलाली घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपाने, दार्चुलाको मल्लिकार्जुन नगरपालिका- ४ का लोकेन्द्रसिंह धामी, बझाङको जयपृथ्वी नगरपालिका- ६ का गणेशकुमार नेपाली, दार्चुलाको लेकम गाउँपालिका- ५ दीपेशराज विष्ट र कैलाली बौनियाँका आशिष चौधरीको शव नेपाली दूतावासलाई प्राप्त भएको छ । डोटीको पचनलीका राजन फुलारा, डोटीकै लामिखालका पदम थापा, सल्यानको शारदा नगरपालिका- ३ का प्रवेश भण्डारी, धनुषाको सपहीका आनन्द साह र सुनसरीको मधुवनका राजेशकुमार स्वर्णकारको शव भने प्राप्त हुन बाँकी छ ।

हमासको आक्रमणमा घाइते भएका चारजनामध्ये दुईजना अस्पतालबाट डिस्चार्ज भएका छन् । यीमध्ये एकजना नेपाल आइसकेका छन् भने एकजना नेपाली दूतावासको हेरचाहमा छन् । दुईजनाको उपचार भइरहेको छ ।

दूतावासले हराइरहेका विपिन जोशीको खोजी कार्य थप तीव्र पारिएको जनाएको छ । 'उपलब्ध सम्पूर्ण संयन्त्र-माध्यमहरूको प्रयोग गरी सम्पर्कविहीन रहेका विपिन जोशीको खोजी कार्यलाई अझै तीव्र पारिएको छ,' दूतावासले भनेको छ ।

गोल्याण पावर लिमिटेड को विशेष साधारण सभा सम्बन्धी सूचना

मितिः २०८०।०७।०१
प्रथम पटक प्रकाशित मितिः २०८०।०६।३०

यस गोल्याण पावर लिमिटेड (द.नं. २९९२१०) को मिति २०८०।०६।२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाईएको छ ।

सभा हुने मिति : २०८०।०७।१५
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
समय : बिहान ११:०० बजे

कम्पनीको विशेष साधारण सभाको छलफलको विषयसूचीः

क) विशेष प्रस्ताव
१) कम्पनीको अधिकृत पूँजी र जारी पूँजी वृद्धिका लागि प्रबन्धपत्रको दफा संशोधन गर्ने सम्बन्धमा।
२) कम्पनीको नियमावलीको नियम २७(३)(ख) संशोधन गर्ने सम्बन्धमा ।

ख) सामान्य प्रस्ताव
१) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनलाई तीन-महलेमा अभिलेख गरी कार्यालयमा बुझाउने सम्बन्धमा ।
२) अख्तियारी दिने सम्बन्धमा ।
३) विविध ।

सञ्चालक समितिको आज्ञाले,
सञ्चालक अध्यक्ष

ग्लोबल आइएमई बैंक लिमिटडको
कार्यालयहरू स्थानान्तरण हुने सम्बन्धी जरूरी सूचना

ग्लोबल आइएमई बैंक लिमिटेड र साविकको बैंक अफ काठमाण्डु लिमिटेड मर्जर भए पश्चात दुवै शाखा तुलसीपुर उ.म.न.पा क लाईन बाट सञ्चालित शाखा, मिति २०८० कार्तिक ०३ देखि तुलसीपुर उ.म.न.पा ५ ङ लाईन स्थीत नयाँ भवनबाट सञ्चालन हुने भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै साबिकको तुलसीपुर क लाईन र ग लाईन शाखा कार्यालयमा रहेका ग्राहक महानुभावहरुको खाता समेत स्थानान्तरण हुने भएको हुंदा ङ लाईन शाखा कार्यालयमा सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउंदछौं ।

साबिक शाखाको ठेगाना	स्थानान्तरण हुने शाखाको ठेगाना	हालको शाखाको ठेगाना	हालको शाखा कार्यालयबाट दुरी	शाखा स्थान्तरण हुने मिति
तुलसीपुर उ.म.न.पा ५, क लाईन	तुलसीपुर शाखा	तुलसीपुर उ.म.न.पा ५, ङ लाईन	२०० मि.	२०८०/०७/०३

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति २०८०/०७/०१

यस मन्थली नगरपालिका कार्यालयबाट मिति २०८०/०५/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका बोलपत्र दाताहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) सारभूत रुपमा प्रभावग्राही पाइएको हुँदा ठेक्का स्वीकृती आशय-पत्रको सूचना सम्वन्धित सवैको लागी जारी गरिएको छ ।

तपशिलः

सि.नं.	सूचना नं. बोलपत्र नं.	फर्मको नाम र ठेगाना	कवोल गरेको अंक (मु.अ.कर सहित)	कैफियत
१	03/MM/RS/080/81	रामेछाप माझी कन्स्ट्रक्सन मन्थली न.पा.-०१, रामेछाप	१,५०,२९,०००/-	

प्रमुख प्रशासकीय अधिकृत

बुधबार १ कार्तिक ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क.ह.नि.इ.नं. १७/०६९/०७०

लाओसलाई हराउँदै नेपाल दोस्रो चरणमा


सन् २०२६ को फिफा विश्वकपअन्तर्गत एसियन छनोटमा नेपालले लाओसलाई समग्रमा २-१ ले हरायो

नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीले लाओसलाई मंगलबार दोस्रो लेगमा १-० ले हराउँदै फिफा विश्वकप २०२६ अन्तर्गत एसियन छनोटको दोस्रो चरणमा स्थान पक्का गरेको छ। गत साता दशरथ रंगशालमा नेपाल र लाओसले १-१ को बराबरी खेलेका थिए। नेपालले लाओसलाई समग्रमा २-१ ले हराउँदै दोस्रो चरण स्थान सुरक्षित गरेको हो। फिफा वरीयतामा लाओस १८८औँ र नेपाल १७४औँ स्थानमा छ। नेपालले वरीयतामा आफूभन्दा तल रहेको टोलीमाथि जित निकाल्न निकै मिहिनेत गर्नुपरेको थियो।

अब नेपाल दोस्रो चरणको समूह 'एच'मा युनाइटेड अरब इमिरेट्स (युएई), यमन र बहराइनसँग प्रतिस्पर्धा गर्नेछ। यसअघि नै भएको दोस्रो चरणको 'ड्र'मा यसै समूहमा युएई र बहराइन थिए। यमनले श्रीलंकालाई समग्रमा ४-१ ले पराजित गर्दै दोस्रो चरणमा पुगेको हो। दोस्रो चरणमा एक-अर्कासँग होम एन्ड अवेको आधारमा हुनेछ।

होम एन्ड अवे गरी नेपालले ६ खेल खेल्न पाउनेछ। समूहका शीर्ष दुई टोली तेस्रो चरणमा पुग्नेछन्। लाओसको घरेलु मैदानमा नेपाललाई महत्त्वपूर्ण जित दिलाउने क्रममा मनीष डाँगीले एक मात्र निर्णायक गोल गरेका थिए। उनले खेलको ५३औँ मिनेटमा अञ्जन विष्टको सटिक पासमा गोल गरेका हुन्। एसियन छनोटको दोस्रो चरण स्थान पक्का गर्न नेपाल र लाओसलाई जित आवश्यक थियो।



लाओसको घरेलु मैदानमा नेपालले पहिलो हाफमा सुस्त प्रदर्शन गरेको थियो। मध्यान्तरपछि खेलमा सुधार गर्दै नेपालले लाओसमाथि दबाब राख्यो। नेपालका प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले दोस्रो लेगमा तीन खेलाडी परिवर्तन गरेका थिए। लाओसविरुद्ध रक्षक अमृत श्रेष्ठले नेपालका लागि अन्तर्राष्ट्रिय डेब्यु गरेका छन्। उनी अन्तिम इन्जुरी समयमा जिलेस्पीजंग कार्कीको स्थानमा मैदान प्रवेश गरेका थिए।

दुवै टोलीका गोल प्रयास असफल

लाओसले आफ्नो घरेलु मैदानमा फाइदा लिन सकेन। नेपालविरुद्ध आक्रामक खेल प्रस्तुत गर्ने दाबी गरेको लाओसले मध्यान्तरसम्म खासै गतिलो प्रदर्शन गर्न सकेन। नेपाली खेलाडीले पनि पहिलो हाफमा गोल अवसर चुकाएका थिए। खेलको २२औँ मिनेटमा उत्सव राईको क्रसमा डिबक्सभित्र अञ्जनले गरेको हेडिङ पोस्टनजिक हुँदै बाहिरिएको थियो। यसअघि खेलको १८औँ मिनेटमा लाओसका मिकेल भानको सशक्त प्रहार नेपालका गोलरक्षक तथा कप्तान किरणकुमार लिम्बूले बचाएका थिए। खेलको २९औँ मिनेटमा फौथाभोङ साङभिलेको पासमा चोनी वानपासेर्थको प्रहार क्रसबारनजिक हुँदै गएको थियो।

दोस्रो हाफमा सुधारिएको खेल

दोस्रो हाफमा नेपालले सुधारिएको प्रदर्शन गरेको थियो। युवा खेलाडीले भरिएको नेपालले मध्यान्तरपछि लाओसमाथि दबाब राख्ने प्रयास गरेको थियो। खेलको ६५औँ मिनेटमा मनीषको प्रहारलाई लाओसका गोलरक्षक सेसेभाटले बचाए। खेलको ७३औँ मिनेटमा जिलेस्पीको हेडिङ पोस्टनजिक हुँदै बाहिरिँदा नेपालले दोहोरो अग्रता लिने अवसर गुमाएको थियो। खेलको ८२औँ मिनेटमा अञ्जनको हेडिङले गोलपोस्टको दिशा लिन सकेन। उनले प्रहार गरेको हेडिङ बल पोस्टभन्दा माथि गएको थियो। खेलको अन्तिम इन्जुरी समयमा नेपालका गोलरक्षक किरणले उत्कृष्ट बचाउ गर्दै लाओसलाई बराबरी गर्न दिएनन्। किरणले ६ यार्ड बक्सभित्रबाट दायाँ डाइभ गर्दै उत्कृष्ट बचाउ गरेका थिए।

नेदरल्यान्ड्ससँग दक्षिण अफ्रिका स्तब्ध

धर्मशाला/ एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा अर्को स्तब्ध नतिजा निस्किएको छ। प्रतियोगितामा मंगलबार नेदरल्यान्ड्सले उत्कृष्ट फर्ममा रहेको दक्षिण अफ्रिकालाई ३८ रनले पराजित गरेको छ। वर्षाका कारण खेल ४३ ओभरमा गराइएको थियो। पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले आठ विकेट गुमाएर दुई सय ४५ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा दक्षिण अफ्रिकाले ४२.५ ओभरमा सबै विकेट गुमाएर दुई सय सात रन जोडेको थियो। सानदार जितसँगै नेदरल्यान्ड्सले तीन खेलमा दुई अंक जोडेको छ। नेदरल्यान्ड्स तालिकाको नवौं स्थानमा उक्लेको छ।

पूर्वविजेता श्रीलंकाले तीन खेल गुमाएको छ। अंकविहीन श्रीलंका दशौं स्थानमा छ। दक्षिण अफ्रिकाले तीन खेलमा चार अंक बटुलेको छ। चालू विश्वकपमा दक्षिण अफ्रिकाको यो पहिलो हार हो। यसअघि दक्षिण अफ्रिकाले लगातार दुई खेल जितेको थियो।

नेदरल्यान्ड्सको पहिलो ब्याटिङमा मध्यक्रम र पुछारका ब्याट्सम्यानले उत्कृष्ट योगदान दिएका थिए। दक्षिण अफ्रिकाले ३२ अतिरिक्त रन दिएको थियो। कप्तान स्कोट एडवाड्सले ६९ बलमा १० चौका र एक छक्काको सहयोगमा ७८ रन बनाए।

राएलोफ भानले १९ बलमा तीन चौका र एक छक्काको सहयोगमा २९ रन जोडे। आर्यान दत्तले नौ बलमा तीन छक्का प्रहार गर्दै २३ रन जोडे। प्रत्युत्तरमा ओर्लेको दक्षिण अफ्रिकाले सुरुवाती चार विकेट ४४ रनमा गुमाएको थियो। यससँगै नेदरल्यान्ड्सले दक्षिण अफ्रिकामाथि दबाब राखेको थियो। डेभिड मिलरले सर्वाधिक ४३ रनको योगदान दिए।

उनले ५२ बलमा चार चौका र एक छक्का प्रहार गरे। टेम्बा बाभुमा र क्विन्टन डी ककले पहिलो विकेटका लागि ३६ रन जोडे। डी ककले २२ बलमा २० रन बनाए। बाभुमाले १६ रन र हेरिच क्लासेनले २८ रन बनाए।

आज नेपालले युएईको सामना गर्दै

मूलपानी क्रिकेट मैदानमा पहिलो अन्तर्राष्ट्रिय टी-२० खेल



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीले बुधबार मूलपानी क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय त्रिकोणात्मक टी-२० शृंखलामा युएईको सामना गर्दै छ। आइसिसीको वरीयतामा नेपाल १६औँ र युएई १७औँ स्थानमा छ। शृंखलामा सहभागी तेस्रो राष्ट्र हङकङ आइसिसीको वरीयतामा २१औँ स्थानमा छ। नेपाल र युएईबीचको खेल मूलपानी क्रिकेट मैदानमा पहिलो अन्तर्राष्ट्रिय टी-२० हुने छ। यसका लागि आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले सबै तयारी पूरा गरेको सचिव पारस खड्काले बताएका छन्।

यसैबीच, शृंखलाको ट्रफी सार्वजनिक नेपालका कप्तान रोहितकुमार पौडेल र युएईका कप्तान मोहम्मद वसिमले गरेका छन्। हङकङ काठमाडौं नआइसकेका कारण नेपाल र युएईका कप्तानले ट्रफी सार्वजनिक गरेका हुन्। नेपालका कप्तान पौडेलले शृंखलालाई आइसिसी टी-२० विश्वकप छनोटको अभ्यास खेलका रूपमा लिएका छन्। 'हामी विश्वकपको छनोट खेल खेल्दै छौं, त्यसअघि त्रिकोणात्मक शृंखला एक किसिमले तयारीजस्तै हो,' मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'प्रतियोगिताका लागि हामी तयार छौं।'

अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आइसिसी टी-२० विश्वकप आयोजना गर्दै छन्।

यसैबीच, युएईका कप्तान वसिमले नेपाल बलियो टोली भएको बताए। 'पछिल्लो समयमा नेपालले राम्रो क्रिकेट खेलिरहेको छ,' उनले भने, 'हामीले पनि शृंखलाका लागि राम्रो तयारी गरेका छौं।'

परिवारलाई समय दिँदै सन्दीप

क्यानले १८ सदस्यीय टोली घोषणा गर्दा लेग स्पिनर सन्दीप लामिछानेलाई समावेश गरेको छैन। गत साता सन्दीपले शृंखलामा आफू सहभागी नहुने घोषणा गरेका थिए। लामो समयपछि घरेलु मैदानमा नेपालले सन्दीपविना शृंखला खेल्दै छ। क्यानका सचिव पारसले प्रतियोगिताअगाडि सन्दीपसँग छलफल भएको बताए। परिवारसँग समय दिनुपरेका कारण उनी सहभागी नभएको पारसको भनाइ छ।

खेल संक्षेप

एनसेलद्वारा पारा खेलाडीको बिदाइ

काठमाडौं/ चीनको हाङझाउमा हुने चौथो पारा एसियन खेलकुद (एसियाड) प्रतियोगितामा सहभागी हुने पारा खेलाडीहरूलाई एनसेलले बिदाइ गरेको छ। पारा एसियन गेम्सका १० खेलमा नेपालले भाग लिनेछ। राष्ट्रिय पारा टिमका खेलाडी तथा प्रशिक्षकलाई बिदाई गर्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले बिदाई गरेका हुन्। एनसेलले देश तथा विदेशमा नेपाललाई प्रतिनिधित्व गर्ने राष्ट्रिय पारा खेलाडीहरूको सहयोगार्थ सम्पूर्ण पारा खेलाडीहरूको सीप विकास र प्रशिक्षणका लागि राष्ट्रिय पारालिम्पिक कमिटी (एनपिसी) नेपालसँग सहकार्य गरेको छ। हाङझाउमा हुने पारा एसियाडमा नेपालले एथलेटिक्स, ब्याडमिन्टन, साइक्लिङ, पौडी, तेक्वान्दो, जुडो, पावर लिफ्टिङ, सुटिङ र टेबलटेनिस खेलमा भाग लिनेछ।

मेन्टेन एफसीलाई फुटसल उपाधि

कास्की/ काठमाडौंको मेन्टेन एफसीले मंगलबार दोस्रो राष्ट्रिय खुला फुटसल प्रतियोगिताको उपाधि हात पारेको छ। प्रतियोगिताको फाइनलमा काठमाडौंकै ढुकु फुटसल हबलाई ३-० ले पराजित गर्दै मेन्टेनले उपाधि जितेको हो। मेन्टेनका रफी महर्जन, विशाल सारुमगर र युकेश श्रेष्ठले समान एक गोल गरे। विजेताले पाँच लाख र उपविजेताले तीन लाख पाएका छन्। प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी ढुकुका अमित लामाले ५० हजार रुपैयाँ जिते। उत्कृष्ट गोलरक्षक मेन्टेनका आशिष डंगोल, सर्वाधिक गोलकर्ता एडी युइनाटेडका रोशन मगर र उदीयमान खेलाडी दीप युनाइटेडका निकेश गुरुङ घोषित भए। उनीहरूले जनही २५ हजार रुपैयाँ पाएका छन्। विजेता तथा उपविजेता खेलाडीहरूलाई गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पुरस्कृत गरेका छन्।

टेबलटेनिसको तयारी पूरा

काठमाडौं/ तेस्रो अल नेपाल अन्तरवडा टेबलटेनिस प्रतियोगिताको तयारी पूरा भएको छ। बुधबारदेखि सातदोबाटोको अन्तर्राष्ट्रिय खेलकुद परिसरस्थित कराँते हलमा सुरु हुने प्रतियोगितामा चार सय खेलाडीको सहभागिता रहने आयोजक स्पिनका सचिव ज्याकी महर्जनले जनाएका छन्। प्रतियोगितामा विभिन्न १० स्पर्धामा प्रतिस्पर्धा हुनेछ। आयोजक स्पिनका अध्यक्ष सुमन शाक्यले पुरुष र महिला एकल विजेताले ३० हजार रुपैयाँ पाउने बताए। यस इभेन्टका उपविजेताले १५ हजार र तेस्रो स्थानमा रहने खेलाडीले सात हजार पाँच सय रुपैयाँ हात पार्नेछन्। अखिल नेपाल टेबलटेनिस संघको तत्वावधानमा हुने प्रतियोगिता सञ्चालनमा १५ लाख रुपैयाँ खर्च हुनेछ।

विशाल र दीपेशको सहयोग

काठमाडौं/ बंगलादेशको ढाकामा हुने प्रथम बंगबन्धु अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा नेपाल टाइगर तेक्वान्दो टोलीले डेमोन्स्ट्रेसन प्रस्तुति गर्ने भएको छ। थुप्रै घरेलु प्रतियोगितामा आफ्नो साहसिक र आकर्षक प्रस्तुति गरेको नेपाल टाइगर टोलीले उक्त अन्तर्राष्ट्रिय प्रतियोगिताको उद्घाटन र समापन कार्यक्रममा प्रस्तुति दिने काठमाडौं जिल्ला तेक्वान्दो संघका सचिव गौरव रजकले जनाएका छन्। २० देखि २१ अक्टोबरसम्म हुने प्रतियोगिताका लागि टोली मंगलबारै बंगलादेश प्रस्थान गरेको छ। अस्ट्रेलिया बस्ने काभ्रेस्थली तेक्वान्दो डोजाङका खेलाडी विशाल खड्गी र दीपेश डंगोलले प्रायोजन गरेको टिसर्ट नेपाली टोलीलाई हस्तान्तरण गरिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com